# परिच्छेद एक : परिचय

## १.१. अध्ययनको पृष्ठभूमि

उदारवाद अंग्रेजी शब्द **Liberty** बाट विकसित **Liberalism** को नेपाली रुपान्तरण हो । जसको अर्थ सबैले सुविधा र स्वतन्त्रताको अधिकार पाउनु वा मिल्नुपर्छ भन्ने आधुनिक राजनैतिक तथा आर्थिक सिद्धान्त हो ।  उदारवादको जन्म १७ औ शताब्दिमा भएको भनिए तापनी प्राचिन ग्रिक नगर राज्यबाट विकास भएको पाइन्छ । यसले सामाजिक नियन्त्रणको ठाउँमा व्यक्तिगत विचारलाई मान्यता दिई व्यक्तिगत स्वतन्त्रतालाई प्रोत्साहित गर्ने गर्छ ( काफ्ले,२०५६) ।

शिक्षाको जन्म मानव इतिहाँससँगै भएको मानिन्छ र समय सापेक्ष रुपमा यसले सभ्यता प्रदान गर्दै आएको छ । शिक्षा मानव सभ्यताको मुटु मानिन्छ । सभ्यताको विकास क्रममा शिक्षाले अग्रणीस्थान ओगटेको हुन्छ । यो मानवको जन्मदेखि मृत्यु पर्यन्त चलिरहने प्रकृया हो । व्यक्ति, समाज र राष्ट्रको उन्नतीको प्रमुख पूर्वाधार शिक्षा नै हो । शिक्षाले व्यक्तिमा रहेका अन्तरनिहित ज्ञान, सीप, शक्ति र भावनालाई प्रष्फुटित गराउने भएकाले कुनै पनि व्यक्ति शिक्षित नभई उसको विकास अपेक्षाकृत रुपमा हुन सक्दैन । शिक्षा भनेको मानवमा निहित शक्तिको विकास हो अर्थात उसको चेतना स्तरको विकास हो । कुनै पनि व्यक्तिको व्यवहार, ज्ञान, सीपमा परिमार्जन ल्याउने प्रमुख तत्व नै शिक्षा हो । सिकाइबाट हुने व्यवहारीक परिवर्तनका कारण व्यक्तिमा परिपक्वता वृद्धि हुदै जान्छ, त्यहि परिपक्वतालाई शिक्षा भनिन्छ । शिक्षाको कारणले नै मानिसले आफूलाई असल सामाजिक प्राणीका रुपमा स्थापित गर्छ । शिक्षाद्वारा नै संसारको आर्थिक, सामाजिक, वैज्ञानिक, सांस्कृतिक तथा आध्यात्मीक उन्नती सम्भव छ । मावन जीवनका लागि अपरिहार्य शिक्षा आर्जन गर्ने स्थान तथा प्रकृयामा सामाजिक, आर्थिक, राजनैतिक क्षेत्रमा भएको परिवर्तनले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । जनतालाई सक्षम, योग्य र विवेकशिल बनाई राष्ट्र निर्माणमा समर्पण गर्नका लागि समयसापेक्ष शिक्षाको आवश्यकता पर्छ । वदलिंदो परिस्थिती अनुरुप सही शिक्षाको छनौट, त्यसको उपलब्धता, आवश्यकता र उपयुक्त शैक्षिक विधि तथा शैक्षिक सामग्रीको व्यवस्थामा सरलता र उपयोगिताले मात्र देशको उन्नतीमा दरिलो टेवा दिन सक्छ ।

नेपालको शिक्षा विकासमा पनि आर्थिक, सामाजिक, भौगोलीक, जातिय, भेदभाव, रुढीवादी परम्पराका साथै पिछडिएको मानसिकताले समेत जरो गाडेको कारणले शैक्षिक उन्नतीको तिव्रतामा रोकावट गर्दागर्दै पनि प्राचिन नेपालमा शिक्षा फैलाउने काम आर्यको गुरुकुल र वौद्धमतका गुम्वा विहारबाट भएको पाइन्छ । मध्यकालमा पनि यिनै संस्था सक्रिय रहे भने राणा शासन कालमा जङ्ग वहादुरको वेलायत भ्रमण पश्चात आफ्ना छोरा छोरीलाई पढाउन वि.सं. १९१० असोज २७ गतेका दिन दरवार स्कुलको स्थापना गरे । यस बेला बढी प्राथामिकता अंग्रेजी शिक्षकलाई दिइन्थ्यो भने संस्कृत पाठशालाहरू पनि संचालन भएको पाइन्छ । तर यति बेलासम्म पढने छात्रको परीक्षा लिने र प्रमाणपत्र दिने कुनै व्यवस्था नभएकाले त्यहाँ पढाउने पण्डितको सिफारिस पत्र लिएर वि.सं. १९४८ तिर ईष्ट ईन्डिया कम्पनि सरकारले संस्कृत शिक्षा विकासको लागि स्थापना गरेको गभर्मेन्ट संयुक्त कलेजमा गई परीक्षा दिने गर्दथे (पौडेल २०५३) ।

यस पश्चात राणाशासन कालमा भाषा पाठशाला खोली त्यसको व्यवस्थापन समेत भए, यस अवस्थामा नेपालको साक्षरता २ प्रतिशत थियो भने महिलाको प्रतिशत गणना हुने अवस्थामा थिएन । त्यसपछि वि.सं. २००७ सालमा राणाशासनको अन्त्य पश्चात वि.सं. २०११ सालमा राष्ट्रिय शिक्षा योजना आयोगको गठन भयो । त्यसले नेपालको शिक्षा पद्धतिलाई नयाँ मोड दियो । यसले प्राथामिक शिक्षाको क्षेत्रमा महत्वपूर्ण विषयलाई सुझावको रुपमा प्रस्तुत गऱ्यो । यी सुझाव कार्यान्वयन हुन लाग्दा नलाग्दै देशमा राजनैतिक परिवर्तन भए, तर पनि हाम्रा लागि यी सुझाव आज पनि चुनौतिका रुपमा छन् । बदलिएको परिस्थिती अनुरुप जनतालाई शिक्षा दिई पंचायती व्यवस्था अनुकुलको जनशक्ति उत्पादन गर्नुपर्ने आवश्यकतालाई ध्यान दिई २०१८ सालमा सर्वाङ्गीणी राष्ट्रिय शिक्षा समिति गठन भयो । यसले देशभरी एकैप्रकारको शिक्षा पद्धति लागु गर्ने, निःशुल्क र अनिवार्य प्राथमिक शिक्षा नीति लागु गर्ने शिक्षा व्यवहार विधि तथा शिक्षा ऐनको मस्यौदा समेत प्रस्तावित गऱ्यो । यसले विद्यार्थी मूल्याङ्कन निरन्तर नियमित हुनुपर्ने कुरामा जोड दियो । जसको फलस्वरुप वि.सं. २०२२ मा शिक्षा विभाग अन्तर्गत परीक्षा सुधार युनीट गठन भयो (सेरीड, १९९८) ।

शिक्षा प्रणालीमा रहेका समस्या र कमीहरूलाई हटाउन राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागु भयो । यस योजनाले नै मूल्याङ्कनको क्षेत्रमा पनि नयाँ फड्को मारी सिकाइने प्रत्येक पाठको अन्तमा एकाइ परीक्षा गर्ने, प्रत्येक ३/३ महिनामा प्रत्येक

विद्यार्थीको प्रगती विवरण राख्नुपर्ने, प्रश्नपत्रहरू वैज्ञानिक तथा स्तरयुक्त बनाउनु पर्ने र प्राथमिक शिक्षाको अन्तमा जिल्ला शिक्षा अधिकारीको कार्यालयको टोलीले गरेको परीक्षाको आधारमा विद्यार्थीलाई अर्को तहमा प्रवेश दिने जस्ता परीक्षा सम्बन्धी सुधारको व्यवस्था गरियो । तत्पश्चात २०४६ सालको जनआन्दोलनको परिणाम स्वरुप नेपालमा बहुदलिय व्यवस्था स्थापना भयो । पुनः स्थापित बहुदलिय राजनैतिक प्रणाली अनुरुप शिक्षामा समसामयिक सुधारको आवश्यक्तालाई औंल्याउँदै २०४९ आषाढ १४ गते राष्ट्रिय शिक्षा योजना २०४९ ले आफ्नो प्रतिवेदन तत्कालिन श्री ५ को सरकार समक्ष पेश गऱ्यो । उक्त प्रतिवेदनले शिक्षाका राष्ट्रिय उद्देश्य संरचना र नीति लगायत प्रजातान्त्रिक मूल्य मान्यता अनुकुल शिक्षा दिने नेपाल अधिराज्यको संविधान २०४७ द्वारा सुरक्षित मौलिक हक र मानव अधिकारका साथै निर्देशक सिद्धान्त र नीतिहरूको अभिप्राय अनुसार शिक्षा दिने प्रकृयामा यो तह अत्यन्त महत्वपूर्ण छ । प्राथमिक तहका विद्यार्थीहरूको शैक्षिक उपलब्धि अत्यन्त न्यून रहेको कुरा विभिन्न तथ्याङ्कले वा अध्ययनले देखाएको छ । त्यसै गरी आ.प्रा.शि.प. सन् १९९८ मा प्रकाशित पुरानो पाठयक्रम र नयाँ पाठयक्रम विच विद्यार्थीको उपलब्धि फरक सम्बन्धि अध्ययनले पनि विद्यार्थीको उपलब्धि २० प्रतिशत भन्दा माथी जान नसकेको, पुरानो पाठयक्रममा भन्दा नयाँ पाठयक्रममा विद्यार्थीको उपलब्धि स्तर उठन नसकेको तथ्य उजागर गरेको छ । शिक्षा क्षेत्रमा लगानीको तुलनामा अपेक्षाकृत रूपमा प्रगती हुन नसक्नु भित्र के छ ? खोजीको विषय बन्न पुग्यो (आ.प्रा.शि.प.पाठ्यक्रम, १९९८) ।

शिक्षाको क्षेत्रमा आएका नविन आयामहरू तथा राष्ट्रिय अन्तर्राष्ट्रिय सभा सम्मेलनले पारित गरेका प्रस्तावहरूले सफल कार्यन्वयन गर्ने योजना अनुरूप नेपालको तत्कालिन शिक्षानीति कार्यक्रम तथा संगठनको अध्ययन एवं विश्लेषणद्वारा राष्ट्रिय आवश्यकता अनुरूप स्वाबलम्बि र दक्ष जनशक्ति निर्माण गर्न विद्यमान शिक्षा नीति कार्यक्रम र संगठनात्मक स्वरूपको अझ बढी सुदृढीकरण गर्दै अधिराज्यभर सञ्चालित शिक्षा प्रणालीको पुनरावलोकन र अध्ययनका आधारमा एक्काइसौ शताब्दिमा प्रतिस्पर्धा गर्ने जनशक्ति तयार गर्न समय सापेक्ष नीति तयार पारि प्रतिवेदन पेश गर्नका लागि २०५५ सालमा उच्चस्तरिय राष्ट्रिय शिक्षा आयोगको गठन भयो । यस आयोगले पूर्व प्राथमिक शिक्षा र अनिवार्य तथा निः शुल्क शिक्षा लागू गर्ने, निः शुल्क प्राथमिक शिक्षालाई सर्वसुलभ र सर्वव्यापी तुल्याउन विद्यार्थीमा गुणस्तर वृद्धिको व्यवस्था गर्ने, सिप र संज्ञानात्मक विकासका निम्ति अभ्यासमा जोड दिई यस तहको शिक्षालाई बालकेन्द्रित र गतिविधि उन्मुख तुल्याइने, तीन कक्षासम्म

उदार कक्षोन्नतीको व्यवस्था गरि निरन्तर मुल्याङ्कन पद्धतिलाई सुदृढीकरण गरिने मुल्याङ्कन सम्बन्धि समस्या (प्राथमिक तहका प्रारम्भिक कक्षाहरूमा गृहकार्य, मौखिक कार्य, अतिरिक्त क्रियाकलापमा संलग्नता र कक्षा परीक्षालाई आधार मानी नियमित रुपमा मूल्याङ्कन नगरी बर्षको एक पटक लिइने औपचारिक परीक्षाको नतिजालाई आधार मानि पास फेल गर्ने) लाई समाधान गर्न निरन्तर मुल्याङ्कनका माध्यमले उदार कक्षोन्नती गर्ने नीतिको सिफारिस भयो (शिक्षा मन्त्रालय, २०५६) ।

यसै सिफारिसको कार्यान्वयन स्वरुप तत्कालीन श्री ५ को सरकार शिक्षा मन्त्रालयले प्राथमिक शिक्षाको गुणात्मक विकास तथा प्राथमिक शिक्षा सबैलाई सर्वसुलभ बनाउन विभिन्न प्रयास गरेको छ । जति प्रयास गरेपनि गुणात्मक शिक्षाको अपेक्षित उपलब्धि हाँसिल गर्न भने सोचेभन्दा बढी मुस्किल परेको छ । नेपालको प्रमुख शैक्षिक समस्या तल्लो तहमा लगानी अनुरुप प्रतिफल प्राप्त नहुनु हो । एक त विद्यालय उमेरका सबै बालबालिकाहरूलाई विद्यालयमा भित्र्याउन सकिएको छैन, विद्यालय भित्रिएका मध्ये पनि बीचैमा कक्षा छाड्ने, कक्षा दोहोर्‍याउने र अनुतीर्ण हुनेको संख्या अत्याधिक हुनु, शैक्षिक क्षति तुलनात्मक रुपमा तल्ला कक्षामा बढी भई शैक्षिक लगानी खेर जानुको कारण वर्तमान आवधिक लिखित परीक्षामा आधारित मुल्याङ्कन प्रणाली पनि जिम्मेवार छ भन्ने कुरा महसुस गरी नेपाल सरकार शिक्षा मन्त्रालयले नवौ योजना देखी प्राथमिक तहको कक्षा १ देखी ३ सम्मका लागि निरन्तर विद्यार्थी मुल्याङ्कन प्रणाली शुरूवात गरी विस्तार गर्दै जाने नीति लिएको थियो । यसै मुल्याङ्कन प्रणालीका माध्यमले देशका ५ जिल्लाहरू (इलाम, चितवन, स्याङजा, सुर्खेत र कञ्चनपुर) मा परीक्षणका रुपमा लागू गरी त्यसपछि सबै जिल्लामा उदार कक्षोन्नतीको नीति लागु गरेको छ । (निरन्तर विद्यार्थी मुल्याङ्कन कार्यक्रम पुस्तिका, २०५६) ।

यस कार्यक्रमको सफलताको लागि प्रयोग भएका शैक्षणीक संगठन मध्ये कक्षा शिक्षण सङ्गठनको प्रयोग भएको छ । निरन्तर मुल्याकन प्रणाली (CAS) को प्रभावकारी प्रयोगका लागि कार्यसञ्चयिका फारम अर्थात पोर्टफोलियो भर्नु पर्दछ । सो फारम भर्न धेरै समय लाग्ने र विद्यार्थीका सम्पूर्ण गतिविधिको तथ्याङ्क राख्नु पर्ने भएकाले विषय शिक्षणको माध्यमले असम्भव हुन्छ भनेर कक्षा शिक्षण सङ्गठनको प्रयोग गरिएको छ । यस कार्यक्रमले मूल्याङ्कनलाई विद्यार्थी केन्द्रित प्रभावकारी शिक्षण सिकाइका लागि उपयोग गर्ने, जेहन्दार विद्यार्थीका लागि प्रोत्साहन र कमजोर विद्यार्थीका लागि विशेष मद्दत गर्ने, विद्यार्थीलाई नियमित विद्यालय आउने वातावरण बनाउने, अन्तिम परीक्षाका कारण विचैमा विद्यालय

छाड्ने विद्यार्थी संख्या न्यून गराई अधिकतम बालबालिकालाई प्राथमिक शिक्षा पुरा गराउने, विद्यार्थीमा परीक्षाको सन्त्रास कम गराउने, कक्षा दोहोऱ्याउने संख्या कम गराउने, लक्ष्य राखी उदार कक्षोन्नतीको नीति लागु गर्ने उद्देश्य लिएको थियो । यस्ता उद्देश्यका साथ संचालन भएको कार्यक्रमले वास्तविक रुपमा विद्यार्थीमा अपेक्षित परिवर्तन ल्याउन सक्यो वा सकेन ? यी उद्देश्य पुरा गराउन कस्ता समस्याहरू रहे ? समाधानका उपायहरू के हुन सक्छन् ? यसको अझै प्रभावकारी कार्यान्वयनका लागि के कस्ता कदम उठनु पर्ला ? जस्ता प्रश्नको उत्तरको खोजी गर्न आवश्यक भएकाले यस विषयमा अध्ययनलाई केन्द्रित गरिएको छ ।

## १.२. समस्याको कथन

मानव सभ्यताको विकास, विस्तार एवं सर्म्वद्धनका लागि मानवले सिर्जना गर्दै आएको र पून निर्माण गर्दै आएको मुख्य बस्तु नै शिक्षा हो । शिक्षाले नै मानव सभ्यताको संरक्षण एंव संचित मानव ज्ञानलाई नयाँ पुस्तामा हस्तान्तरण गर्दै आएको छ । प्रारम्भमा समाजमा सामान्य जीवन बिताउन आवश्यक शिक्षा घरपरिवारबाट प्राप्त हुन्थ्यो । समाज विकासको चरणसँगै आएको सामाजिक, आर्थिक, राजनैतिक परिवर्तनसँगै शिक्षाको स्वरुप र प्रकृती पनि रुपान्तरित हुदै आएको पाइन्छ । औपचारीक शिक्षाको पहिलो तह प्राथमिक शिक्षा हो । सो प्राथमिक तहको उद्देश्य बालबालिकालाई जीवन निर्वाहका लागि आवश्यक पर्ने आधारभूत ज्ञान उपलब्ध गराउनु नै हो । आजको विश्वमा मानवका जीवन निर्वाहका लागि प्राथमिक शिक्षा अपरिहार्य छ । यीनै विषयलाई मध्यनजर गर्दै नेपालमा योजनावद्ध शैक्षिक योजनासँगै प्राथमिक शिक्षालाई महत्वका साथ आगाडी बढाउदै आएको फलस्वरुप प्राथमिक शिक्षालाई बालकको आधारभूत आवश्यकताको विषयको रुपमा ग्रहण गर्ने काम भयो । वि.सं. ०४६ फाल्गुण २३ देखि २६ सम्म थाइल्याण्डको जोम्तिनमा “सबैका लागि शिक्षा २०४६” विषयक एक विश्व सम्मेलन सम्पन्न भयो । जसमा नेपालको पनि सहभागिता भएको थियो । यस सम्मेलनमा विश्वसमुदायले शिक्षाप्रति देखाएको वचनवद्धताप्रति नेपालले पनि समर्थन जनाएको थियो । यस सम्मेलनले विकासको बाधक नै निरक्षरता हो र यो नै विश्वको वर्तमान चुनौती हो भन्ने कुरा निर्क्यौल गरी शिक्षामा सबै वालबालिकाको पहुँच र समानता कायम गराउनु पर्ने कुराको सिफारिस गऱ्यो । शिक्षालाई कसरी सबैका लागि समान रुपमा प्रदान गर्न सकिन्छ ? भन्ने विचार गरी विभिन्न शैक्षिक पद्धतिमा सुधार गराउँदै ल्याएको र सुधार हुदै आएको अवस्था हाल छ । यसै क्रममा प्राथमिक शिक्षाको गुणात्मक पक्ष

सन्तोषजनक नभएको, विद्यालय उमेरका सबै केटाकेटीलाई विद्यालय भित्र्याउन नसकिएको, भित्रिएका मध्ये पनी अनुतिर्ण हुने, कक्षा दोहोऱ्याउने र विचमा विद्यालय छाडने जस्ता शिक्षा क्षेत्रमा गम्भिर समस्या आउनुमा विभिन्न कारण मध्ये एउटा आवधिक लिखित परीक्षा प्रणाली हो भनेर सो समस्या समाधानका लागि नेपाल सरकार शिक्षा मन्त्रालयले २०५७ साल देखि कक्षा १-३ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीका माध्यमले उदार कक्षोन्नतीको नीति लागु गरेको छ ।

माथिका प्रश्नहरूका उत्तरको रुपमा उदार कक्षोन्नती किन लागू गर्नु पऱ्यो ? यसका कारणले उपलब्धी स्तर बढ्यो बढेन ? उदार कक्षोन्नतीका कारणले शिक्षण सिकाइमा सकारात्मक प्रभाव पऱ्यो परेन ? उदार कक्षोन्नतीले छाड्ने, दोहोऱ्याउने र परीक्षाको सन्त्रास कम गराउने जस्ता कार्य गऱ्यो वा गरेन ? भन्ने प्रश्नको जवाफको लागि यो शीर्षक 'उदार कक्षोन्नतीले शिक्षण सिकाइमा पारेको प्रभाव" अध्ययनको विषय रोजिएको हो ।

## १.३. अध्ययनको औचित्य

समाजको आवश्यकताबाट नै विद्यालयको जन्म भएको हो । तसर्थ विद्यालयको प्रमुख उद्देश्य आफ्नो वरीपरीको समुदायमा बसोवास गर्ने जनसमुदायको शैक्षिक माग पुरा गर्नु हुन्छ । सामाजिक लक्ष्य र उद्देश्य अनुसारको शिक्षा उपलब्ध गराई समाजलाई पराधिनताको स्थितीबाट सुरक्षित बनाउने काममा विद्यालयले महत्वपूर्ण योगदान दिएको हुन्छ । विद्यालयको काम शिक्षा दिनु मात्र नभई शिक्षाको माध्यमबाट उन्नतीशिल समाजको निर्माण गर्नु हो । शिक्षाको कारणले नै समाजको उन्नती हुने भएकाले सबै देशहरुले शिक्षालाई मानव स्रोत विकासको प्रमुख माध्यमको रुपमा ग्रहण गरेर आवश्यक जनशक्तिको योजना बनाई सोहि अनुसार जनशक्ति निर्माण गर्न लगानी गर्ने गरेको पाइन्छ । यिनै कुराहरूलाई ध्यान दिएर संसारका धेरै मुलुकमा औपचारिक शिक्षाको पहिलो तह प्राथमिक शिक्षा न्यूनतम आधारभूत आवश्यकताको रुपमा लिएको पाइन्छ ।

आजको एक्काईसौ सताब्दिको परिवर्तनशिल र प्रतिस्पर्धी युगमा शिक्षामा मात्रात्मक भन्दा गुणात्मक विकास आवश्यक छ । देशको जग भविष्यका कर्णाधार भन्ने नै वालबालिका हुन, जग बलियो भएन भने घर वलियो हुदैन अथवा कक्षा १ मा बालबालिकाको पढाइ मजवुत भएन भने माथिल्लो कक्षाको पढाइको औचित्य समाप्त भएर जान्छ । हामीले एउटा पुस्तालाई असल शिक्षा दिन सकिएन भने त्यस एक पुस्ताले सयौं पुस्तालाई पछाडि पारेर

व्यक्ति, समाज र राष्ट्रको लगानी बालुवामा पानी हाले सरह बनाउँछ । प्राथमिक शिक्षाको लगानी कुल बजेटको ५५ प्रतिशत विनियोजन गर्दा पनि शिक्षा क्षेत्रका समस्याहरू ( अत्याधिक असफल हुने, विचमा कक्षा छाडने, दोहोऱ्याउने) समाधान हुन सकेका छैनन । यीनै समस्या समाधान गर्ने उद्देश्यले नेपाल सरकारले परीक्षणको रुपमा २०५७ सालमा देशका ५ जिल्लामा र हाल अधिराज्यभरीका विद्यालयका कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कनका माध्यमले उदार कक्षोन्नती गर्ने नीति अनुरुप कार्यान्वयन भै रहेको छ । यस उदार कक्षोन्नतीको नीतिबाट आजका बालकालिकाले प्राप्त गरिरहेको गुणस्तर कस्तो छ ? यस नीतिबाट उत्पादित जनशक्ति गुणस्तरिय छन, छैनन ? हाम्रो वर्तमानको उत्पादनले विगतको उत्पादनलाई उछिन्न सकेको छ, छैन ? बार्षिक परीक्षा प्रणालीका माध्यमले कक्षोन्नती गर्दा भन्दा उदार कक्षोन्नती गर्दा विद्यार्थीमा आउने सिकाइ उपलब्धिमा फरक भयो वा भएन ? कुन प्रणाली बढी प्रभावकारी रहयो ? जस्ता प्रश्नहरू आम जनमानसमा सिर्जना भएको र सो सम्बन्धमा वास्तविक अवस्था पत्ता लगाउन यो विषय रोज्ने कार्य गरिएको हो । यो कार्यक्रम भरखर मात्र प्रयोगमा आई सकेको र कक्षा-४ देखि रोकिएको पनि भएकोले वास्तवमा यथार्थ स्थिति आम अभिभावक, शिक्षक, विद्यार्थी र शिक्षासँग सम्बन्धित व्यक्तिहरू समक्ष प्रस्तुत गर्ने, यसलाई अझ व्यवहारीक बनाएर लागु गर्न मद्दत पुग्ने, शिक्षामा अझ गुणस्तर कायम हुने र भावी पुस्तालाई समेत लाभ होस भन्ने अभिप्रायले यस अध्ययनलाई केन्द्रित गरिएको छ ।

## १.४. अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) उदार कक्षोन्नतीको कार्यान्वयनको अवस्था पत्ता लगाउनु ।

ख) उदार कक्षोन्नतीले शिक्षण सिकाइमा पारेको प्रभावको लेखाजोखा गर्नु ।

ग) उदार कक्षोन्नतीका समस्याहरु पत्ता लगाउनु ।

घ) उदार कक्षोन्नती प्रणालीलाई प्रभावकारी बनाउने उपायहरु सुझाउनु ।

## १.५. अनुसन्धानात्मक प्रश्नहरू

माथिका उद्देश्य पुरा गर्नका लागि निम्न बमोजिमका अनुसन्धानात्मक प्रश्नहरू निर्माण गरिएको छ :

१. उदार कक्षोन्नतीको नीति लागु गर्नुपर्नाका कारणहरू के के हुन ?

२. उदार कक्षोन्नती प्रणालीबाट कक्षोन्नती गर्दा आईपरेका समस्याहरू के के हुन ?

३. उदार कक्षोन्नती प्रणालीबाट शिक्षण सिकाइ प्रकृयामा के कस्तो सकारात्मक प्रभाव परेको छ ?

४. उदार कक्षोन्नती प्रणालीका के के बेफाइदा छन् ?

५. उदार कक्षोन्नती प्रणालीका के के फाइदा छन् ?

६. बार्षिक परीक्षा प्रणालीभन्दा उदार कक्षोन्नती नीति के कुराले भिन्न छ ?

७. उदार कक्षोन्नतीको क्रममा आएका समस्या समाधानको उपाय के के हुन सक्छन् ?

८.उदार कक्षोन्नतीको लागि विद्यालयको वातावरण, जनशक्तिको अवस्था र अभिभावकको चेतना स्तर कस्तो छ ?

## १.६. अध्ययनको परिसिमा

यस अध्ययनको क्षेत्र व्यापक भएतापनि समय, स्रोतसाधन र आर्थिक कठिनाईलाई मध्यनजर राखी अध्ययनलाई निम्नानुसार सिमित गरिएको छ :

१. यस अध्ययनको क्षेत्र ओखलढुङ्गा जिल्लाको खानिभंज्याङ्ग स्रोतकेन्द्र अन्तरगत पोखरे गा.वि.स.का ३ ओटा विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी र अभिभावकहरूमा सिमित गरिएको छ ।

२. यस अध्ययनलाई उदार कक्षोन्नतीले शिक्षण सिकाइमा पारेको प्रभाव र त्यसले उत्पन्न गरेको समस्याको लेखाजोखा गर्ने कार्यमा मात्र सिमित गरिएको छ ।

३. अध्ययनको निष्कर्षलाई सिमित मात्रामा सामान्यीकरण गर्न सकिने छ ।

४. अध्ययनलाई कार्यान्वयन गर्ने सिलसिलामा देखा परेका समस्यामा मात्र यस अध्ययनलाई सिमित गरिएको छ ।

## १.७.प्राविधिक शव्दावली

| | |
|---|---|
| प्रधानाध्यापक | : विद्यालयको प्रमुख भई काम गर्ने शिक्षक |
| उदार कक्षोन्नती | : बिना परीक्षा निरन्तर मूल्याङ्कनबाट कक्षा चढाउने प्रक्रिया |
| सामुदायिक विद्यालय | : सरकारबाट नियमित अनुदान पाउने विद्यालय |
| समुदाय | : विद्यालय रहेको वरपरको स्थानमा बसोबास गर्ने व्यक्तिको समूह |
| विद्यालय व्यवस्थापन समिति | : विद्यालयलाई व्यवस्थित रुपमा सञ्चालन गर्ने समिति |
| शिक्षक | : सामुदायिक विद्यालयमा काम गर्न खटाईएको व्यक्ति |
| प्राथमिक विद्यालय | : कक्षा १–५ सम्म सञ्चालित विद्यालय |
| कार्यसञ्चयिका | : निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रगती सूचक राख्ने फायल |
| स्रोतकेन्द्र | : शिक्षा नियमावलि बमोजिमको समूह विद्यालय आवद्ध संस्था |
| विद्यालय निरीक्षक | : जिल्ला शिक्षा कार्यालयबाट खटाईएको विद्यालय निरीक्षण गर्ने व्यक्ति |
| अभिभावक | : विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी अभिलेखमा जनाईएको व्यक्ति |
| स्रोतव्यक्ति | : निजी तथा सामुदायिक विद्यालयहरुलाई सहयोग गर्न जि.शि.का.को प्रतिनिधिको रुपमा काम गर्ने प्र.अ.हरुबाट छानिएको व्यक्ति |
| निजी विद्यालय | : नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमतिप्राप्त विद्यालय |

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा अध्ययनको सैद्धान्तिक खाका

## २.१. सम्बन्धित साहित्यको पुनरावलोकन

सेरिड (१९९८) रिसर्च सेन्टर फर एजुकेसनल इन्नोभेसन एण्ड डेभलपमेन्टका अनुसार सरकारी विद्यालयमा प्रभावकारी मूल्याङ्कनको व्यवस्था हुन नसकेको, उदार कक्षोन्नती बारेमा जि.शि.का.हरू समेत प्रष्ट हुन नसकेको, विद्यार्थीको उपलब्धिको बारेमा अभिभावकलाई नियमित जानकारी गराउने बारेमा शिक्षकहरूमा प्रष्ट धारणा नभएको, कक्षा ५ को परीक्षा औपचारिकता मात्र भएको उल्लेख गरी विद्यार्थी मूल्याङ्कन योजनालाई एकरुपता कायम गर्न विद्यार्थीको स्तर कायम गराउन जि.शि.का. लाई दक्ष जनशक्ति तथा भौतिक साधनयुक्त बनाउनु पर्ने, शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन उपयुक्त शैक्षिक सामग्री र प्रभावकारी कक्षाकोठाको व्यवस्थापनमा ध्यान दिई निर्माणात्मक मूल्याङ्कन पद्धती अपनाई सबै शीर्षकमा अंकभारको व्यवस्था मिलाउनु पर्ने, कमजोर विद्यार्थीलाई विशेष शिक्षण गर्ने र उत्कृष्ट विद्यार्थीलाई उत्साही बनाउने, प्रश्न निर्माण, मूल्याङ्कन, विद्यार्थी अभिलेख निर्माण, परीक्षाको नतिजाबाट शिक्षणमा सुधार गर्ने, अभिभावकलाई समयमा विद्यार्थीको गतिविधी बारेमा जानकारी गराई उनिहरूबाट पृष्ठपोषण लिने विषयमा शिक्षकलाई तालिम दिनु पर्ने कुराको सुझाव दिएको पाईन्छ (सेरीड १९९८) ।

सुवेदी (२०६१) युवराज सुवेदी एम.एड. शोधपत्रका अनुसार विद्यार्थीको शैक्षिक उपलब्धि उच्च बनाउनका लागि परीक्षालाई समयानुकुल सुधार गरिनुपर्ने हुन्छ । यसका लागि शिक्षकलाई तालिम, गोष्ठी, सेमिनार तथा पूनर्ताजगी कक्षामा संलग्न गराउने, स्रोतकेन्द्रस्तरिय परीक्षा बोर्ड बनाई प्रश्नपत्र निर्माण तथा परीक्षण गराउने, कमजोर विद्यार्थीलाई समूह छुट्याई अतिरिक्त कक्षाको व्यवस्था मिलाउने, शिक्षणमा विद्यार्थीकेन्द्रित विधिको प्रयोग गराउने, नियमित गृहकार्यको व्यवस्था गर्ने, साथै कार्यान्वयन भए नभएको अनुगमन गर्ने व्यवस्था मिलाउने, गरिव तथा जेहन्दार विद्यार्थीलाई छात्रवृतीको व्यवस्था मिलाउने, प्राथमिक तहमा अध्यापन गर्ने शिक्षकले अनिवार्य रुपमा सम्बन्धित विषयमा आई.एड गरेको हुनु पर्ने उल्लेख गरेको पाइन्छ (सुवेदी २०६१) ।

पौडेल (२०६१) भोलानाथ पौडेल एम.एड. शोधपत्रका अनुसार विद्यालय सामुदायिक संस्था भएकाले अभिभावकको संलग्नतामा आधारित व्यवस्थापन समिति निर्माण भई शैक्षिक, भौतिक र मानविय स्रोत साधनको अधिकतम प्रयोग र परिचालन गरी शैक्षिक उपलब्धि उच्च बनाउनु पर्ने, वि.व्य.स.का पदाधिकारीले शैक्षिक भन्दा प्रशासनिक र भौतिक निर्माणको पक्षमा मात्र जोड दिने गरेको, विद्यार्थीको शैक्षिक उपलब्धि उठाउन कसरी सकिन्छ भन्ने बारेमा त्यति ध्यान नदिईनुमा समितिमा रहेका मानिसहरूमा शैक्षिक ज्ञानको अभाव तथा उनिहरूका बालबालिका त्यस विद्यालयमा अध्ययन नगराउनु पनि हुने कुरा उल्लेख छ (पौडेल, २०६१)।

वाग्ले (२०५८) मनप्रसाद वाग्ले प्रारम्भिक शिक्षाको परिचयको अनुसार पठनपाठन क्रियाकलाप परीक्षामूखी भएकाले गुणस्तर उठन नसकेको, पाठ्यक्रमको आधारमा प्रश्नपत्र नबनाईने, सामान्य ज्ञान भएमा पास भइने, आन्तरिक मुल्याङ्कनको व्यवस्था नभएको, शिक्षण सिकाइ सुधारका लागि परीक्षाफलको प्रयोग नगर्ने भएकाले विद्यार्थीको उपलब्धि स्तर ५० प्रतिशत भन्दा माथी जान नसकेको र नयाँभन्दा पुरानो पाठ्यक्रममा विद्यार्थीको उपलब्धी बढी हुनु, विद्यार्थी कण्ठ, घोक्ने र तथ्य ओकल्न बाहेक अरु काम गर्न नजान्नु जस्ता समस्या आउनुमा हाम्रो परीक्षा प्रणाली जिम्मेवारी छ भन्दै यसमा सुधारका लागि आन्तरिक मूल्याङ्कन प्रणालीलाई पुनर्जिवित गराई यसका माध्यमबाट प्राथमिक स्तरका तल्ला कक्षामा स्वतः कक्षा चढाउने प्रणालीको नीतिले मुर्तरुप लिन सक्ने उल्लेख गरेको पाईन्छ (वाग्ले २०५८)।

नवौं योजना (२०५५) का अनुसार प्राथमिक शिक्षालाई गुणस्तरीय तथा अनिवार्य गर्ने कार्यक्रम बमोजिम प्राथमिक तहको पाठयक्रम आवश्यकता अनुसार नविकरण तथा परिमार्जन गरिने छ। विद्यार्थीहरूको निरन्तर मूल्याङ्कन गर्ने प्रणालीलाई क्रमशः लागू गर्दै लगिनेछ। त्यसका साथै उदार कक्षोन्नतीको प्रणाली प्रयोगात्मक रुपमा कार्यान्वयन गर्दै लगिनेछ भनेको पाइन्छ (नवौं योजना,२०५५)।

कोइराला (२०५९) विद्यानाथ कोइराला शैक्षिक व्यवस्थापन तथा संगठनात्मक व्यवहारका अनुसार शिक्षालयले निर्धनलाई प्रवेश दिएको छैन। कथित ज्ञान र सीपहिनलाई कक्षोन्नती गरेको छैन। भिन्न भाषा र संस्कृतीवालालाई अप्ठयारो पारिरहेको छ भन्दै शिक्षक तथा विद्यार्थीले समाजमा जे देखेको छ, विद्यालयमा पनि त्यहि गर्छ। माथील्लो कक्षाको विद्यार्थी समाजमा माथिल्लो तप्काको प्रतिनिधी कहलिन्छ। यसरी समाजमा तह छन् , स्कूलमा कक्षा छन्, समाजले व्यक्तिलाई र शिक्षकले विद्यार्थीलाई कार्य गर्ने गराउने काम

गर्छन । यस अर्थमा विद्यालयले सामाजिक न्याय दिन सकेको छैन । त्यस्ता कुराको विश्लेषण तथा छलफल हुनु पर्छ (कोइराला २०५९) ।

अधिकारी (२०६२) का अनुसार शिक्षण सिकाइ क्रियाकलापको क्रममा प्रत्येक विद्यार्थीले हाँसिल गरेका सिकाइ उपलब्धिको लेखाजोखा गरी उनिहरूको स्तर पत्ता लगाई सो अवस्थामा आवश्यक सुधारात्मक कदम चाल्नु नै निरन्तर मूल्याङ्कन हो । यो पूर्णरूपमा निर्माणात्मक मूल्याङ्कन प्रणालीमा आधारित भएकाले विद्यार्थी केन्द्रित शिक्षण विधि अपनाई चलाख विद्यार्थीलाई थप उत्साह प्रदान गर्ने र सिकाइ स्तर मध्यम र न्यून भएकालाई थप मद्दत गरी सिक्न प्रोत्साहित गरिन्छ । यस मूल्याङ्कन प्रणालीमा शिक्षकले कक्षा कार्यमा विद्यार्थीले हाँसिल गरेका सिकाइ उपलब्धि आवधिक रूपमा लिइएको लिखित परीक्षा, गृहकार्य र प्रयोगात्मक कार्य लगायत अन्य मूल्याङ्कनका विधि प्रयोग गरी प्राप्त उपलब्धिको लेखाजोखा गरिन्छ । यसरी उपलब्धिको भिन्नताको आधारमा शिक्षण सिकाइ प्रकृयामा थप प्रोत्साहन र मद्दत गरिन्छ । यसरी सबै पक्षको अवस्था समेटी गरिएको लेखाजोखाको आधारमा कक्षोन्नती गर्ने गरिन्छ । वास्तवमा निरन्तर मूल्याङ्कनमा अनुतिर्ण नगरी कक्षा दोहोऱ्याउन नलगाई माथिल्लो कक्षामा सिकाइ स्तर बढाउन थप मद्दत र मौका प्रदान गरिन्छ । निरन्तर मूल्याङ्कनले विशेषत निर्माणात्मक मूल्याङ्कनमा जोड दिई विद्यार्थीलाई कक्षा चढाउने कुराको निर्णय लिनु भन्दा पनि प्रभावकारी शिक्षण सिकाइका लागि पृष्ठपोषणका रूपमा उपयोग गरी कमजोर विद्यार्थीको उपलब्धिस्तर बढाउन मद्दत गर्छ (अधिकारी, २०६२) ।

शिक्षा मन्त्रालय (२०५६) का अनुसार प्राथमिक शिक्षाको गुणात्मक विकास र सबै बालकालिकालाई प्राथमिक शिक्षा उपलब्ध गराउने विभिन्न प्रयास गरेतापनि प्राथमिक शिक्षाको गुणात्मक पक्ष शन्तोषजनक हुन सकेको छैन । सबै बालकालिका विद्यालयमा भर्ना भएका छैनन, भर्ना भएका मध्ये पनि फेल हुने, कक्षा दोहोऱ्याउने र विचमा कक्षा छाडने बालबालिकाको संख्या प्रशस्त छ । हाम्रो मूलुकमा प्राथमिक शिक्षाको गुणात्मक विकास यथावत रहन र प्राथमिक शिक्षा पुरा नगरी विचैमा विद्यालय छाडने विद्यार्थी संख्या प्रशस्त रहनुमा लिखीत परीक्षामा आधारित मूल्याङ्कन प्रणाली जिम्मेवार हो भन्ने कुरा महसुस गरी नेपाल सरकार शिक्षा मन्त्रालयले नवौं योजना देखि आधारभूत तहका लागि कक्षा १-३ सम्मका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली शूरुवात गरी यसै मूल्याङ्कन प्रणालीका माध्यमले उदार कक्षोन्नतीको नीति लागु गरेको पाईन्छ । यो कार्यक्रम लागू गर्नुका प्रमुख

कारणमा मूल्याङ्कनका विभिन्न माध्यम र साधनको प्रयोग गरी विद्यार्थीको लगातार मूल्याङ्कन गर्ने, मूल्याङ्कनलाई विद्यार्थी केन्द्रित र प्रभावकारी शिक्षण सिकाइका लागि उपयोग गर्ने, जेहन्दार विद्यार्थीका लागि प्रोत्साहन र कमजोर विद्यार्थीका लागि विशेष मद्दत दिन, विद्यार्थीलाई नियमित विद्यालय आउन सहयोग पुऱ्याउने वातावरण तयार गर्न, पठनपाठन र अन्तिम परीक्षामा फेल भएका कारण बिचैमा विद्यालय छाड्ने विद्यार्थी संख्या न्यून गराई अधिकतम बालबालिकालाई प्राथमिक शिक्षा पुरा गराउने, विद्यार्थीमा परीक्षाको सन्त्रास कम गराउने, कक्षा दोहोऱ्याउने विद्यार्थी संख्या न्यून गराउने र यसै मूल्याङ्कन प्रणालीका माध्यमबाट उदार कक्षोन्नतीको नीति लागू गरेको पाईन्छ (शिक्षा मन्त्रालय , २०५६) ।

हालको शैक्षिक समस्या भनेको शैक्षिक गुणस्तर नै हो । विद्यार्थीमा अर्थपूर्ण सिकाइ हुन नसकी सिर्जनात्मक काम गर्न नसकेकाले शैक्षिक उपलब्धि आशातित रुपमा वृद्धि नहुनु, मूल्याङ्कनलाई शिक्षण सिकाइ सुधारका लागि प्रयोग गर्न नसक्नु, सबैले निष्पक्ष रुपमा सिप सिक्ने अवसर नपाउनुलाई जिम्मेवार मानिन्छ । यस अवस्थाबाट मुक्त भई शिक्षाको गुणस्तर उठाउनका लागि मूल्याङ्कनलाई प्रभावकारी बनाउनुपर्ने, शिक्षण प्रति शिक्षकको धारणा स्पष्ट हुनुपर्ने, शिक्षकलाई तालिमको व्यवस्था हुनुपर्ने, सबैलाई सिप सिक्ने निष्पक्ष अवसर उपलब्ध हुनुपर्ने, विद्यालय व्यवस्थापन पक्ष प्रभावकारी बन्नु पर्ने उल्लेख भएकाले शैक्षिक गुणस्तर आशातित रुपमा उठाउनका लागि निरन्तर मूल्याङ्कन प्रणालीका माध्यमले शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्दै उदार कक्षोन्नतीको नीति अवलम्वन गर्नु पर्ने कुरा उल्लेख गरेको पाइन्छ ।

नेपालमा शिक्षामा गुणस्तर उठाउन २०११ सालदेखि योजनावद्ध रुपमा कार्यक्रम विकास गरियो । आयोग वने, तिनिहरूले अध्ययन गरी प्रतिवेदन पेश गरेतापनी नेपालीको शैक्षिक गुणस्तर माथी उठन नसकेको परिप्रेक्ष्यमा यस उदार कक्षोन्नती कार्यक्रमले आशातित उपलब्धि दिन सक्यो सकेन ? यस कार्यक्रमलाई प्रभावकारी बनाई शैक्षिक स्तर उठाउन यसमा के कति सुधार गर्नुपर्ला ? समस्या के के छन् ? समाधानका उपायहरू के हुन सक्छन् ? भन्ने जिज्ञाशालाई मेटन वा उदार कक्षोन्नतीलाई कसरी प्रभावकारी बनाई शैक्षिक गुणस्तर उठाउन सकिन्छ भन्ने तर्फ यो शोधकार्य केन्द्रित छ ।

## २.२. अध्ययनको सैद्धान्तिक खाका

शिक्षा एउटा सामाजिक प्रकृया भएकाले समाज विकासका सन्दर्भमा उदय भएका सिद्धान्तहरूले शिक्षाको क्षेत्रमा पनि महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । तसर्थ यो "उदार कक्षोन्नतीले शिक्षण सिकाइमा पारेको प्रभाव" बिषयक अध्ययनलाई प्रभाव पारेका केहि सिद्धान्तको बारेमा तल उल्लेख गरिएको छ । यस अध्ययनमा प्राप्त हुने तथ्याङ्कहरुलाई विश्लेषण गर्न विभिन्न विद्वानहरुले दिएका सैद्धान्तिक खाकाहरुलाई आधार बनाइएको छ । विभिन्न चिन्तकहरुले आ-आफ्नो विषयमा व्यक्त गरेका अभिमतहरुलाई यस अध्ययनमा समावेश गरिएको छ । यस अध्ययनमा निम्नलिखित सैद्धान्तिक खाकाहरुलाई समावेश गरिएको छ :

विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्ने क्रममा क्रमशः सरलबाट जटिलतर्फ सिकाइ उपलब्धी तय गरिएको छ । सिकारुलाई तय गरिएका एउटा शैक्षिक उपलब्धिमा अभ्यस्त गराइसकेपछि मात्र अर्को शैक्षिक उपलब्धितिर अगाडि बढाउनुपर्ने तथा विद्यार्थीहरुका लागि तय गरिएका उपलब्धिहरु क्रमशः हासिल नभएसम्म सिकारुलाई पटक पटक शिक्षकले अभ्यस्त गराउनु पर्ने भन्ने कुराको अध्ययन गर्नका लगि यो सिद्धान्तलाई आधार मानिएको छ । स्किनर (१९३०) का अनुसार कुनै पनि व्यवहार उत्तेजनाका कारणबाट देखा पर्नुलाई प्रतिक्रियात्मक व्यवहार भनिन्छ । जस्तै : खानेकुरा देख्दा र्‍याल आउनु । स्किनरले सन् १९३० मा क्रियापरक अनुसन्धान मुसामाथि प्रयोग गरेका थिए । त्यसैगरी उनले दोस्रो प्रयोग परेवामाथि गरेका थिए । यो सिद्धान्तबाट कुनै पनि कुरा सिक्न सिकारु तत्पर हुनुपर्छ । सिकारु तत्पर छ र निरन्तर अभ्यास छ भने सिकाइ प्रभावकारी हुन्छ । त्यसकारण विद्यार्थी मूल्याङ्कनमा पनि यो सिद्धान्तको सम्बन्ध छ । मूल्याङ्कन एक पटकमा नगरेर विद्यार्थीले तत्काल सिकाइको क्रममा देखाउने प्रतिक्रियाको आधारमा यसका हरेक क्रियाकलापको निरन्तर रुपमा मूल्याङ्कन गर्दै जानुपर्छ (शर्मा, २०५८मा उद्धृत) ।

शिक्षण सिकाइ क्रियाकलापहरु क्रमशः सरलबाट जटिलको क्रममा एकपछि अर्को पूरा गर्दै गराउँदै अगाडि बढेमा मात्र प्रभावकारी र स्थायी हुन्छ । साथै पाठ्यक्रमले तोकेका उद्देश्यहरु पूरा गर्नका लागि किटान गरिएका शैक्षिक सूचक तथा उपलब्धिहरु पनि क्रमशः पूरा हुदै गएमा पाठ्यक्रमले राखेका लक्ष्य सजिलै पूरा हुन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको उदार कक्षोन्नति नीतिमा पनि विद्यार्थीहरुले एकपछि क्रमशः अर्को उपलब्धि पूरा गरेपछि मात्र कक्षा चढाउने व्यवस्था गरिएको छ । एउटा सूचकको उपलब्धि प्राप्त

भईसकेपछि अर्को सूचकले सिकारुलाई सिक्नको लागि र शिक्षकलाई सिकाउनका लागि उत्प्रेरित गरेको हुन्छ भन्ने कुराको अध्ययन गर्नका लागि यस सिद्धान्तलाई पनि आधार बनाइएको छ । मास्लो (१९४३) का अनुसार मानिसका आवश्यकतालाई श्रृङ्खलाबद्धरुपमा प्रस्तुत गरिएको छ । उनले मानवीय आवश्यकताहरु क्रमशः एकपछि अर्को गर्दै पूरा हुने कुरा उल्लेख गरेका छन् । मानिसले आफ्नो एक तहको न्यूनतम आवश्यकता पूरा गरिसकेपछि मात्र अन्य आवश्यकतातिर आकर्षित हुदै जान्छ । मानिसलाई उत्प्रेरित गर्ने प्रमुख आधार तत्व मानिसहरुको आवश्यकता हो भन्ने उनको तर्क रहेको छ । मानिसले गाँस, बास र कपासजस्ता न्यूनतम आवश्यकता पूरा गरिसकेपछि मात्र आधारभूत शिक्षा, गुणस्तरीय शिक्षा तथा स्वास्थ्यजस्ता आवश्यकता पूरा गर्न तिर लाग्दछ । न्यूनतम शिक्षा पूरा नभएसम्म गुणस्तरीय र व्यवहारिक शिक्षाको कल्पनासमेत गर्न सकिदैन (मास्लो,१९४३) ।

मानिसले मानिसझैं बाँच्न र जीवन निर्वाहको लागि आवश्यकता पर्ने खाना, नाना, छानाजस्ता आधारभूत आवश्यकता, यौन इच्छाको पूर्ति तथा शारीरिक सुरक्षा, नोकरीको सुरक्षा, धनको सुरक्षाजस्ता कुराहरु निम्न श्रेणीका आवश्यकताहरु अन्तर्गत पर्दछन् । यसप्रकार तल्ला आवश्यकता पूरा गरिसकेपछि मात्र मानिसलाई माथिल्लो तहका आवश्यकता पूरा गर्ने इच्छा र आकांक्षा सृजना हुन्छ (कोइराला, २०६२ मा उद्धृत) ।

शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउनका लागि पाठ्यक्रमले तोकेका क्रियाकलाप तथा शैक्षिक सूचकहरुलाई क्रमशः अभ्यस्त बनाउँदै निचोडमा पुग्नुपर्दछ । अभ्यासले मानिसलाई सिकाइप्रति दत्तचित्त तथा उत्प्रेरित बनाउन मद्दत गर्ने हुँदा विद्यार्थी मूल्याङ्कनका क्रममा विद्यार्थीहरुलाई दैनिक रुपमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सरिक गराउँदै उदार कक्षोन्नती गर्न सकिन्छ । थर्नडाइक (१९१३) का अनुसार सिकाइ भनेको ठीक व्यवहारलाई आत्मसात् गर्नु तथा बेठीक व्यवहारलाई त्याग्दै जानु हो । सिकारुले पनि सिक्ने क्रममा विभिन्न प्रयासहरु गर्दागर्दै र प्रतिक्रियाहरु दिँदादिँदै अचानक सफलता प्राप्त गर्न सक्नु र सही समाधान वा प्रयासले मात्र स्थायी रुप लिई सिकाइ स्थायी तथा प्रभावकारी हुने कुरामा जोड दिएको छ (शर्मा, २०५८मा उद्धृत) ।

कामदारलाई झैं शिक्षक तथा विद्यार्थीलाई अधिकतम शैक्षिक उपलब्धिहरु हासिल गर्ने ढङ्गले परिचालन गर्नुपर्दछ । बढी राम्रो गर्नेले बढी अंक पाउने तथा छिटो र सही शैक्षिक सुचक हाँसिल गर्नेले छिटो कक्षा चढ्ने व्यवस्था मिलाइएको छ । पाठ्यक्रम, पाठ्यपुस्तक,

शिक्षण सिकाइ क्रियाकलाप, सिकाइ उपलब्धिहरु तथा मूल्याङ्कन प्रणालीमा पनि समयानुकूल हुने गरी वैज्ञानिक ढङ्गले परिवर्तन गर्दै लाने प्रयास भएको छ र गर्दै जानु पनि पर्नेछ । विद्यार्थी मूल्याङ्कनमा परम्परागत लिखित परीक्षाका माध्यमले पुरानै तरिकाबाट मात्र सधैं संचालन गरेमा सही मूल्याङ्कन हुन सक्दैन । यस कारण मूल्याङ्कन प्रणालीमा पनि सुधार गर्दै त्यसबाट प्राप्त नतिजाहरुलाई बैज्ञानिक रुपमा व्यवस्थित गर्दै जानुपर्छ । वैज्ञानिकताका आधारमा शिक्षण सिकाइ क्रियाकलाप र विद्यार्थी मूल्याङ्कन प्रणालीलाईसँगै अघि बढाउदै उदार कक्षोन्नती गर्नको लागि टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्तलाई यस शोधको एक प्रमुख कसी मानिएको छ । टेलर (१९११) अनुसार कार्यलाई प्रभावकारी रुपमा सम्पन्न गर्न र उत्पादकत्व बढाउन मानिसलाई कुन काम गराउन खोजिएको छ ? कुन कुन काम गर्न दिएमा उनीहरुले राम्रो र किफायति ढङ्गले गर्न सक्छन् भन्ने कुरा सही ढङ्गले छुट्याउनुपर्छ । दक्ष व्यक्तिलाई काममा लगाउने र अदक्षलाई थप तालिमको व्यवस्था गर्ने गरेमा कार्य प्रणालीको उत्पादकत्व वृद्धि गर्न सकिन्छ । उनको यो सिद्धान्तलाई वैज्ञानिक व्यवस्थापनको सिद्धान्त भनिन्छ (टेलर १९११बाट उद्धृत ) ।

उनका अनुसार कामदारलाई काम गर्ने वातावरणमा उपयुक्त सुधार गर्न सकेमा उत्पादकत्व बढ्छ । व्यवस्थापकले राम्रो योजना निर्माण गर्नुपर्दछ । तब मात्र कामदारहरुले राम्रो कार्य सम्पादन गर्न सक्छन् । काम गर्ने विधि वैज्ञानिक हुनुपर्छ । कामदार छनौट गर्दा दक्ष र तालिम प्राप्त कामदार छनौट गर्नुपर्छ । आवश्यकता अनुसार कामदारलाई तालिमको व्यवस्था गरेर कार्य विभाजन गर्नुपर्छ । कामदारलाई कम थकान हुनेगरी उपयुक्त काम गर्ने वातावरण भएमा उत्पादकत्व वृद्धि हुने गरी बढी कार्य गर्न सक्छन् (शर्मा एण्ड शर्मा २०५८ बाट उद्धृत ) ।

विश्वभर समान् सुविधा र स्वतन्त्रताको आवाज गुञ्जीरहे पनी व्यवहारमा त्यसको पालना भईरहेको छैन । शिक्षा स्वतन्त्र, निर्वाध र निष्पक्ष रुपमा हाँसील गर्न पाउनुपर्ने हो । तर विभिन्न अवरोधले गर्दा शिक्षा आर्जन गर्नवाट मानिसहरू वञ्चित भईरहेको पाइन्छ । प्रत्यक्ष रुपमा सहुलियत दिए जस्तो गरेर अप्रत्यक्ष रूपमा अवरोधहरू खडा भईरहने भएकाले मूलुकले शिक्षा विकासमा जतिसुकै राम्रा कार्यक्रम र नारा ल्याए पनि शैक्षिक गुणस्तर लक्ष्य अनुसार माथी उठन सकेको छैन । विद्यालय उमेरका सबै बालबालिकाले विद्यालयको घेरा छुन सकेका छैनन् । आएका मध्ये पनि हाम्रो शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन प्रणाली आदिले गर्दा अत्याधिक असफल भएका कारणले विद्यालय जान छाडने प्रवृती अत्याधिक

रहयो । जसबाट तह पार गर्ने विद्यार्थी न्यून भयो भने त्यहि न्यून संख्याको शैक्षिक उपलब्धि पनि आधाभन्दा माथी जान सकेन अर्थात पास हुनेले पनी जान्नु पर्ने भन्दा कम वा आधा मात्र जानेको पाइयो । यसै स्थितीको मूल्याङ्कन गर्दै नेपाल सरकारले आधारभूत तहको कक्षा १-३ सम्म निरन्तर मूल्याङ्कन प्रणालीको माध्यमले उदार कक्षोन्नतीको नीति लागू गरेको पाईयो ।

## २.३ पुनरावलोकनको उपादेयता

वास्तवमा अध्ययनका लागि छनौट गरिएको "उदार कक्षोन्नतीले शिक्षण सिकाइमा पारेको प्रभाव" विषयक शीर्षकलाई माथिका सिद्धान्तहरूले पूर्णरुपमा साथ दिएका छन् । वादको रुपमा भित्रिएको उदार शब्दले विना रोकावट भन्ने अर्थ लगाँउछ । त्यस्तै निरन्तर विद्यार्थी मूल्याङ्कनले त उदार कक्षोन्नतीको ढोका नै खोलेको हो । त्यस अर्थमा निरन्तर मूल्याङ्कन प्रणालीसँगै उदार कक्षोन्नतीको जन्म भएको हो । विद्यालय शिक्षालाई प्रभावकारी बनाउन, उच्च विद्यार्थीलाई थप हौसला प्रदान गर्न, कमजोर विद्यार्थीलाई स्तर माथी उकास्न, परीक्षाको सन्त्रासबाट मुक्ति दिलाउन, दोहोऱ्याउने दर कम गराउन, छाडने दर कम गराउन र शिक्षामा गुणस्तर कायम गराउने उद्देश्य लिएर यसको गहन अध्ययन, मनन र चिन्तनका साथ अनुसन्धान गरिने हुनाले यस अनुसन्धानको शैक्षिक उपादेयता प्रष्ट हुन्छ । यी साहित्य र सिद्धान्तको अध्ययनबाट यस शोधकार्यलाई मार्ग निर्देशन गर्ने, शोधकार्यलाई समुचित आकार दिन मद्दत गर्ने र पूर्व अध्ययनको अन्तरलाई पूरा गर्न मद्दत गर्ने सहयोग पुग्ने छ ।

# परिच्छेद तीन : अध्ययन विधि

वास्तवमा कुनै कार्यलाई अगाडि बढाउन त्यसमा प्रयोग भएको विधि, ढाँचा, जनसंख्या, तथ्याङ्कको आकार, छनौट विधि आदि किटान गर्नु पर्ने हुन्छ । यस अनुसन्धानमा अपनाईएका अध्ययन विधि र प्रकृया निम्न बमोजिम छन् :

## ३.१. अनुसन्धानात्मक ढाँचा

यस आधारभूत तह कक्षा १-३ मा उदार कक्षोन्नतीले शिक्षण सिकाइमा पारेको प्रभाव कस्तो छ भनी गर्न खोजिएको यो अनुसन्धान सर्वेक्षणबाट प्राप्त सूचनालाई विश्लेषण र विवेचना गरी अध्ययनको निष्कर्ष निकाल्ने प्रयास गरिएको छ । यसमा सहायक विधिको रुपमा कक्षोन्नतीको बारेमा वर्णन पनि गुर्नपर्ने भएकाले वर्णनात्मक अध्ययन विधिलाई पनि लिइएको छ भने विश्लेषणात्मक विधि प्रमुख विधिको रुपमा आएको छ ।

## ३.२. जनसंख्या

यस अध्ययनका लागि ओखलढुंङ्गा जिल्ला खानिभञ्ज्याङ्ग स्रोतकेन्द्रका सम्पूर्ण विद्यालयहरु, उक्त विद्यालयमा कार्यरत प्र.अ.एवम् शिक्षकहरु अध्ययनरत सम्पूर्ण विद्यार्थीहरु र तिनका अभिभावकहरुलाई जनसंख्याको रुपमा लिइएको छ ।

## ३.३. नमूनाको आकार र नमूना छनौट विधि

यस अध्ययनका लागि ओखलढुङ्गा जिल्ला खानिभञ्ज्याङ्ग स्रोतकेन्द्रको पोखरे गा.वि.स. का ५ वटा विद्यालय मध्ये प्रा.वि. १, नि.मा.वि. १ र मा.वि. १ गरी ३ वटा विद्यालयलाई नमुनाको रुपमा छनौट गरी नमूनालाई सानो आकारको बनाइएको छ भने उक्त पोखरे गा.वि.स. का १ मा.वि., १ नि.मा.वि., १ प्रा.वि.का ३ प्र.अ., ६ शिक्षक, १२ जना विद्यार्थी र ६ जना अभिभावक छनौट गरिएको छ । खानिभञ्ज्याङ्ग स्रोतकेन्द्रका ५ वटा गा.वि.स. मध्ये उद्देश्यमूलक विधिबाट पोखरे गा.वि.स. छनौट गरिएको छ । त्यस पछि उद्देश्यमूलक विधिबाट ३ विद्यालय, ३ प्र.अ. र नमूना छनौट विधिबाट ६ जना शिक्षक र सम्भावनायुक्त नमूना छनौट विधिबाट १२ जना विद्यार्थी र ६ जना अभिभावक छनौट गरिएको छ ।

तालिका : १ : नमूना विद्यालयको आकार

| क्रसं | विद्यालय | प्र.अ | शिक्षक | अभिभावक | स्रोतव्यक्ति | वि.नि |
|---|---|---|---|---|---|---|
| १ | श्री नवदुर्गा प्रा.वि.हिलेछाप | १ | २ | २ | | |
| २ | श्रीसरस्वतीउ.मा.वि.खानिभञ्ज्याङ्ग | १ | २ | २ | १ | १ |
| ३ | श्री कालिका नि.मा.वि.पोखरे | १ | २ | २ | | |

## ३.४. नमूना छनौटको आधार

ओखलढुङ्गा जिल्लामा गर्न खोजिएको यस अध्ययनका लागि भौतिक सुविधा सम्पन्न र विपन्न, शिक्षक दरवन्दी कक्षा अनुसार भएका र नभएका, माध्यमिक तह समेत भएका र नभएका, व्यवस्थापन समिति शिक्षा नियमावली बामोजिम योग्यता पुगेका र नपुगेका, अभिभावकको चेतनास्तर उक्सेका र नउक्सेका सबै पक्षलाई  मध्यनजर गरी साथै भौगोलिक सुगमता, जातिय विविधता, आर्थिक मितव्ययिताका साथै विश्वासनिय र वैद्य सूचना प्राप्त गर्न सकिने हुनाले ओखलढुङ्गा जिल्लाको खानिभञ्ज्याङ्ग स्रोतकेन्द्रको पोखरे गा.वि.स. का ५ वटा प्राथमिक विद्यालय छनौट गरी तथ्याङ्क सङ्कलन र विश्लेषण गरिएको छ ।

## ३.५. अनुसन्धानका साधन

ओखलढुङ्गा जिल्ला अन्तरगतका विद्यालयमा “उदार कक्षोन्नतीले शिक्षण सिकाइमा पारेको प्रभाव” विषयमा अनुसन्धान गर्ने सिलसिलामा छनौट गरिएको जनसंख्यालाई प्रश्नावली,  अन्तर्वार्ता,  दस्तावेज अध्ययन र लक्षित समूह छलफल जस्ता साधन प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । उक्त साधन प्रयोग गरी सहि विवरण पत्ता लगाई निष्कर्षमा पुग्न प्राथमिक र द्धितीय दुवै स्रोतको प्रयोग गरिएको छ ।

## ३.६. तथ्याङ्कको स्रोत

अनुसन्धानको कार्य सहि विवरण र तथ्याङ्क सङ्कलन गरी निष्कर्षमा पुग्नु हो वा निचोड निकाल्नु हो  । एकोहोरो गहिरिनु मात्र होइन । त्यस कारण यो अनुसन्धान कार्य सम्पन्न गर्न

प्राथमिक श्रोत र द्वितिय स्रोत दुवै उपयोगमा ल्याईएको छ । प्राथमिक श्रोतमा प्रश्नावली, अर्न्तवार्ता, अवलोकन, छलफल गरिएको छ भने द्वितीय स्रोतमा आन्तरिक मूल्याङ्कन, विद्यालय सुधार योजना, तथ्याङ्क फारम, हाजीरी कापी, पोर्टफोलियो आदि प्रयोग गरिएको छ ।

## ३.७. तथ्याङ्क सङ्कलन प्रक्रिया

यस शोधकार्यलाई पुरा गर्ने क्रममा तथ्याङ्क संकलन गर्दा सम्बन्धित सरोकारवालासँग प्रश्नावली भराउने, अन्तरवार्ता लिने, छलफल गराउने लगायतका कार्य गरी विवरण संकलन गरिएको छ । सम्बन्धित विद्यालयमा गई दस्तावेज अध्ययन गर्ने, कागजात प्र.अ.बाट उपलब्ध गराई आवश्यक विवरण संकलन गरी सहि तथ्याङ्क खोजी अनुसन्धान कार्य सम्पन्न गरिएको  छ । तथ्याङ्क सङ्कलन गर्ने क्रममा प्राथमिक र द्वितीय दुवै स्रोतको उपयोग गरिएको छ ।

## ३.८. तथ्याङ्कको विश्लेषण प्रक्रिया

यस अध्ययन अनुसन्धानलाई आवश्यक पर्ने सामग्रीलाई तालिकिकरण, ग्राफ, चार्ट, औषत, प्रतिशत आदिका माध्यमले व्याख्या विश्लेषण गरी तत्पश्चात तथ्याङ्कलाई प्रतिशतमा देखाई तुलनात्मक अध्ययन गरी निष्कर्ष निकालीएको छ । यस अनुसन्धानका क्रममा सकेसम्म स्तरयुक्त र वैद्य तथ्याङ्क खोजी उपयोग गरिएको छ । जसका कारणले अनुसन्धानको प्रभावकारी निचोड निस्कन मद्दत पुगेको छ ।

# परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या

अध्ययनको क्रममा नमूना छनौटमा परेका ३ वटा विद्यालयको तथ्याङ्कमा आधारित रहेर प्राप्त सूचना, तथ्य तथ्याङ्कहरुलाई गुणात्मक तथा परिमाणात्मक शैलीमा विश्लेषण गरिएको छ। पूर्वी नेपालको ओखलढुंगा जिल्लाको खानिभञ्ज्याङ्ग स्रोतकेन्द्र भित्रका ३० वटा सामुदायिक विद्यालयहरु छन। उक्त तिसवटा विद्यालयहरु मध्येबाट नमूना छनौटमा परेका विद्यालयबाट प्राप्त भएका तथ्याङ्कहरुलाई प्रस्तावनामा उल्लेख गरिएका उद्देश्य अनुसार विभिन्न शीर्षक उपशीर्षकहरुमा विभाजन गरी निम्नानुसार व्याख्या विश्लेषण गरिएको छ :

## ४.१.उदार कक्षोन्नती कार्यान्वयनको अवस्था

वास्तवमा बालकलाई शिक्षा दिनुको तात्पर्य पाठ्यक्रममा तोकिएका सिकाइ उपलब्धि हाँसिल गराउनु हो। शिक्षकको काम ती सिकाइ उपलब्धि पुरा गराउन लाग्नु हो। जसको लागी सिकाइ उपलब्धि हाँसिल गर्न बाँकी रहेका विषयवस्तुहरु निरन्तर मूल्याङ्कन विधिको प्रयोगबाट मात्र सम्भव छ। निरन्तर मुल्याङ्कनका माध्यमबाट माथिल्लो कक्षामा गैसके पश्चात पनि तल्लो तहका सिकाइ उपलब्धि पुरा नभए सम्म तिनै सिकाइ उपलब्धिमा केन्द्रित गर्नुपर्ने हुन्छ। त्यसैले एक तहका सिकाइ उपलब्धि पुरा नभएसम्म अर्को तहमा नलगिने भएकाले उदार कक्षोन्नती प्रणालीलाई उपर्युक्त मानी परिमार्जित पाठ्यक्रम २०५७ ले निरन्तर मुल्याङ्कन प्रणालीको आधारमा वि.सं.२०६३ सालबाट क्रमशः कक्षा १ बाट शुरु गरी २०६५ साल सम्ममा कक्षा ३ सम्म लागु गरेको हो।

कार्यक्रमलाई अगाडि बढाउन उदार कक्षोन्नतीका सूचकहरु सिकाइ उपलब्धि स्तर ,विद्यार्थी हाजिरी प्रतिशत, दोहोऱ्याउने विद्यार्थी सङ्ख्या, विचमा कक्षा छाड्ने सङ्ख्याहरुको आधारमा उदार कक्षोन्नतीलाई प्रयोगमा ल्याइएको छ। पाठ्यक्रमले उदार कक्षोन्नती गर्न विद्यार्थीको कक्षा कार्य, गृहकार्य, चालचलन, परियोजना कार्य, प्रगती अभिलेख, लिखित परीक्षा समेतका आधारलाई प्रयोग गर्नुपर्ने निर्देशन गरेको छ। जसअनुसार विद्यालय तहमा उदार कक्षोन्नती कार्यान्वयनको अवस्थालाई यहाँ निम्नानुसारका उपशीर्षकहरुबाट विश्लेषण गरिएको छ :

### ४.१.१.निरन्तर मूल्याङ्कन प्रणालीको प्रयोग

पाठ्यक्रमले निरन्तर मूल्याङ्कन प्रणालीका आधारहरु कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, व्यवहार परिवर्तन, हाजिरी, सिर्जनात्मक कार्य तोकेको छ । पाठ्क्रमले निर्धारण गरेको सिकाइ उपलव्धिहरु पूरा भए/नभएको मूल्याङ्कन गर्दा निरन्तर मूल्याङ्कन प्रणाली अर्न्तगत रहेर गर्नु पर्ने प्राथमिक पाठ्यक्रममा उल्लेख छ । अध्ययन क्षेत्रमा परेका शिक्षकहरुले निरन्तर मूल्याङ्कनका आधारहरुलाई यसरी प्रयोग गरेको पाईयो :

तालिका २ : पाठ्यक्रमले तोकेका मापदण्ड प्रयोगको अवस्था

| क.सं. | आधार वा मापदण्ड | प्रयोग गर्ने शिक्षक संख्या | | प्रयोग नगर्ने शिक्षक संख्या | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | कक्षा कार्य/गृहकार्य | ४ | ६६.६६ | २ | ३३.३३ |
| २ | परियोजना कार्य | ३ | ५० | ३ | ५० |
| ३ | व्यवहार परिवर्तन | २ | ३३.३३ | ४ | ६६.६६ |
| ४ | सिर्जनात्मक कार्य | ४ | ६६.६६ | २ | ३३.३३ |
| ५ | हाजिरी | ६ | १०० | – | – |

स्रोत : स्थलगत अध्ययन,२०६८

तालिका दुईका अनुसार निरन्तर मूल्याङ्कनमा कक्षा कार्य गृहकार्यलाई प्रयोग गर्ने शिक्षक ४ जना (६६.६६ %) पाईयो भने नगर्ने शिक्षक २ जना (३३.३३ %) रहेको देखियो । परियोजना कार्य ३ जना (५० %) गर्ने र ३ जना (५० %) नगर्ने, व्यवहार परिवर्तन भए नभएको अवलोकन गरी मूल्याङ्कन गर्ने शिक्षक २ जना (३३.३३ %) र ४ जना (६६.६६ %) नगर्ने, सिर्जनात्मक कार्यका आधारमा मूल्याङ्कन गर्ने शिक्षक ४ जना (६६.६६ %) र २ जना( ३३.३३ %) नगर्ने र हाजिरी नियमित रुपमा गरीएको भएतापनी मूल्याङ्कनको आधार बनाउने शिक्षक ६ जना (१०० %) भएको पाईयो ।

उपयुक्त तालिकालाई हेर्दा पाठ्यक्रमले तोकेको मापदण्ड सबै शिक्षकले प्रयोग गरेको देखिदैन । यस अवस्थामा प्र.अ.लाई मापदण्ड प्रयोगमा नआउनुको कारण सोध्दा व्यवहारिक प्रयोग गर्ने सीपको अभाव र तालिम प्रभावकारी नभएकाले यस्तो भएको उल्लेख गर्दछन ।

### ४.१.२. उदार कक्षोन्नतीका लागि कार्यसञ्चयिकाको प्रयोग

परिमार्जित पाठ्यक्रम २०५७ ले निरन्तर मूल्याङ्कन प्रणालीमा प्रयोग गरिएका ५ वटा मापदण्डका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्ने र जसको आधारबाट उक्त विद्यार्थीलाई पाठगत सिकाइ उपलब्धि प्राप्त गरेको आधारबाट उत्तम, मध्यम र न्यून विद्यार्थीलाई क्रमशः (३),(२),(१) वटा रेजा प्रदान गरेर मूल्याङ्कनको रेकर्ड राख्नुपर्ने व्यवस्था गरेको छ । यस्तो रेकर्डका लागी प्रत्येक विद्यार्थीका लागि १/१ वटा व्यक्तिगत फाईल खडा गर्नुपर्ने हुन्छ, त्यसलाई कार्यसञ्चयिका भनिन्छ । यहि कार्यसञ्चयिकाको आधारमा उदार कक्षोन्नति गर्न सकिन्छ । अध्ययन क्षेत्रमा उदार कक्षोन्नतीको लागि कार्यसञ्चयिका प्रयोगको अवस्था निम्नानुसार पाईएको छ :

तालिका ३ : मूल्याङ्कनमा कार्यसञ्चयिकाको प्रयोग

| क.सं. | कार्यसञ्चयिका | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रयोग गर्ने शिक्षक | २ | ३३.३३ |
| २ | प्रयोग नगर्ने शिक्षक | ४ | ६६.६६ |
| | जम्मा | ६ | १०० |

स्रोत : स्थलगत अध्ययन,२०६८

तालिका तीनको आधारमा विश्लेषण गर्दा सबै शिक्षकले मूल्याङ्कन प्रक्रियामा कार्यसञ्चयिका बनाई प्रयोग गरेको देखिदैन । अध्ययन स्थलका ६ जना शिक्षकहरु मध्ये २ जना (३३.३३ %) ले कार्यसञ्चयिका प्रयोग गरेको र ४ जना (६६.६६ %) ले प्रयोग नगरेको पाईयो । कार्यसञ्चयिका प्रयोग गर्नेका हकमा पनि पूर्ण रुपमा पाठ्यक्रमले तोकेको ढाँचामा सञ्चयिका निर्माण गरेको अवस्था भेटिएन ।

### ४.१.३ सिकाइ उपलब्धि वृद्धि गर्न प्रयोग गरिएका उपाय

पाठ्यक्रमले निरन्तर मूल्याङ्कन प्रणालीमा अपेक्षित उपलब्धि प्राप्त गराउन कमजोर विद्यार्थीलाई छुट्टै समयमा छुट्टै कक्षाको व्यवस्था गर्न सकिने, शिक्षणको समयमा कमजोर विद्यार्थीलाई बढि ध्यान दिने, विद्यार्थी बिच अन्तर्क्रियाको अवसर दिने, शिक्षण विधिमा विविधताका माध्यमले शिक्षण गर्ने जस्ता तरिकाहरु प्रयोग गर्न सकिने कुरा उल्लेख छ । यहाँ सिकाइ स्तर वृद्धि गर्न अपनाइने उपायहरु प्रयोगको अवस्था सम्बन्धमा अध्ययन स्थलका शिक्षकहरुले प्रयोग गरेको अवस्था उल्लेख गरिएको छ :

तालिका ४ : सिकाइ उपलब्धि वृद्धि गर्न प्रयोग गरिएका उपाय

| क्र सं | सुधारका उपायहरु | प्रयोग गर्ने शिक्षक | | प्रयोग नगर्ने शिक्षक | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | अभिभावकलाई ट्युशनको व्यवस्था गर्न लगाउने | ३ | ५० | ३ | ५० |
| २ | छुट्टै समयमा कमजोर विद्यार्थीलाई बढी समय दिने | २ | ३३.३३ | ४ | ६६.६६ |
| ३ | कक्षा समयमा कमजोर विद्यार्थीलाई बढी अवसर दिने | ४ | ६६.६६ | २ | ३३.३३ |
| ४ | अभिभावकलाई सिकाइ वातावरण राम्रो बनाउन सुझाव दिने | ६ | १०० | – | – |
| ५ | आफुले सिकेका कुरा अरुलाई सिकाउन प्रेरित गर्ने | ५ | ८३.३३ | १ | १६.६६ |
| ६ | शिक्षण विधि परिवर्तन गरेर सिकाउने | ३ | ५० | ३ | ५० |
| ७ | विद्यार्थीलाई सिर्जनात्मकताका लागि समय उपलब्ध गराउने | २ | ३३.३३ | ४ | ६६.६६ |

स्रोत : स्थलगत अध्ययन, २०६८

सिकाइउपलब्धि वृद्धि गर्न प्रयोग गरिएका सुधारका उपायहरुमा अभिभावकलाई सिकाइ वातावरण राम्रो बनाउन सुझाव दिने शिक्षक शतप्रतिशत, विद्यार्थीले आफूले सिकेका कुरा अरुलाई सिकाउन प्रेरित गर्ने शिक्षक ५जना (८३.३३ %), कक्षा समयमा कमजोर विद्यार्थीलाई बढी अवसर दिने शिक्षक ४ जना (६६.६६ %) पाईयो भने ट्युशनको व्यवस्था गर्न लगाउने, कमजोर विद्यार्थीलाई बढी समय दिने, शिक्षण विधि परिवर्तन गरेर कक्षा लिने र विद्यार्थीलाई सिर्जनात्मकताका लागी समय उपलव्ध गराउने शिक्षक संख्या कम पाईयो ।

सिकाइ उपलब्धि वृद्धि गर्न उल्लेखित तरिकाका अतिरिक्त शिक्षकहरुले विद्यालय आउन प्रेरित गर्ने, कथा, कविता, चुटकिला, गीत, नाच जस्ता अतिरिक्त क्रियाकलापको संचालन गरी पाठलाई सञ्चालन गर्ने, बालमनोविज्ञान अनुसार बालबालिकालाई माया स्नेह दिने तथा खेलको माध्यमबाट पाठलाई प्रस्तुत गर्ने, राम्ररी सिकेका बालबालिकालाई पुरस्कार प्रदान

गरी सबैलाई सिकाइ क्रियाकलापमा समाहित गराउने गरेको विचार अनौपचारिक छलफलमा शिक्षकले व्यक्त गरेका थिए ।

### ४.१.४ विद्यार्थीको श्रेणी विभाजन र कक्षोन्नतीको अवस्था

हालको नयाँ पाठ्यक्रम २०६३ का अनुसार उदार कक्षोन्नतीका ५ वटा मापदण्डहरुमा अति उत्तम, उत्तम र सामान्य वर्गमा छुट्याईन्छ । अति उत्तम, उत्तम र सामान्य वर्गलाई क्रमशः तिन, दुई र एक रेजाले मूल्याङ्कन फारममा चिनो लगाईन्छ । जसबाट सुत्र प्रयोग गरी प्रतिशत निकालिन्छ । उक्त प्रतिशतका आधारमा ७० % भन्दा बढी अंक ल्याउने "क" श्रेणी, ४०–६९ प्रतिशतको बिचमा अंक प्राप्त गर्नेलाई "ख" श्रेणी र ४० % भन्दा कम अंक ल्याउनेलाई "ग" श्रेणीमा राखिन्छ । उक्त श्रेणी विभाजन गर्ने काम त्रैमासिक रुपमा गणना गरी अभिलेख राखिन्छ । त्यसलाई वार्षिक रुपमा औषत गणना गरी विद्यार्थीको श्रेणी छुट्याईन्छ । सबै श्रेणीका विद्यार्थीलाई माथिल्लो कक्षामा अनिवार्य कक्षोन्नती गरिन्छ । अध्ययन क्षेत्रमा रहेका शिक्षकहरुले श्रेणी विभाजन गरेको तरिका निम्नानुसार रहेको पाईयो :

तालिका ५ : विद्यार्थीको श्रेणी विभाजनको तरिका

| क.सं. | श्रेणी विभाजनको तरिका | प्रयोग गर्ने शिक्षक | प्रतिशत |
|---|---|---|---|
| १ | पाठ्यक्रमले तोके बमोजिम | ४ | ६६.६६ |
| २ | पाठ्यक्रमले तोके भन्दा फरक | १ | १६.६६ |
| ३ | पुरानो पद्धतिबाट | १ | १६.६६ |

स्रोत : स्थलगत अध्ययन,२०६८

विद्यार्थीको श्रेणी विभाजनको सम्वन्धमा नमूना विद्यालयका शिक्षकहरुमध्ये ४ जना ( ६६.६६) प्रतिशतले पाठ्यक्रमले तोके बमोजिम श्रेणी विभाजन गरेको पाईयो । तर १ जनाले पुरानो पद्धति र १ जनाले पाठ्यक्रमले तोके भन्दा फरक तरिकाले श्रेणी विभाजन गरेको पाईयो । श्रेणी विभाजन गरी तिनवटै श्रेणीका बालबालिकालाई माथिल्लो कक्षामा कक्षोन्नती गर्दा जान्ने र नजान्ने दुवै श्रेणीका बालबालिकालाई एकै ठाउँमा राखेर शिक्षण गर्न गाह्रो हुने २ जना शिक्षकको राय छ । चार जना शिक्षकहरु भने पाठ्यक्रमले तोके अनुसार श्रेणी विभाजन गरी माथिल्लो कक्षामा पुगेपछि श्रेणी अनुसार समूह विभाजन गरी अध्यापन गराउन सजिलो हुने राय व्यक्त गर्छन । श्रेणी विभाजन गरी उदार कक्षोन्नती कार्यका लागी व्यवहारिक रुपमा प्रभावकारी तालिमको आवश्यक्ता रहेको देखिन्छ ।

### ४.१.५. उदार कक्षोन्नतीका आधार र मापदण्डको प्रयोग

निरन्तर मूल्याङ्कन प्रणालीका ५ वटा मापनको आधारमा र पाठगत रुपमा निर्दिष्ट सिकाइ उपलब्धिहरु पूरा भए नभएको हेरिन्छ। निरन्तर विद्यार्थी मूल्याङ्कनको फारम प्रयोग गर्दै प्रत्येक पाठबाट प्राप्त विद्यार्थीको उपलब्धिलाई लिखित मौखिक परीक्षा समेतको प्रगतीलाई कार्यसञ्चयिकामा अद्यावधिक गरिन्छ। यहाँ अध्ययन क्षेत्रका विद्यालयका शिक्षकहरुले पाठ्यक्रमले तोकेको कार्यसञ्चयिकामा समेटिने पक्षहरुको प्रयोगको अवस्था र कक्षा उकास्ने मापदण्ड प्रयोगको अवस्थालाई शीर्षक बनाई विश्लेषण गरिएको छ :

(क) कार्यसञ्चयिकामा समेटिने पक्षहरुको प्रयोगको अवस्था

प्राथमिक पाठ्यक्रम २०५७ ले कार्यसञ्चयिकामा विषयगत उपलब्धि, हाजिरी, विद्यार्थीको सामाजिक, आर्थिक, पारिवारिक विवरण, अभिभावकका सुझावहरु, परियोजना कार्य, गृहकार्य/कक्षा कार्य, व्यवहार परिवर्तन, अतिरिक्त क्रियाकलाप, सिर्जनात्मक कार्यजस्ता पक्षहरु समेटिनु पर्ने उल्लेख छ। नमुना विद्यालयका शिक्षकहरुले उपर्युक्त पक्षहरुको प्रयोगको अवस्थालाई निम्न तालिकामा उल्लेख गरिएको छ :

तालिका ६ : कार्यसञ्चयिकामा समेटिनु पर्ने पक्षहरुको प्रयोग

| क्र.सं. | समेटनु पर्ने पक्षहरु | प्रयोग गर्ने शिक्षक | | प्रयोग नगर्ने शिक्षक | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | विषयगत उपलब्धि | ३ | ५० | ३ | ५० |
| २ | विद्यार्थीको सम्पूर्ण विवरण | २ | ३३.३३ | ४ | ६६.६६ |
| ३ | विद्यार्थी हाजिरी | ५ | ८३.३३ | १ | १६.६६ |
| ४ | गृहकार्य/कक्षाकार्य | ६ | १०० | – | – |
| ५ | कक्षासहभागिता/परियोजना कार्य | ३ | ५० | ३ | ५० |
| ६ | व्यवहार परिवर्तन | १ | १६.६६ | ५ | ८३.३३ |
| ७ | सिर्जनात्मक कार्य | ३ | ५० | ३ | ५० |
| ८ | अत्तिरिक्त क्रियाकलाप | ४ | ६६.६६ | २ | ३३.३३ |
| ९ | अभिभावकबाट लिएका सुझाव | १ | १६.६६ | ५ | ८३.३३ |

स्रोत : स्थलगत अध्ययन, २०६८

कार्यसञ्चयिका तयार गर्दा पाठ्यक्रममा उल्लेख भएका सबै पक्षलाई समेटेको पाईएन । केहि मात्रामा शिक्षकको प्रयासबाट मात्र पाठ्यक्रमले सिफारिस गरेका कुराहरु समेटेर सञ्चयिका निर्माण सम्भव छैन । यसमा विद्यालय प्रशासन, व्यवस्थापन समिति, स्रोतकेन्द्र लगायत शिक्षकहरुको सामुहिक प्रयासको आवश्यक्ता पर्छ । माथिको तालिकामा विषयगत उपलब्धि, विद्यार्थी हाजिरी, कक्षा कार्य/गृहकार्य, कक्षा सहभागिता /परियोजना कार्य, सिर्जनात्मक कार्य र अतिरिक्त क्रियाकलाप जस्ता धेरै पक्षहरुलाई शिक्षकहरुले कार्यसञ्चयिकामा समेटेको देखिन्छ । तर विद्यार्थीको सामाजिक आर्थिक विवरण, परियोजना कार्य, व्यवहार परिवर्तन, अभिभावकका सुझावजस्ता पक्षहरु केहि शिक्षकको कार्यसञ्चयिकामा नसमेटिएको र अनुमानको भरमा उदार कक्षोन्नती भईरहेको विश्लेषण गर्न सकिन्छ ।

(ख) कक्षा उकास्ने मापदण्ड प्रयोगको अवस्था

उदार कक्षोन्नती गर्न पाठ्यक्रमले माथिल्लो कक्षामा जान उमेर पुगेको हुनुपर्ने, सत्तरी प्रतिशत हाजिर भएको हुनुपर्ने र विशिष्ट क्षमता देखाउने विद्यार्थीलाई माथिल्लो कक्षामा चढाउन सकिने मापदण्ड तोकेको छ । यहाँ नमूना विद्यालयका शिक्षकहरुले कक्षा उकास्ने मापदण्डहरुलाई निम्नानुसार प्रयोग गरेको पाईयो :

तालिका ७ : कक्षा उकास्ने मापदण्डको प्रयोग

| क्र. सं. | मापदण्डहरु | प्रयोग गर्ने शिक्षक | | प्रयोग नगर्ने शिक्षक | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | माथिल्लो कक्षामा जाने उमेर पुगेको हुनुपर्ने | ६ | १०० | – | – |
| २ | सत्तरी प्रतिशत हाजिर भएको हुनुपर्ने | २ | ३३.३३ | ४ | ६६.६६ |
| ३ | विशिष्ट क्षमता देखाउने विद्यार्थीलाई कक्षा उकास्ने | – | – | ६ | १०० |
| ४ | ज्यादै कम उपलब्धि भएका विद्यार्थीलाई अभिभावकको परामर्शमा कक्षा दोहोऱ्याउने | – | – | ६ | १०० |
| ५ | सत्रको अन्तमा कक्षा उकास्न नहुने | ६ | १०० | – | – |

स्रोत : स्थलगत अध्ययन, २०६८

शिक्षकहरुले उदार कक्षोन्नती गर्दा यसका मापदण्डहरुलाई खासै वास्ता गरेको पाईएन । उदार कक्षोन्नती सरकारको नीति हो । सबैलाई खुरुखुरु कक्षा चढाउनुपर्छ भन्ने धारणा अधिकांशमा पाईयो । माथी तालिका ७ मा भएको तथ्याङ्कले त्यहि कुरालाई संकेत गर्दछ ।

उदार कक्षोन्नती कार्यान्वयनको अवस्थालाई अध्ययन गर्दा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ मा उल्लेख भए बमोजिम मूल्याङ्कनलाई विद्यार्थीको सिकाइसँग आवद्ध हुने गरी विकसित गर्ने, विद्यार्थी मूल्याङ्कनलाई विद्यालयमा आधारित हुने गरी व्यवस्थित गर्ने, विद्यार्थी मूल्याङ्कनमा शिक्षकलाई जिम्मेवार बनाउने व्यवस्था छ । त्यसैगरी त्रैमासिक परीक्षाहरु सबै निर्माणात्मक हुने र विद्यार्थीका शैक्षिक उपलब्धिका अतिरिक्त विद्यार्थीका विशिष्ट व्यवहार, सीप, प्रवृत्ति जस्ता गुणात्मक पक्षको मूल्याङ्कनमा जोड दिने भनिएको छ । यस अध्ययनमा शिक्षक जिम्मेवार भएर अघि बढेको देखिदैन । कतिपय शिक्षकलाई उदार कक्षोन्नतीको मर्म नै थाहा छैन, उदार कक्षोन्नतीको मापदण्डहरु नै थाहा छैन, उदार कक्षोन्नती सरकारको नीति हो, कक्षामा भएका सबैलाई खुरुखुरु कक्षा उकास्दै लानुपर्छ भन्ने धारणा अधिकांश शिक्षकहरुमा रहेको पाईयो ।

अत्यन्तै कमजोर विद्यार्थीलाई अभिभावकको परामर्शमा कक्षा दोहोऱ्याउन पनि सकिने पाठ्यक्रमको मर्मलाई बेवास्ता गरिएको र माथिल्लो कक्षामा पुगेपछि कार्यसञ्चयिका अध्ययन गरी थप समय उपलब्ध गराई विद्यार्थीलाई सिकाएर अगाडी बढाउँदै लैजानुपर्छ भन्ने ज्ञान नभएका कारण शिक्षकको गैर जिम्मेवारी मूल्याङ्कनले राष्ट्रको शैक्षिक गुणस्तरियता मूल्याङ्कन गर्ने योजनामा समेत प्रभाव पर्ने देखिन्छ ।

मानिसका आवश्यक्ताहरु क्रमवद्ध रुपमा एक पछि अर्को न्यूनतमबाट उच्चतम तर्फ अगाडी बढ्दै जान्छन । त्यसै गरी शिक्षण सिकाइ क्रियाकलाप पनि सरलबाट जटिलको क्रममा एकपछि अर्को पूरा गराउँदै अगाडी बढेमा प्रभावकारी र स्थायी हुन्छ । उदार कक्षोन्नती नीतिमा पनि एक पछि क्रमशः अर्को उपलब्धि पूरा गरेपछि मात्र कक्षा चढाउने व्यवस्था गरिएको छ । यस अध्ययनमा बालकलाई जाने पनि नजाने पनि कक्षोन्नती गरिएको छ । आधारभूत सिकाइ उपलब्धि प्राप्त नगरी अर्को सिकाइ उपलब्धि प्राप्त गर्न विद्यार्थी सक्षम हुदैनन, सिकाइ सरलबाट जटिलतिर क्रमशः बढाउँदै आवश्यक्ताका श्रेणी झैं अगाडी बढाउनुपर्नेमा त्यसो नभएकाले व्यवहारिक र प्रभावकारी तालिमका साथै प्रत्यक्ष अनुगमनका साथ यस नीतिलाई अगाडी बढाउनुपर्ने देखिन्छ ।

स्किनरका अनुसार सिकारुलाई तय गरिएका उपलव्धिहरुमा अभ्यस्त गराईसकेपछि मात्र अर्को शैक्षिक उपलव्धितिर अगाडी बढाउनुपर्ने तथा विद्यार्थीहरुका लागी तय गरिएका उपलव्धिहरु क्रमशः हासिल नभएसम्म सिकारुलाई पटकपटक शिक्षकले अभ्यस्त गराउनुपर्ने भनिएको छ । तर यहाँ एउटा शैक्षिक उपलव्धि प्राप्त होस या नहोस उसलाई आधारभूत सिकाइ उपलव्धिको अभावमा विद्याथीलाई तह पार गराउँदै लाने र विद्यार्थीलाई कुहिराको काग जस्तो बनाउने स्थिति रहेको पाईयो । यस शैलीले शिक्षाका राष्ट्रिय र विषयगत उद्देश्य पूरा हुन सक्दैनन ।

## ४.२. उदार कक्षोन्नती र सिकाइ उपलव्धि

विद्यार्थीलाई शिक्षा दिनुको अर्थ उनिहरुलाई पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलव्धि हाँसिल गराउनु हो । निर्माणात्मक मूल्याङ्कनको उद्देश्य विद्यार्थीहरुमा प्रभावकारी रुपमा शिक्षण सिकाइ गरेर पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलव्धि पूरा गराउने हो । पठनपाठनसँगै निरन्तर रुपमा गरिने मूल्याङ्कनलाई निरन्तर विद्यार्थी मूल्याङ्कन भनिन्छ । विद्यार्थीको कठिनाई स्तर बुझेर सो अनुरुप शिक्षण गरेमा पाठ्यक्रमले तोकेको सिकाइ उपलव्धि आर्जन गराउन सकिन्छ । यसै धारणामा आधारित विद्यार्थीलाई सिक्ने कुरा सिकाएर फेल नगराई कक्षा चढाउनु उदार कक्षोन्नती हो ।

### ४.२.१. कक्षा १–३ को विद्यार्थी विवरण

यस अध्ययन क्षेत्रभित्रका जम्मा ३० वटा सामुदायिक विद्यालयहरुमध्ये नमूना छनौटमा परेका ३ वटा विद्यालयको २०६८ सालको विद्यार्थी सङ्ख्या निम्नानुसार रहेको छ :

तालिका ८ : कक्षा १–३ को विद्यार्थी विवरण

| क्र.सं. | विद्यालयको नाम | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|---|
| १ | श्री नवदुर्गा प्रा.वि.हिलेछाप | ४२ | ४६ | ८८ |
| २ | श्री कालिका नि.मा.वि.पोखरे | ५५ | ६० | ११५ |
| ३ | श्री सरस्वती उ.मा.वि.खानिभञ्ज्याङ्ग | ४८ | ५४ | १०२ |
| | जम्मा | १४५ | १६० | ३०५ |

स्रोत : तथ्याङ्कफारम,२०६८

माथीको तालिकामा नमूना छनौटमा परेका विद्यालयहरुमध्ये कक्षा १–३ सम्मको विवरणमा सबैभन्दा बढी विद्यार्थी भएको विद्यालय श्री कालिका नि.मा.वि.पोखरे हो भने

दोश्रोमा श्री सरस्वती उ.मा.वि.खानिभञ्ज्याङ्ग र तेश्रोमा श्री नवदुर्गा प्रा.वि.हिलेछाप पर्दछन । जम्मा विद्यार्थी सङ्ख्या मध्ये १५ जना छात्रहरुको सङ्ख्या बढी छ ।

### ४.२.२. विगत ३ वर्षमा कक्षा दोहोऱ्याउने विद्यार्थी ( कक्षा १–३)

कक्षा दोहोऱ्याउने सङ्ख्या बढी हुनु भनेको शैक्षिक क्षति हुनु हो । त्यसमा शिक्षकहरुको मेहनत, समय र सरकारी लगानी खेर जान्छ । यस्तो क्षति कम गर्न कक्षा दोहोऱ्याउने सङ्ख्या कम गर्दै उदार कक्षोन्नती नीति लागू गर्नुपर्ने देखिन्छ । नमूना छनौटमा परेका विद्यालयहरुको (कक्षा १–३) को विगत तिन वर्षको उहि कक्षा दोहोऱ्याउने सङ्ख्या तलको तालिकामा देखाईएको छ :

तालिका ९ : विगत ३ वर्षमा कक्षा दोहोऱ्याउने विद्यार्थी (कक्षा १–३)

| क.सं. | शैक्षिक सत्र | विद्यार्थी भर्ना | | | कक्षा दोहोऱ्याउने सङ्ख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | प्रतिशत |
| १ | २०६६ | १७५ | १८० | ३५५ | १० | १३ | २३ | ६.४७ |
| २ | २०६७ | १४८ | १५७ | ३०५ | ७ | ९ | १६ | ५.२४ |
| ३ | २०६८ | १४५ | १६० | ३०५ | ११ | ९ | २० | ६.५५ |

स्रोत : तथ्याङ्क फारम,२०६६,२०६७,२०६८

माथिको तालिकाको विश्लेषणले के देखाउँछ भने २०६६ बाट २०६८ सम्म आउँदा दोहोऱ्याउने दर घटदो क्रममा नभई बरु बढने क्रममा देखिन्छ । यसले सिकाइ उपलब्धि प्राप्तिमा कमजोरीपन देखिनुका साथै उदार कक्षोन्नतीमा सबै विद्यार्थी सामेल नभएको देखियो ।

### ४.२.३. विगत तिन वर्षमा कक्षा छाड्ने दर (कक्षा १–३)

नमूना विद्यालयको विगत तिन वर्षको कक्षा छाड्ने दरलाई निम्न तालिकामा देखाईएको छ :

तालिका १० : विगत तिन वर्षमा कक्षा छाड्ने दर (कक्षा १–३)

| शैक्षिक सत्र | विद्यार्थी सङ्ख्या | | | कक्षा छाड्ने | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| २०६६ | १७५ | १८० | ३५५ | ९ | १२ | २१ | ५.९१ |
| २०६७ | १४८ | १५७ | ३०५ | ११ | १५ | २६ | ८.५२ |
| २०६८ | १४५ | १६० | ३०५ | ७ | १२ | १९ | ६.२२ |

स्रोत : तथ्याङ्क फारम,२०६६,२०६७,२०६८

तालिका दश अनुसार २०६६ सालमा नमूना विद्यालयमा भर्ना भएका कुल ३५५ जना विद्यार्थीमध्ये छात्रा ९ र छात्र १२ गरी २१ जनाले, २०६७ मा छात्रा ११ र छात्र १५ गरी २६ जनाले र २०६८ सालमा छात्रा ७ र छात्र १२ गरी २१ जनाले कक्षा छाडेको पाईयो । यसलाई हेर्दा उदार कक्षोन्नतीका कारण कक्षा छाड्ने दर कम हुनुपर्नेमा नभएको पाईयो ।

उदार कक्षोन्नती कार्यक्रमको उपलब्धि भनेको प्राथमिक शिक्षाको गुणात्मक विकास गराउने, कक्षा दोहोऱ्याउने विद्यार्थी सङ्ख्या कम गराउने र विचैमा विद्यालय छाड्ने सङ्ख्या कम गराउने हो । कक्षा दोहोऱ्याउनु पर्ने कारणले उमेर बढी हुँदा पछिल्ला पुस्ताका विद्यार्थीसँग बसी अध्ययन गर्न अप्ठ्यारो लाग्ने, पढाइमा प्रगती नहुने आत्ममूल्याङ्कन गरी अनेकौं मनोबैज्ञानिक कारणले कक्षा छाड्ने दर बढ्दै जान्छ । यो ठूलो शैक्षिक क्षति हो । त्यसैले औपचारिक परीक्षा विना नै निरन्तर मूल्याङ्कनका आधारमा उदार कक्षोन्नती नीति लागू गरिएको हो । तर विद्यालयहरुले उदार कक्षोन्नतीका उपलब्धिहरुलाई आत्मसात गर्न सकेको देखिदैन ।

## ४.२.४. विगत तिन वर्षको उतिर्ण दर (कक्षा १–३)

विद्यार्थी उतिर्ण भएपछि माथिल्लो कक्षामा जान्छ । निरन्तर मूल्याङ्कनको आधारबाट अघिल्लो कक्षामा सिक्न बाँकी रहेका सिकाइ उपलब्धिहरु छुट्टै समय लिएर वा कक्षाकोठामा नै त्यस्ता विद्यार्थीलाई बढी निगरानी राखेर सिकाउँदै अगाडी बढाउदैं लैजाने उद्देश्यले उदार कक्षोन्नती गरिन्छ र विद्यार्थी उतीर्ण हुन्छ । यहि उतिर्ण सङ्ख्याको स्थिति यस तालिकाबाट विश्लेषण गरिएको छ :

तालिका ११ : विगत तिन वर्षको विद्यार्थी उतिर्ण दर (कक्षा १–३)

| शैक्षिक सत्र | परीक्षामा सम्मिलित | | | उतिर्ण विद्यार्थी | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| २०६६ | १६६ | १६८ | ३३४ | १५६ | १५५ | ३११ | ९३.११ |
| २०६७ | १३७ | १४२ | २७९ | १३० | १३३ | २६३ | ९४.२६ |
| २०६८ | १३८ | १४८ | २८६ | १२७ | १३९ | २६६ | ९३.०० |

स्रोत : स्थलगत अध्ययन,२०६८

परीक्षामा सम्मिलित भएका विद्यार्थीहरु विगत तिन वर्षको तथ्याङ्कले कुनै पनि शैक्षिक सत्रमा पूर्ण रुपमा उतिर्ण भएको देखिएन् । २०६६ मा ९३.११ % उतिर्ण दर भएकोमा, २०६७ मा बढेर ९४.२६ % भएको देखिन्छ भने पून २०६८ मा घटेर ९३ % भएकाले के प्रष्ट हुन्छ भने उतिर्ण दरमा उदार कक्षोन्नतीले खासै प्रभाव नपारेर पुरानै पद्धतिले जरा गाडेको देखिन्छ ।

तालिका ४ बाट पनि निष्कर्ष यो निस्कन्छ कि विद्यार्थीको उतिर्ण प्रतिशतमा कमी आएको र विद्यार्थीले सिक्न बाँकि रहेका पाठहरु माथिल्लो कक्षामा वा थप समय उपलब्ध गराई पुरा गराउनु पर्नेमा त्यो मान्यता बमोजिम कक्षोन्नती नभएको पाईयो र यसले सिकाइ उपलब्धि बढाउने पक्षमा कुनै प्रयास नै नभएको देखिन्छ ।

### ४.२.५. वालमैत्री विद्यालय कार्यक्रमसँग सिकाइ उपलब्धि

बालबालिकालाई स्वतन्त्ररुपमा र निर्धक्क भएर आफ्ना सुधारात्मक क्रियाकलापहरु सञ्चालन गर्न सहयोग पुऱ्याउँदै विषयवस्तुको ज्ञान पनि सोहि समयमा प्रदान गर्ने उद्देश्यले बालमैत्री विद्यालय कार्यक्रम लागु गरिएको हो । विद्यार्थीलाई भयरहित वातावरणमा बालमनोविज्ञान बुझ्रेर शिक्षण गरेमा सिकाइ उपलब्धिमा प्रभावकारिता वृद्धि हुने विश्वासका साथ उक्त कार्यक्रम ल्याईएको हो । यस कार्यक्रमका अध्ययनका सूचकहरुको स्थिति निम्न तालिकामा देखाइएको छ :

तालिका १२ : बालमैत्री विद्यालय कार्यक्रमका सूचकहरुको स्थिति

| क्र. सं. | सूचकहरु | नभएको | | केहि भएको | | राम्रो | |
|---|---|---|---|---|---|---|---|
| | | रेजा संख्या | प्रतिशत | रेजा संख्या | प्रतिशत | रेजा संख्या | प्रतिशत |
| १ | उपलब्धिमा आधारित शिक्षण सिकाइ | ० | ० | २ | ३३.३३ | ४ | ६६.६६ |
| २ | विद्यार्थीहरु सिक्न उत्साहित | ० | ० | ० | ० | ६ | १०० |
| ३ | विषयगत सिकाइ उपलब्धिमा सुधार | ० | ० | २ | ३३.३३ | ४ | ६६.६६ |
| ४ | विद्यार्थीहरुले आफ्ना कुरा शिक्षकसँग निर्धक्क राख्ने | ० | ० | ३ | ५० | ३ | ५० |
| ५ | कक्षा नियमिततामा वृद्धि | ० | ० | ३ | ५० | ३ | ५० |
| ६ | कक्षा क्रियाकलापमा सक्रिय सहभागिता | ० | ० | १ | १६.६६ | ५ | ८३.३३ |

स्रोत : खानिभञ्ज्याङ्ग स्रोतकेन्द्र,२०६८

नमूना छनौट भएका विद्यालयहरु बालमैत्री विद्यालय कार्यक्रम संचालन भएका विद्यालय भएकाले उक्त कार्यक्रमको सूचक स्थितिमा सूधार भए नभएको कुरा रेजा सङ्ख्या गणनाको आधारबाट विश्लेषण गरिएको छ । बालमैत्री विद्यार्थी केन्द्रित शिक्षण विधि लागू गरेपछि १०० प्रतिशत विद्यार्थीहरु सिक्न उत्साहित भएको तथ्याङ्क छ । सिकाइ उपलब्धिमा आधारित सिकाइमा ३३.३३ % को केहि मात्रामा सुधार भएको र ६६.६६ % को राम्रो सुधार आएको देखियो । विद्यार्थीहरुले आफ्ना कुरा शिक्षकसँग राख्ने र कक्षा नियमिततामा वृद्धिमा ५० % ले केहि सुधार आएको र ५० % ले राम्रो भएको प्रतिक्रिया दिएको पाइयो । विषयगत सिकाइ उपलब्धि सुधारमा ३३.३३ % ले केहि सुधार भएको र ६६.६६ % ले राम्रो भनी सुझाव दिएको पाईयो भने कक्षा क्रियाकलापमा सक्रिय सहभागितामा १६.६६ % ले केहि सुधार भएको र ८३.३३ % ले राम्रो भएको प्रतिक्रिया दिएको पाईयो । कुनै पनि सूचकहरुमा सुधार नभएको भन्ने स्थिति छैन । सिकाइ उपलब्धि वृद्धि गर्ने आधारभूत सूचकहरुमा सबै सूचकहरुले बालमैत्री र विद्यार्थी केन्द्रित विधिबाट सिकाइमा वृद्धि भएको

संकेत गरेको छ । यसरी सिकाइमा वृद्धि हुने वातावरण हुँदाहुँदै पनि उदार कक्षोन्नती नभएको, कक्षा छाड्ने दर नरोकिएको, उतिर्ण दर वृद्धि नभएको र दोहोऱ्याउने दर पनि कायम रहेकाले प्रेरणा र उत्साहको कमीको कारण बालबालिका निस्क्रिय भई सिकाइमा संलग्न नभएको देखिन्छ ।

### ४.२.६. कक्षागत र विषयगत सिकाइ उपलब्धि

उदार कक्षोन्नती गर्न विद्यार्थीहरुको विषयगत उपलब्धिका तथ्याङ्कहरुलाई पनि मूल्याङ्कन गर्नुपर्छ । विषयगत रुपमा कुन विषयमा बढी उपलब्धि भएको छ र कुनमा कमजोर छ रुचीको विषय के हो ? कुन विषयवस्तुलाई बढी जोड दिनुपर्ने हो भन्ने कुरा छुट्याउन र सो अनुसार शिक्षकले अघि बढ्न सहयोग पुग्छ । यहाँ विगत तिन वर्षको नमूना विद्यालयको वार्षिक मार्कलेजरमा आधारित कक्षागत र विषयगत सिकाइ उपलब्धिलाई तालिकामा देखाइएको छ :

तालिका १३ : कक्षागत र विषयगत सिकाइ उपलब्धि २०६६, २०६७, २०६८

| विषय | २०६६ | | | २०६७ | | | २०६८ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा १ | कक्षा २ | कक्षा ३ |
| नेपाली | ४५ | ५४ | ४४.६ | ४८ | ५३ | ६७.८ | ५६.६ | ५२.९ | ६६.७ |
| अंग्रेजी | ३९.५ | ४१.८ | ४३.५ | ३८.९ | ४२ | ४४.५ | ४० | ४३.५ | ४८ |
| गणित | ४१.५ | ४५ | ४२ | ४२.५ | ४३ | ४५.६ | ४३ | ५० | ४९ |
| विज्ञान | ४९ | ४४.५ | ५२.८ | ५१.५ | ५६ | ५४.५ | ४९ | ५५.५ | ५६.७ |
| सामाजिक | ५४ | ५१.९ | ६०.५ | ४४.५ | ५६.८ | ५९.३ | ५५.६ | ६०.५ | ६२ |
| जम्मा | २२९ | २३७ | २४३ | २२५ | २५० | २७१ | २४४ | २६२ | २८३ |
| औषत | ४५.८ | ४७.४ | ४८.६ | ४७.० | ५०.१ | ५४.३ | ४८.८ | ५२.४ | ५६.७ |

स्रोत : विद्यालय मार्कलेजर,२०६६,२०६७,२०६८

तालिका तेह्रबाट विश्लेषण गर्दा विषयगत सिकाइ उपलब्धिमा कक्षा बढदै जाँदा सिकाइ उपलब्धि बढदै गएको देखिन्छ । विषयगत रुपमा सबैभन्दा बढी सिकाइ उपलब्धि नेपाली विषयमा रहेको देखिन्छ । दोश्रोमा सामाजिक, तेश्रोमा विज्ञान, चौथोमा अंग्रेजी र सबैभन्दा कम सिकाइ उपलब्धि गणित विषयमा रहेको देखिन्छ । कक्षा १, २, ३ मा प्राय सिकाइ उपलब्धि तल माथी तल माथी भएको देखिन्छ । यो अवस्था प्राय सबै २०६६, २०६७

र २०६८ सालमा नै देखिन्छ । यसरी उदार कक्षोन्नती लागु भएका विद्यालयहरुमा सिकाइ उपलब्धि प्राय ५० % बाट पनि ओरालो लाग्नु सङ्ख्यात्मक रुपमा कक्षा बढने तर गुणात्मकता स्थिर रहने स्थितिले यो नीतिलाई लक्ष्यमा पुग्न बाधा पुग्ने देखिन्छ । उदार कक्षोन्नतीले सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पारेको देखिदैंन । निरन्तर मूल्याङ्कन र उदार कक्षोन्नती लागु हुँदा झन सिकाइ उपलब्धि स्तर कमजोर देखिएकाले बेलैमा प्रभावकारी अनुगमन र नीति कार्यान्वयनमा प्रभावकारिता नल्याए काम नलाग्ने गुणस्तरहिन जनशक्ति उत्पादन हुनेमा दुईमत छैन । तालिकाको अंक विश्लेषण गर्दा उदार कक्षोन्नती मात्र भएको, गुणस्तर भने खस्कदै गएको पुष्टि हुन आउँछ ।

स्किनर(१९३०) का अनुसार सिकारुलाई तय गरेका सिकाइ उपलब्धि प्राप्त गर्न सिकारु सिक्न तत्पर हुनुपर्छ । सिकारु सिक्न तत्पर छ र निरन्तर अभ्यास छ भने सिकाइ प्रभावकारी हुन्छ । मूल्याङ्कन एक पटकमा नगरेर विद्यार्थीले सिकाइमा देखाउने प्रतिक्रियाको आधारमा हरेक क्रियाकलापको निरन्तर मूल्याङ्कन गर्दै जानुपर्छ भनिएको छ । तर यहाँको वर्तमान शिक्षण प्रक्रियाले विद्यार्थीलाई उत्प्रेरीत गर्न सकेको देखिदैंन । कक्षा दोहोऱ्याउनु भनेको त्यस कक्षाका सिकाइ उपलब्धि प्राप्त नभई पुनः सोहि कक्षाका सिक्नुपर्ने कुराहरु बाँकी रहेको भन्ने बुझिन्छ । यहाँ उत्प्रेरणाको अभाव देखिन्छ, फलामलाई पनि तातेको अवस्थामा पिटेमा मात्र सहि आकारमा परिवर्तन गर्न सकिन्छ । त्यसैले सिक्न तत्पर भए पछिमात्र सिकाइ हुने भएकाले सिक्ने तत्परताको कमीको कारणले सिकाइ उपलब्धि प्राप्त नहुने र कक्षा दोहोऱ्याउनु पर्ने बाध्यता भएको देखिन्छ ।

उदार कक्षोन्नतीलाई प्रयोग गरी उतिर्ण दर बढाउनु पर्ने, उतिर्ण दर बढाएमा कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दरहरुलाई घटाउन सकिन्छ भन्ने मान्यता राखिएकोमा नमूना विद्यालयका विद्यार्थीहरुले निर्धारित सिकाइ उपलब्धि प्राप्त नगरेकाले उतिर्ण दर पनि केहि कमजोर देखिन्छ । कक्षामा सिकाइ हुन बाँकि रहेका विषयवस्तुहरु माथिल्लो कक्षामा थप समय उपलब्ध गराई सिकाउँदै लैजान सकिने प्रावधान प्रयोग गरी उतिर्ण गरेमा बालकमा उत्प्रेरणा जाग्ने र उ सिक्न उत्प्ररित हुँदै जाने हुन्छ, यसबाट कक्षा दोहोऱ्याउने र छाड्ने समस्यालाई समाधान गर्न सकिन्छ भन्ने मर्मलाई नमूना विद्यालयका शिक्षकले बुझनु पर्ने देखिन्छ ।

थर्नडाईक (१९१३) का अनुसार सिकाइ भनेको ठीक व्यवहारलाई आत्मसात गर्नु तथा बेठिक व्यवहारलाई त्याग्दै जानु हो । यस अध्ययनमा पनि बालबालिकालाई बालमैत्री

वातावरणमा शिक्षण गर्दै जाँदा उनिहरुको व्यवहारमा आएका विभिन्न ठीक व्यवहारलाई शिक्षकले स्थापित गर्दै जानुपर्छ । शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउनका लागि पाठ्यक्रमले तोकेका क्रियाकलाप तथा शैक्षिक सूचकहरुलाई क्रमशः अभ्यस्त बनाउँदै निचोडमा पुग्नु पर्दछ । यस अध्ययनमा पनि नमूना विद्यालयमा बालमैत्री कार्यक्रम अनुसार विभिन्न सूचकहरु निर्धारण गरी लागू गरिएकोमा केहि सूचकहरुमा सुधार आएको र केहिमा राम्रो सुधार आएको तथ्याङ्क प्राप्त भएको छ । कुनै पनि सूचकमा सुधार नआएको देखिदैंन । सिकाइका लागि उचित वातावरण हुँदाहुँदै पनि उतिर्ण दर शतप्रतिशत नभएको, कक्षा दोहोऱ्याउने दर नघटेको र कक्षा छाड्ने दर पनि कायम रहेकाले शिक्षकहरुलाई उदार कक्षोन्नती नीतिको मापदण्ड र प्रयोगको असरबारे ज्ञान नभएको देखिन्छ । बालबालिकालाई प्रेरणा र उत्सुकतापूर्ण वातावरणमा शिक्षण गर्दै सिकाइमा प्रभावकारिता ल्याउनुपर्ने देखिन्छ ।

शर्मा, जीवन (२०६६) का अनुसार उदार कक्षोन्नती नीतिले सबैलाई उत्साहित त गर्छ नै । तर सावधानीपूर्वक निरन्तर मूल्याङ्कन प्रक्रियालाई अपनाई कक्षामा हुने शिक्षण सिकाइलाई प्रभावकारी बनाउन नसकेमा र नपढी पनि पास भईन्छ भनेर नकारात्मक रुपमा लिईयो भने भावी पिंढीले आधारभूत कुरा नसिकेर जग कमजोर भएको घर जस्तै अवस्थामा पुग्न सक्छ । यस अध्ययनमा पनि बालकलाई उदार कक्षोन्नती गर्दै जाँदा विषयगत सिकाइ उपलब्धि पुरा नभएर विद्यार्थीको अवस्था दिनानुदिन कमजोर हुँदै गएको देखिन्छ । प्रत्येक वर्षको सिकाइ उपलब्धि तल खस्केको वा माथी जान नसकेको अवस्था देखिन्छ ।

उदार कक्षोन्नती र निरन्तर मूल्याङ्कन प्रक्रियाले विद्यार्थीहरुको मनोविज्ञानलाई असर नपर्ने गरि पठनपाठनलाई कक्षामा सिकाइको वातावरण सिर्जना गरी प्रत्येक विद्यार्थीहरुको सिकाइ उपलब्धि निरन्तर रुपमा वृद्धि गर्दै प्रतिभा प्रष्फुटन हुने अवसर सिर्जना गर्नुपर्छ । तर यस अध्ययनमा शिक्षकहरु उदार कक्षोन्नती गर्छन, केहिलाई अनुतिर्ण पनि गर्छन । निरन्तर मूल्याङ्कन भन्दा पनि पुरानै परीक्षा प्रणालीलाई आधार बनाएर यो कार्यक्रमलाई अगाडी बढाएका पनि छन् । कक्षोन्नती नीतिको प्रयोग गरिएको तर मापदण्ड र प्रक्रियाहरुको प्रयोग नगरी पुरानै मूल्याङ्कनको साधन (परीक्षा) लाई आधार मानी कक्षोन्नती गरिएकाले उपर्युक्त सबै कुरालाई हृदयङ्गम गरी संचार व्यवस्था र अनुगमन प्रणालीलाई बढी क्रियाशिल बनाई यस नीतिले अपेक्षा गरेको लक्ष्य हाँसिल गराउन सबै पक्षको आ–आफ्नो स्थानबाट सहयोग हुनुपर्ने देखिन्छ । नत्र उदार कक्षोन्नती नीतिले सिकाइ उपलब्धिमा नकारात्मक प्रभाव पार्ने निश्चित छ ।

## ४.३. उदार कक्षोन्नतीका समस्याहरु

वास्तवमा सिकाइ निरन्तर चलिरहने प्रक्रिया हो । यो जन्म देखि मृत्यु पर्यन्त चलिरहन्छ । यो व्यवहारमा आउने स्थायी परिवर्तन हो । त्यसैले भनिन्छ “सिकाइ कोक्रोबाट शुरु भएर चिहानमा गएर अन्त हुन्छ”। सिकाइ औपचारिक अनौपचारिक विभिन्न माध्यमबाट हुन्छ । शिक्षणका क्रममा प्राप्त गरिने सिकाइ औपचारिक हो । विभिन्न उद्देश्यहरु तय गरेर उद्देश्य प्राप्तिमा निरन्तर लागि रहँदा त्यसबाट सिकाइ उपलब्धि प्राप्त हुन्छ । यही सिकाइ उपलब्धि प्राप्त गर्न विभिन्न विधि प्रविधि, नीति कार्यनीति आदिलाई उपयोगमा ल्याइन्छ । यस अध्ययनमा उदार कक्षोन्नती नीतिलाई कार्यान्वयनमा ल्याउँदा सिकाइ उपलब्धिमा कस्तो असर गऱ्यो भन्ने कुरा अघिल्ला शीर्षकमा अध्ययन गरी सकिएको छ । अब उदार कक्षोन्नती लागु भैसकेपछि सिकाइ उपलब्धि प्राप्तिमा औंल्याइएका समस्याहरुलाई विश्लेषण गर्न विभिन्न शीर्षक उपशीर्षकहरुको प्रयोग गरिएको छ :

### ४.३.१. विद्यार्थी सङ्ख्या

विद्यार्थीको चाप अनुसार शिक्षण सिकाइ क्रियाकलाप फरक पर्छ । शिक्षकले सबैलाई नजर पुऱ्याउन सक्ने र विद्यार्थीले गरेका क्रियाकलापको सहि विश्लेषण गर्न सक्ने गरी विद्यार्थी सङ्ख्या निर्धारण गर्नुपर्छ । साधारणतया एउटा कक्षाकोठामा ३० जना विद्यार्थी राख्नुपर्ने व्यवस्था छ (पा.वि.के.२०६५) ।

यहाँ नमूना विद्यालयको कक्षागत विद्यार्थी सङ्ख्या निम्नानुसार रहेको पाईयो :

तालिका १४ : विद्यार्थी सङ्ख्या २०६८

| विद्यालय | कक्षा १ | | | कक्षा २ | | | कक्षा ३ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| नवदुर्गा प्रा.वि. | ११ | १२ | २३ | १६ | १४ | ३० | १७ | १८ | ३५ |
| कालिका नि.मा.वि. | २२ | १८ | ४० | २४ | २३ | ४७ | १५ | १३ | २८ |
| सरस्वती उ.मा.वि. | १२ | १० | २२ | १८ | १५ | ३३ | २३ | २४ | ४७ |
| जम्मा | ४५ | ४० | ८५ | ५८ | ५२ | ११० | ५५ | ५५ | ११० |
| औषत विद्यार्थी | १५ | १३ | २८.३ | १९.३ | १७ | ३६.६ | १८.३ | १८ | ३६.६ |

स्रोत : विद्यालय तथ्याङ्क फारम,२०६८

यस तथ्याङ्क अनुसार सबैभन्दा बढी विद्यार्थी सङ्ख्या श्री कालिका नि.मा.वि.पोखरेमा देखिन्छ र सबैभन्दा कम विद्यार्थी श्री नवदुर्गा प्रा.वि.हिलेछापमा रहेको देखिन्छ । नमूना विद्यालयको जम्मा विद्यार्थी सङ्ख्यालाई आधार मान्दा एउटा कक्षाकोठामा कक्षा १ मा औषत २९ जना, कक्षा २ मा ३७ जना र कक्षा ३ मा ३७ जना विद्यार्थी सङ्ख्या रहेको देखिन्छ । सङ्ख्याको आधारमा प्रत्येक कक्षामा समेट्न सक्ने नै विद्यार्थी सङ्ख्या देखिन्छ । जसका आधारमा हेर्दा सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पर्नु पर्ने देखिन्छ । तर सबै पक्षलाई विचार गर्दा विद्यार्थी सङ्ख्याले सिकाइ उपलब्धिमा ठुलो असर पर्छ ।

### ४.३.२. शिक्षक र दक्षता

कुनै पनि कार्यलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सङ्ख्यामा जनशक्ति र दक्ष तालिम प्राप्त व्यक्तिहरुको आवश्यक्ता पर्छ । शिक्षण एउटा कौशल हो, कला हो र विज्ञान पनि हो । शिक्षकले कलात्मक ढङ्गले कुनै पनि विषयवस्तुलाई प्रस्तुतिकरण गरेमा बालकले त्यसलाई ग्रहण गर्न सक्छ । यस्तो कला तालिमबाट प्राप्त हुन्छ । तालिम प्राप्त शिक्षकले विद्यार्थीको रुची, चाहना, क्षमता, उमेर, योग्यता र मनोविज्ञान बुझेर शिक्षण गर्न सक्छ । यहाँ नमूना विद्यालयको शिक्षक सङ्ख्या र तालिमको विवरण निम्नानुसार रहेको छ :

**तालिका १५ : प्राथमिक तहमा शिक्षक सङ्ख्या र तालिम विवरण**

| विद्यालय | तालिम प्राप्त | तालिम अप्राप्त | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| श्री नवदुर्गा प्रा.वि.हिलेछाप | ३ | ० | ३ | १०० |
| श्री कालिका नि.मा.वि.पोखरे | ५ | ० | ५ | १०० |
| श्री सरस्वती उ.मा.वि.खानिभञ्ज्याङ्ग | ४ | ० | ४ | १०० |
| जम्मा | १२ | ० | १२ | १०० |

स्रोत : तथ्याङ्क फारम,२०६८

नमूना विद्यालयका प्राथमिक तह (१–५) मा दरबन्दिमा मात्र जम्मा १२ जना शिक्षक रहेकोमा सबै १०० प्रतिशत तालिम प्राप्त शिक्षकहरु रहेको पाईयो ।

सबै शिक्षकहरु तालिम प्राप्त हुँदाहुँदै पनि विषयगत सिकाइ उपलब्धि स्तर कमजोर रहेको औषत उपलब्धि ५० को हाराहारीमा रहेको र उक्त अंक क्रमशः मन्द गतिमा तल झरिरहेको पाईएकोले तालिमको प्रयोग अनिवार्य रुपमा कक्षा कोठामा पुग्ने वातावरण तयार

गर्नुपर्ने, जसको अनुगमन हुनुपर्ने र शिक्षकलाई नयाँ नीति कार्यान्वयन हुँदा पूनर्ताजगी तालिम (जस्तैः– निरन्तर मूल्याङ्कन, उदार कक्षोन्नती सम्बन्धि) प्रदान गर्दै लैजानुपर्ने देखिन्छ । त्यसो भएमा मात्र सिकाइ प्रभावकारीतामा वृद्धि हुन्छ ।

### ४.३.३.शिक्षक विद्यार्थी अनुपात

एकजना शिक्षकले एउटा कक्षाकोठामा कतिजना विद्यार्थीलाई राखेर अध्ययन गर्दा सिकाइमा सरलता आउँछ, सिकाइ दिगो र स्थायी हुन्छ, सोहि अनुकुल सङ्ख्या मात्र कक्षाकोठामा राख्नुपर्छ । शिक्षक विद्यार्थी अनुपात प्राथमिक तहमा १:३० हुनुपर्छ । त्यसो भएमा निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रयोगमा ल्याउन सकिन्छ । अध्ययन स्थलमा शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको पाईयो :

तालिका १६ : शिक्षक विद्यार्थी अनुपात

| विवरण | शिक्षक सङ्ख्या | विद्यार्थी सङ्ख्या | अनुपात | कैफियत |
|---|---|---|---|---|
| ओखलढुङ्गा | ११८५ | ३२२८४ | १:२८ | दरबन्दि राहत |
| खानिभञ्ज्याङ्ग | १५० | ३४९० | १:२४ | दरबन्दि मात्र |
| नमूना विद्यालय | १२ | ३०५ | १:२६ | दरबन्दि मात्र |

स्रोत : जि.शि.का.ओखलढुङ्गा र तथ्याङ्क फारम, २०६८

तालिका १८ बाट हेर्दा पनि जिल्लास्तर देखी नमूना विद्यालय स्तरसम्म तोकेको मापदण्डभन्दा बढी विद्यार्थी नभएकाले पनि शिक्षण सिकाइमा सहजता नै हुनुपर्ने देखिन्छ ।

### ४.३.४.विद्यालय अभिभावक सम्बन्ध

विद्यार्थी विद्यालयका स्रोत हुन । अभिभावकले आफ्ना बालबालिकालाई ज्ञान सीप हाँसिल गर्न विद्यालयमा भर्ना गर्दछन् । विद्यालयले बालकको प्रगति विवरण शैक्षिक सत्रको बिच बिचमा पटक पटक अभिभावकलाई सम्प्रेषण गरिरहनुपर्छ । अभिभावकले पनि विद्यालयमा उपस्थित भएर बच्चाको प्रगती विवरण लिईरहनु पर्दछ । यसै सम्बन्धि नमूना विद्यालयका विद्यार्थीका ६ जना अभिभावक र ३ जना वि.व्य.स.अध्यक्षलाई विद्यालयले बिचबिचमा सम्पर्क गरी बच्चाको प्रगती कमजोरी बारेमा जानकारी गराउँछ कि गराउँदैन ? भनी गरीएको अर्न्तवार्तामा निम्नानुसारको प्रतिक्रिया प्राप्त भएको थियो :

तालिका १७ : प्रगति विवरणको सूचना सम्बन्धि जानकारी

| प्रतिक्रिया | मतसङ्ख्या | प्रतिशत |
|---|---|---|
| गराउँछ | २ | २२.२२ |
| गराउँदैन | २ | २२.२२ |
| कहिलेकाँहि | ५ | ५५.५५ |
| जम्मा | ९ | १०० |

स्थलगत अध्ययन,२०६८

प्राप्त भएको मतसङ्ख्याको आधारमा विद्यालयले बालबालिकाको प्रगती विवरणलाई अभिभावक सम्म पुऱ्याउने गरेको भन्ने पक्षमा २ जना (२२.२२ %), कहिलेकाँहिमात्र पुऱ्याउने गरेको भन्ने पक्षमा ५ जना (५५.५ %) र हामीलाई खबर दिदैंन थाहा पाएको छैनौं भन्नेमा २ जना (२२.२२ %) अभिभावक र अध्यक्ष पाईयो । यस अवस्थालाई विश्लेषण गर्दा विद्यालयको सूचना व्यवस्था कमजोर साथै विद्यालयले विद्यार्थीको प्रगती विवरण अभिभावक भेला आयोजना गरी छलफल र अर्न्तक्रिया गरी प्रकाशन गर्नु पर्ने नीतिको अबहेलना भएको देखिन्छ ।

त्यसै गरी शिक्षकले विद्यार्थीको गृहकार्य, अनुशासन, नैतिकता, मानविय व्यवहार सम्बन्धि जानकारी लिन्छन कि लिदैनन ? भनी गरिएको अर्न्तवार्तामा अभिभावकको निम्नानुसार प्रतिक्रिया पाईयो :

तालिका १८ : सामाजिक व्यवहार सम्बन्धि विवरण

| प्रतिक्रिया | मत सङ्ख्या | प्रतिशत |
|---|---|---|
| लिन्छन | २ | ३३.३३ |
| लिदैंनन | ४ | ६६.६६ |
| जम्मा | ६ | १०० |

स्रोत : स्थलगत अध्ययन,२०६८

शिक्षकले विद्यार्थीका सामाजिक व्यवहारहरु अनुशासन, नैतिकता, मानविय व्यवहार र गृहकार्य गर्ने बानी सम्बन्धि अभिभावकलाई सोधेर सो अनुसार शिक्षण गर्नुपर्छ । जसले सिकाइ उपलब्धिमा सुधार ल्याउन मद्दत गर्छ । यस अध्ययनमा शिक्षकको अभिभावकसँग त्यति सम्पर्क नभएको, उक्त व्यवहारप्रति अभिभाबकलाई प्रतिक्रिया नलिएको प्रतिक्रिया ४

जना (६६.६६ %) अभिभावकको थियो भने त्यस सम्बन्धमा प्रतिक्रिया लिएर काम गर्छन भन्ने अभिभावक २ जना (३३.३३ %) पाईयो । यस तथ्याङ्कबाट पनि शिक्षक र अभिभावकको सम्बन्ध कमजोर देखिन्छ । शिक्षक र विद्यार्थीको सम्बन्ध शिक्षण सिकाइमा समस्या सिर्जना गर्ने एउटा प्रमुख कारण हो ।

### ४.३.५.अभिभावकको आर्थिक अवस्था

विद्यार्थी विद्यालयका स्रोत हुन । अभिभावकले आफ्ना बालबालिकालाई ज्ञान सीप हाँसिल गर्न विद्यालयमा भर्ना गर्दछन् । विद्यालयले बालकको प्रगति विवरण शैक्षिक सत्रको बिच बिचमा पटक पटक अभिभावकलाई सम्प्रेषण गरिरहनुपर्छ । अभिभावकले पनि विद्यालयमा उपस्थित भएर बच्चाको प्रगती विवरण लिईरहनु पर्दछ । यस अवस्थामा आफ्ना बालबालिका विद्यालयमा नियमित गराउनु अभिभावकको दायित्व हुन आउँछ साथै बालबालिकालाई सामग्रीयुक्त अवस्थामा विद्यालयमा पुऱ्याउनु पनि अभिभावकको दायित्व हो । तर हाम्रा अधिकांश अभिभावकको आर्थिक अवस्था ज्यादै दयनिय भएकाले न त उनिहरुले सामग्री सहित विद्यालय पठाउन नै सक्छन न त नियमित पठाउन नै सक्छन । त्यती मात्र हैन आफ्ना बालबालिकाको सिकाइका सम्बन्धमा छलफल गर्न समेत उनिहरुलाई फुर्सद नहुने अवस्था छ किनभने उनिहरु ति कार्यमा लाग्न खोज्दा बिहान बेलुका उनिहरुलाई छाक टार्ने समस्या श्रृजना हुन्छ । त्यसैले अभिभावकको आर्थिक अवस्था उदार कक्षोन्नतीको लागी ठुलो समस्याको रुपमा रहेको छ ।

### ४.३.६. शिक्षकका कठिनाइ

उदार कक्षोन्नतीको प्रमुख आधार निरन्तर मूल्याङ्कन प्रणाली हो । निरन्तर मूल्याङ्कनको प्रमुख औजार कार्यसञ्चयिका हो । कार्यसञ्चयिका दक्ष र तालिम प्राप्त शिक्षकले मात्र सहि तरिकाले भर्न, तयार गर्न र प्रयोग गर्न सक्दछन । यसै सन्दर्भमा अध्ययन स्थलका विद्यालयका ३ जना प्रधानाध्यापकलाई उदार कक्षोन्नती गर्दा शिक्षकले महसुस गरेका कठिनाईहरु के कस्ता पाउनु भएको छ ? भनी खुला प्रश्न गर्दा सबै प्रधानाध्यापकहरुले शिक्षकको प्रमुख कठिनाई कार्यसञ्चयिकाको प्रयोग सम्बन्धि समस्या भएको बताए ।

निरन्तर मूल्याङ्कन प्रणाली कार्यक्रम पुस्तिका २०५६ मा हरेक शिक्षण सिकाइसँगै विद्यार्थीले सिके नसिकेको मूल्याङ्कन गर्नुपर्ने, कक्षागत रुपमा तोकिएका सिकाइ उपलब्धि पुरा भए नभएको मापन गर्नुपर्ने, आवश्यक शिक्षण सिकाइ क्रियाकलापसँगै विद्यार्थीका नमूना

कार्य सुनाइ, बोलाइ, पढाइ, लेखाइ, गणितिय कार्य र अन्य क्रियाकलापको समेत मूल्याङ्कन गर्नुपर्ने हुन्छ भन्ने कुरा उल्लेख छ। विद्यार्थी मूल्याङ्कन र कार्यसञ्चयिका व्यवस्थापनको माध्यमबाट अभिभावकलाई विद्यार्थीको प्रगतीको जानकारी गराउने शिक्षण सिकाइ क्रियाकलाप सँगसँगै विद्यार्थीको मूल्याङ्कन गर्ने व्यवस्था छ (पा.वि.के.२०५६)।

उपर्युक्त व्यवस्थाको प्रसङ्ग जोड्दै उदार कक्षोन्नती गराउँदा तपाईंको अनुभव र आईपरेका कठिनाईहरु के के छन ? भनी खुला प्रश्न गर्दा प्रधानाध्यापकहरुले घुमाउरो ढङ्गले आफ्नो राय उदार कक्षोन्नती नीति राम्रो हो, तर कक्षाकोठाको उचित व्यवस्था, शिक्षकलाई तालिम, बच्चाहरुको रुचीलाई ध्यानमा राखी शैक्षिक सामग्रीको उचित व्यवस्था, कक्षागत रुपमा शिक्षक व्यवस्था, बहुकक्षा बहुस्तर सम्बन्धि तालिम, विद्यालयमा भौतिक व्यवस्थापन राम्रो भए मात्र यो नीति राम्रो सावित हुन सक्छ भनी केहि प्र.अ.हरु भन्नुहुन्छ भने केहि प्र.अ.हरु परीक्षा नलिई कक्षा चढाउँदा गुणस्तर खस्कन्छ भन्नुहुन्छ। अर्काथरी प्र.अ.हरु लगातार मूल्याङ्कन शिक्षकलाई बोझ हुने राय पनि राख्छन। माथिल्लो कक्षामा गएपछि तल्लो कक्षामा सिक्न बाँकि रहेका कुराहरु सिकाउन झन्झट हुने, धेरै सिक्न बाँकि हुँदाहुँदै पनि खुरुखुरु कक्षा चढाउनुपर्ने कक्षोन्नती नीतिको दबावले कतिपय बालबालिका माथिल्लो कक्षामा पुग्छन, जसले सिकाइ उपलब्धिमा प्रत्यक्ष असर पुऱ्याउँछ। समग्रमा सरकारले लागू गरेको नीति भएकाले सबै विद्यालयहरुमा सिकाइ भएपनि नभए पनि कक्षोन्नती भईरहेको छ यो सिकाइ उपलब्धिको दृष्टिकोणले घातक बन्ने निश्चित छ।

टेलर (१९११) का अनुसार कामदारको कार्यक्षमतामा वृद्धि गर्न वैज्ञानिक ढङ्गबाट कक्षाकोठा र विद्यार्थी सङ्ख्याको उचित व्यवस्थापन गर्नुपर्छ। कक्षामा शिक्षक विद्यार्थी अनुपात १:३० भन्दा बढी भएमा अर्को कक्षा खोली अर्को शिक्षक समेत व्यवस्था गर्नुपर्छ। काम गर्ने वातावरण उपयुक्त भएमा मात्र कामदारले (शिक्षकले) उत्पादन बढाउँछ वा शिक्षकले सिकाइ उपलब्धिमा वृद्धि गराउँछ। टेलरले भने झै वैज्ञानिक ढङ्गबाट काम गर्न दक्ष तथा सिपालु कामदारको छनौट गर्नुपर्छ। शिक्षक पनि दक्ष हुनुपर्छ। छनौट गरिएका शिक्षकमा समेत नयाँ नीति तथा कार्यक्रम लागु भएपछि त्यससँग सम्बन्धित तालिमको व्यवस्था गर्नुपर्छ। जस्तैः निरन्तर मूल्याङ्कन र उदार कक्षोन्नती तालिम। त्यसो भएमा मात्र सिकाइ उपलब्धि वृद्धि गरी उद्देश्यहरु प्राप्तिमा सहयोग मिल्छ।

मास्लो(१९४३) का अनुसार कामदारलाई उत्प्रेरणा प्राप्ति नभए प्रभावकारी रुपमा काम गर्न सक्दैन। शिक्षकलाई बेलाबेलामा स्तर अनुसारका तालिम परामर्श निर्देशनहरु दिंदै

कामप्रति उत्प्रेरित गराउनुपर्छ । एउटा स्तरको तालिम सकिएपछि पुनः आवश्यक्ता अनुसार पूनर्ताजगी तालिमहरु तहगत रुपमा प्रदान गर्दै तालिमको कक्षाकोठामा प्रयोग भए नभएको अनुगमन र सहजीकरणलाई वृद्धि गर्दै गएमा शिक्षकले पनि तहगत रुपमा आवश्यक क्षमता अभिवृद्धि हुँदै जाने र अन्तमा आत्मसम्मानका लागि शिक्षा क्षेत्रमा नै मान पदवी पाउने गरी क्षमता र दक्षतालाई वृद्धि गर्न आफैं सक्षम हुन्छ । यस्ता कार्यले क्रमशः सिकाइ प्रभावकारितामा वृद्धि गर्ने अपेक्षा गर्न सकिन्छ ।

स्किनर(१९३०) का अनुसार सिकारुलाई तय गरेका उपलब्धिहरुमा अभ्यस्त तबसम्म गर्नुपर्छ, जवसम्म उपलब्धि हाँसिल हुदैन । यहाँ शिक्षक पनि सिकारु हो, शिक्षकले उदार कक्षोन्नती नीतिबाट सिकाइ उपलब्धि वृद्धि गर्न पटकपटक उक्त नीतिलाई प्रयोग गरिरहनु पर्छ । जवसम्म सिकाइ उपलब्धि प्राप्त हुदैन, तवसम्म उक्त नीति र त्यसका मापदण्डहरुको निरन्तर प्रयोग गरिरहनु पर्दछ । त्यस कार्यमा शिक्षकले आफ्नो रुची क्षमता प्रयोग गर्दै जानुपर्छ । हरेक उपलब्धिहरुको निरन्तर मूल्याङ्कन गर्दै जानुपर्छ । अभ्यासले मानिसलाई सिकाइप्रति दत्तचित्त वा उत्प्रेरित गराउँदै जान्छ ।

यहाँ शिक्षक निरन्तर मूल्याङ्कनलाई र पुरानै परीक्षा प्रणालीलाई मूल्याङ्कनको आधार बनाउने तर्फ लागिरहेको देखिन्छ । शिक्षकले पनि आफूलाई शिक्षाको राष्ट्रिय नीति र उद्देश्य अनुरुप अगाडी बढाउन स्किनरको सरलबाट जटिलतिर अभ्यस्त हुने वातावरण बनाई निरन्तर अभ्यासमा आफूलाई समाहित गराए उदार कक्षोन्नती नीतिबाट सिकाइ उपलब्धिमा सुधार र वृद्धि गर्न सकिन्छ ।

### ४.३.७. अनुगमन

कुनै पनि कार्यक्रम प्रभावकारी रुपमा अगाडी बढाउन राम्रो निरीक्षण र अनुगमनको आवश्यक्ता पर्छ । कार्यान्वियनमा देखिएका कठिनाई बाधा अड्चनहरुलाई हटाउन उपयुक्त सहयोग सल्लाह र सुझावको आवश्यक्ता पर्छ । कतिपय कमजोरी र अस्पष्टताहरुलाई बेलैमा सुधारेर अगाडी बढ्ने हो भने कार्यक्रमको प्रभावकारिता वृद्धि हुने प्रायः निश्चित छ ।

निरन्तर मूल्याङ्कनलाई प्रभावकारी बनाउन स्रोतव्यक्ति तथा विद्यालय निरीक्षकहरुलाई प्रत्येक वर्ष आफ्नो क्षेत्रका सबै विद्यालयका विद्यार्थीका कार्यसञ्चयिका स्थलगत अनुगमन गरी प्रमाणित गरिने, अनुगमन गर्दा कार्यसञ्चयिका जतनसँग राखे नराखेको, प्रगति विवरण कार्डमा चढाए नचढाएको, नमूना कार्य सहि रुपमा मूल्याङ्कन भए नभएको, नमूना कार्डमा

भए अनुसारको विद्यार्थीमा क्षमता भए नभएको जस्ता पक्षहरुको अनुगमन गर्नुपर्ने व्यवस्था छ । समस्या र समाधानका उपायहरु शुक्रबारे बैठक आयोजना गरी सुझाव दिनुपर्ने, केन्द्र र क्षेत्रबाट पनि निरन्तर विद्यार्थी मूल्याङ्कन लागु भएका जिल्लाको अनुगमन गरी प्रतिवेदन तयार गरी कार्यान्वयन गरीने स्पष्ट व्यवस्था छ (पा.वि.के.२०५६)।

नमूना विद्यालयहरुमा उपयुक्त र प्रभावकारी अनुगमनको व्यवस्थाको बारेमा शिक्षक र प्र.अ.लाई सोधपुछ गर्दा विद्यालयमा स्रोतव्यक्ति र वि.नि.उपस्थित हुने गरेको तर उपर्युक्त अनुगमनको बारेमा कुनै औपचारिक सरसल्लाह, सुझाव, परामर्श केहि नभएको जानकारी प्राप्त भयो । यसरी निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षक निर्देशिका २०५६ मा प्रष्ट विद्यार्थीका कार्यसञ्चयिकाको अनुगमन गर्नुपर्ने व्यवस्था हुँदाहुँदै उक्त कार्य नहुनुले एकातिर शिक्षकहरुलाई पनि सुझाव तथा निर्देशनको अभाव भएको र निरन्तर मूल्याङ्कन प्रणाली अलपत्रमा परेको, जसका कारण उदार कक्षोन्नती अन्धाधुन्ध प्रयोगमा ल्याईएकोले सिकाइ उपलब्धि स्तर कमजोर हुदैं गएको पुष्टि हुन्छ ।

केन्द्रिय र क्षेत्रिय अनुगमन प्रभावकारी भएको भए स्रोतव्यक्ति र विद्यालय निरीक्षकहरुले पनि शुक्रबारे बैठक पालैपालो विद्यालयमा सञ्चालन गरी रिपोर्ट पेश गर्ने व्यवस्था भएको थियो । त्यस अनुसार कार्यान्वयन हुनुको सट्टा उक्त शुक्रबारे बैठकको सम्बन्धमा शिक्षकहरुलाई केहि थाहै नहुनुले पनि अनुगमन निरीक्षण तथा सुपरिवेक्षण कमजोर देखिन्छ । त्यसको प्रत्यक्ष मार विद्यार्थी वर्गले भोग्नुपरेको छ । तसर्थ उदार कक्षोन्नती प्रणाली नियम संगत र नीतिसंगत नहुनुमा निरीक्षण अनुगमन प्रणाली पनि पूर्ण दोषी छ ।

## ४.४. उदार कक्षोन्नती प्रणालीलाई प्रभावकारी बनाउने उपायहरु

निरन्तर मूल्याङ्कनबाट उदार कक्षोन्नती गर्न धेरै कठिनाईहरु रहेको अध्ययनबाट देखिएको छ । शिक्षक, प्रधानाध्यापक, विद्यालय निरीक्षक र स्रोतव्यक्तिको सामुहिक छलफलबाट समस्या समाधानमा निम्न उपायहरु अपनाउन सकिने राय व्यक्त भएका छन :

### ४.४.१.शिक्षक र दक्षता

अध्ययन क्षेत्रका तिनवटा नमूना विद्यालयहरुमा अध्यापनरत  शिक्षकहरु,प्रधानाध्यापक, अभिभावक, विद्यार्थीलाई शिक्षक र दक्षता सम्बन्धमा प्रश्न गर्दा सबैको सामुहिक उत्तर एउटै थियो त्यो हो प्रभावकारी तालिम र पेशाप्रतिको लगनशिलता ।

कुनै पनि कार्यलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सङ्ख्यामा जनशक्ति र दक्ष तालिम प्राप्त व्यक्तिहरुको आवश्यक्ता पर्छ । शिक्षण एउटा कौशल हो, कला हो र विज्ञान पनि हो । शिक्षकले कलात्मक ढङ्गले कुनै पनि विषयवस्तुलाई प्रस्तुतिकरण गरेमा बालकले त्यसलाई ग्रहण गर्न सक्छ । यस्तो कला तालिमबाट प्राप्त हुन्छ । तालिम प्राप्त शिक्षकले विद्यार्थीको रुची, चाहना, क्षमता, उमेर, योग्यता र मनोविज्ञान बुझेर शिक्षण गर्न सक्छ ।

नमूना विद्यालयका प्राथमिक तह (१–५) मा जम्मा १२ जना शिक्षक दरबन्दि मात्र रहेकोमा सबै १०० प्रतिशत तालिम प्राप्त शिक्षकहरु रहेको पाईयो ।

सबै शिक्षकहरु तालिम प्राप्त हुँदाहुँदै पनि विषयगत सिकाइ उपलब्धि स्तर कमजोर रही क्रमशः मन्द गतिमा तल झरिरहेको पाईएकोले तालिमको प्रयोग अनिवार्य रुपमा कक्षा कोठामा पुग्ने वातावरण तयार गर्नुपर्ने, जसको अनुगमन हुनुपर्ने र शिक्षकलाई नयाँ नीति कार्यान्वयन हुँदा पूनर्ताजगी तालिम (जस्तैः– निरन्तर मूल्याङ्कन, उदार कक्षोन्नती सम्बन्धि) प्रदान गर्दै लैजानुपर्ने देखिन्छ । त्यसो भएमा मात्र सिकाइ प्रभावकारीतामा वृद्धि हुन्छ ।

### ४.३.३.शिक्षक विद्यार्थी अनुपात

एकजना शिक्षकले एउटा कक्षाकोठामा कतिजना विद्यार्थीलाई राखेर अध्ययन गर्दा सिकाइमा सरलता आउँछ, सिकाइ दिगो र स्थायी हुन्छ, सोहि अनुकुल सङ्ख्या मात्र कक्षाकोठामा राख्नुपर्छ । शिक्षक विद्यार्थी अनुपात प्राथमिक तहमा १:३० हुनुपर्छ । त्यसो भएमा निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रयोगमा ल्याउन सकिन्छ ।

नमूना विद्यालयको अवस्था हेर्दा पनि मापदण्डभन्दा बढी विद्यार्थी नभएकाले पनि शिक्षण सिकाइमा सहजता नै हुनुपर्ने देखिन्छ । विद्यार्थी सङ्ख्याको चाप घटाई विद्यार्थी केन्द्रित र प्रयोगात्मक शिक्षण सिकाइ गर्नुपर्ने, सिकाइका लागि शैक्षिक सामग्री उपलब्ध हुनुपर्ने, विद्यार्थीमा प्रतिष्पर्धात्मक र अन्तर्क्रियात्मक सिकाइको वातावरण तयार हुनुपर्ने, निरन्तर मूल्याङ्कन प्रणालीका मापदण्डहरु प्रयोगमा प्रभावकारिता वृद्धि गर्नुपर्ने, तालिम निर्देशनहरुको पूर्वतयारी गरी कक्षोन्नती नीति लागू गरिनुपर्ने, विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दि हुनुपर्ने, जिल्ला शिक्षा कार्यालय, स्रोतकेन्द्र तथा विद्यालय प्रशासनले यो उदार कक्षोन्नती नीतिको अनुगमन, मूल्याङ्कन, निर्देशन, सहयोग र सहजीकरण गरी अगाडी बढनु पर्ने देखिन्छ ।

### ४.४.२.विद्यालय अभिभावक सम्बन्ध

उदार कक्षोन्नतीको निती अभिभावकसँग पनि त्यत्तिकै सम्बन्धित छ । उनिहरुकै निगरानीमा बच्चाहरु अधिकांश समय रहने हुनाले विद्यालय र अभिभावकको बिचमा विद्यार्थीको उन्नती र प्रगतीको बारेमा पटक पटक छलफल र सुधारका लागी आवश्यक वातावरण तयार गर्नुपर्छ । विद्यालयले पनि विद्यार्थीको प्रगती विवरण अभिभावकलाई सम्प्रेषण गरीरहनुपर्छ । विद्यार्थीको गृहकार्य, अनुशासन, नैतिकता, मानविय व्यवहार सम्बन्धमा शिक्षकले पटक पटक जानकारी लिनुपर्छ । नेपालको सम्बन्धमा शिक्षक र अभिभावकको सम्बन्ध कमजोर नै देखिन्छ । उदार कक्षोन्नती प्रणालीलाई सफल बनाउनका लागी यो विद्यालय र अभिभावकको सम्बन्ध सकारात्मक बनाउनु जरुरी देखिन्छ ।

### ४.४.३.कार्यसञ्चयिकाको प्रयोग

परिमार्जित पाठ्यक्रम २०५७ ले निरन्तर मूल्याङ्कन प्रणालीमा प्रयोग गरिएका ५ वटा मापदण्डका आधारमा विद्यार्थीको मूल्याङ्कन गर्ने र जसको आधारबाट उक्त विद्यार्थीलाई पाठगत सिकाई उपलव्धि प्राप्त गरेको आधारबाट उत्तम, मध्यम र न्यून विद्यार्थीलाई क्रमश: (३),(२),(१) वटा रेजा प्रदान गरेर मूल्याङ्कनको रेकर्ड राख्नुपर्ने व्यवस्था गरेको छ । यस्तो रेकर्डका लागी प्रत्येक विद्यार्थीका लागि १/१ वटा व्यक्तिगत फाईल खडा गर्नुपर्ने हुन्छ, त्यसलाई कार्यसञ्चयिका भनिन्छ । यहि कार्यसञ्चयिकाको आधारमा उदार कक्षोन्नति गर्न सकिन्छ । अध्ययन क्षेत्रमा उदार कक्षोन्नतीको लागि सबै शिक्षकले कार्यसञ्चयिका बनाई प्रयोग गरेको देखिदैन । अध्ययन स्थलका ६ जना शिक्षकहरु मध्ये २ जना (३३.३३ %) ले कार्यसञ्चयिका प्रयोग गरेको र ४ जना (६६.६६ %) ले प्रयोग नगरेको पाईयो । कार्यसञ्चयिका प्रयोग गर्नेका हकमा पनि पूर्ण रुपमा पाठ्यक्रमले तोकेको ढाँचामा सञ्चयिका निर्माण गरेको अवस्था भेटिएन । यस अवस्थामा उदार कक्षोन्नतीको नितीलाई सफल बनाउनका लागी सम्पूर्ण विद्यालय र शिक्षकले कार्यसञ्चयिका बनाउने र प्रयोग गर्ने वातावरण बनाउनु जरुरी छ ।

### ४.४.५. शिक्षकका समस्या

वास्तवमा नेपाल सरकारले जती लगानी गरे पनि न त तालिम कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन हुन सकेको छ, न त सञ्चालन भएको तालिम कार्यान्वयन हुन नै सकेको छ । शिक्षकका समस्या जस्ताको तस्तै रहेको अवस्था छ । तालिममा सिकेको कुराको कार्यान्वयन कस्तो छ भनी निरीक्षण र अनुगमन समेत प्रभावकारी नभएको अवस्था छ ।

शिक्षकलाई कार्यक्षेत्रमा पृष्ठपोषणको अभाव छ । यस्तो अवस्थामा शिक्षकलाई नयाँ निती लागु हुँदा तालिम र बिच बिचमा पुर्नताजगी तालिमको व्यवस्थाका साथै सुपरीवेक्षणको माध्यमबाट अगाडी बढाउनु पर्ने देखिन्छ ।

### ४.४.६ तालिमको कार्यान्वयन

सर्वप्रथम त तालिम प्रभावकारी रुपमा सञ्चालन नै हुन सकेका छैनन । सञ्चालन भएका भए कक्षाकोठासम्म पुग्न सकेका छैनन । तालिम प्रति सबैको नकारात्मक दृष्टिकोण रहेको समेत देखिन्छ । यस शिक्षा क्षेत्रमा कार्यरत सबैको पेशा प्रतिको दृष्टिकोण नकारात्मक छ भन्दा अत्युक्ति हुने अवस्था देखिदैंन । समग्रमा भन्दा तालिमको नितीदेखी लिएर कार्यान्वयन पक्ष समेत सारै फितलो रहेको छ । त्यसकारण तालिमको निती देखी लिएर सञ्चालन प्रकृया, प्रभावकारी कार्यान्वयन पक्षमा समेत सचेत भएर पुरस्कार र दण्डको व्यवस्था गरी अगाडी बढनु पर्ने देखिन्छ ।

### ४.४.७. अनुगमन निरीक्षण

वास्तवमा कार्यक्रम लागु भईसके पश्चात त्यसको कार्यान्वयन कस्तो भयो भनी अनुगमन निरीक्षण गर्नु जरुरी हुन्छ । हाम्रो परीप्रेक्ष्यमा यो कार्य ओझेलमा परेको छ । सर्वप्रथम निरीक्षण अनुगमन हुदै हुदैनन भए पनी प्रभावकारी तवरले हुन सकेका छैनन । त्यसकारण अनुगमन निरीक्षणलाई प्रभावकारी तरीकाले सञ्चालन गर्नुपर्ने देखिन्छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु

## ५.१.अध्ययनको प्राप्ति

सरकारले प्राथमिक शिक्षामा गरेको लगानीको प्रतिफल प्राप्त गर्न नसक्नुको एउटा कारण मूल्याङ्कन प्रणाली पनि हो । त्यसैले शैक्षिक गुणस्तर वृद्धि गर्न मूल्याङ्कन प्रणालीले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । परीक्षालाई मूल्याङ्कनको मुख्य साधनको रुपमा प्रयोग गरिरहेका हामी शिक्षकहरुबाट बालबालिकाले सोचेअनुरुपको लाभ लिन सकिरहेका छैनन । त्यसैले निरन्तर मूल्याङ्कनबाट विद्यार्थीको उपलब्धिलाई लेखाजोखा गर्ने र उदार कक्षोन्नती गरी सिकाइ उपलब्धि वृद्धि गर्ने, कक्षा छाड्ने र दोहोऱ्याउने जस्ता शैक्षिक क्षतिहरुलाई कम गर्ने उद्देश्यले २०६३ को शैक्षिकसत्र देखि कक्षा एकबाट उदार कक्षोन्नती नीति लागू भईसकेको छ ।

यसै सन्दर्भमा “सामुदायिक प्राथमिक विद्यालयमा उदार कक्षोन्नतीले सिकाइ उपलब्धिमा पारेको प्रभाव” भन्ने शीर्षकमा अध्ययन गरी यस शोधले निम्न प्राप्तिहरु संकलन गरेको छ :

यस अध्ययनमा उदार कक्षोन्नतीका लागि परिमार्जित पाठ्यक्रम २०५७ ले तोकेको मापदण्डहरु प्रयोगको अवस्थामा ६ जना शिक्षकहरु मध्ये कक्षाकार्य गृहकार्यलाई प्रयोग गर्ने ४ जना (६६.६६ %), परियोजना कार्यमा ३ जना ( ५० %), व्यवहार परिवर्तनलाई २ जना( ३३.३३ %), सिर्जनात्मक कार्यलाई ४ जना( ६६.६६ %) र हाजिरीलाई ६ जना ( १०० %) ले प्रयोग गरेको देखिन्छ ।

उदार कक्षोन्नती गर्न कार्यसञ्चयिकालाई ६ जना शिक्षकहरुमध्ये २ जना (३३.३३ %) ले प्रयोग गर्ने र ४ जना (६६.६६ %) नगर्नेमा शिक्षकहरु रहेको पाईयो । उक्त कार्यसञ्चयिकाको निरीक्षण गर्दा २ जना प्रयोग गर्नेहरुले पनि पूर्ण रुपमा पाठ्यक्रमले तोकेको ढाँचामा प्रयोग गरेको पाईएन ।

सिकाइ उपलब्धि वृद्धि गर्न प्रयोग गरिएका उपायहरु सम्बन्धी सूचकहरुमा विद्यार्थी आफूले सिकेका कुराहरु अरु आफ्ना साथीहरुलाई सिकाउन प्रेरित गर्ने शिक्षक ५ जना ( ८३.३३ %), अभिभावकलाई सिकाइ वातावरण राम्रो बनाउन सुझाव दिने शिक्षक ६ जना ( १०० %) र आवश्यक परेको बेला शिक्षण विधि परिवर्तन गर्ने शिक्षक ३ जना (५० %), कक्षा समयमा कमजोर विद्यार्थीहरुलाई बढी समय दिएर अध्यापन गराउने शिक्षक ४ जना (

६६.६६ %), छुट्टै समयमा कमजोरलाई समय दिने २ जना ( ३३.३३ %) र अभिभावकलाई ट्युशनको व्यवस्था गर्न लगाउने शिक्षक ३ जना (५० %) रहेको तथ्याङ्क छ । अध्ययनको क्रममा विद्यार्थीहरुलाई विद्यालय आउन प्रेरित गर्न कथा ,कविता, चुटकिला, गीत, नाचगान जस्ता अत्तिरिक्त क्रियाकलाप सञ्चालन गरेर पाठलाई रोचक बनाएर पनि सिकाइ उपलव्धिमा वृद्धि गरिएको तथ्यहरु अनौपचारिक छलफलबाट प्राप्त भयो ।

उदार कक्षोन्नती गर्न शिक्षकहरुले विद्यार्थीको श्रेणी विभाजन गर्दा ६ जना शिक्षकहरुमध्ये ४ जना (६६.६६ %) ले पाठ्यक्रमले तोकेअनुसार, लिखित वा पुरानै पद्धतिबाट १ जना (१६.६६ %) ले र पाठ्यक्रमले तोकेभन्दा फरक तरिकाले श्रेणी विभाजन गर्नेको सङ्ख्या १ जना (१६.६६ %) रहेको पाईयो ।

कार्यसञ्चयिकामा समेटिने पक्षहरुमध्ये विषयगत उपलव्धिलाई समेट्ने शिक्षक ३ जना (५० %), हाजिरीलाई समेट्ने शिक्षकहरु ५ जना (८३.३३ %), कक्षाकार्य ⁄ गृहकार्यलाई समेट्ने शिक्षक ६ जना (१०० %), सिर्जनात्मक कार्यलाई समेट्ने ३ जना (५० %), कक्षा सहभागितालाई समेट्ने ३ जना (५० %), व्यवहार परिवर्तनलाई समेट्ने शिक्षक १ जना ( १६.६६ %), अतिरिक्त क्रियाकलापलाई समेट्ने ४ जना (६६.६६ %) र विद्यार्थीको सामाजिक आर्थीक विवरणलाई समेट्ने शिक्षक २ जना (३३.३३ %) र अभिभावकबाट प्राप्त सुझावलाई समेट्ने १ जना (१६.६६ %) ले समेटेको पाईयो ।

शिक्षकहरुले उदार कक्षोन्नती गर्दा कक्षा उकास्ने मापदण्डहरुमा जम्मा ६ जना शिक्षकहरुमध्ये सबैले पहिलो त्रैमासिक परीक्षामा विशिष्ट क्षमता देखाउने र अभिभावकको परामर्शमा कक्षा दोहोऱ्याउन लगाउने मापदण्ड प्रयोग गरेनन । माथिल्लो कक्षामा जाने उमेर पुगेको मापदण्ड प्रयोग गर्ने ६ जना (१०० %), सत्तरी प्रतिशत हाजिर भएको मापदण्ड प्रयोग गर्ने २ जना (३३.३३ %) र दोश्रो त्रैमासिक परीक्षा पछि कक्षा उकास्न नहुने मापदण्ड प्रयोग गर्ने शिक्षक ६ जना (१०० %) रहेको तथ्याङ्क छ ।

अध्ययन क्षेत्रमा ३० वटा सामुदायिक विद्यालयहरुमध्ये प्राथमिक तह (१–५) मा विगत ३ वर्षको २०६६, २०६७ र २०६८ को जम्मा विद्यार्थी सङ्ख्या क्रमशः ३५५ , ३०५ र ३०५ रहेको देखिन्छ ।

अध्ययन क्षेत्रभित्रका चारवटा नमुना छनौटमा परेका विद्यालयहरुको प्राथमिक तहको कक्षा १–३ को २०६६ सालको जम्मा विद्यार्थी सङ्ख्या ३०५ रहेको जसमध्ये छात्रा १४५ ( ४७.५ %) र छात्र १६० जना (५२.५ %) रहेको देखिन्छ ।

नमूना छनौटमा परेका विद्यालयहरुको विगत तिन वर्षको विद्यार्थी भर्ना २०६६ सालमा ३५५ जना, २०६७ सालमा ३०५ जना र २०६८ सालमा ३०५ रहेको देखिन्छ । यहाँ भर्ना दर क्रमशः घटदै आएको छ भने सोहि कक्षाहरुमा विगत तिन वर्षमा कक्षा दोहोऱ्याउने दर क्रमशः २३, १६ र २० जना रहेको देखिन्छ । जस अनुसार २०६६ सालमा दोहोऱ्याउने दर ६.४७ प्रतिशत थियो भने २०६८ सालमा उक्त दर बढेर ६.५५ प्रतिशत पुगेको देखिन्छ ।

त्यसै गरि विगत तिन वर्षको कक्षा छाड्ने दर २०६६, २०६७ र २०६८ मा क्रमशः ५.९१, ८.५२ र ६.२२ प्रतिशत रहेको छ । यो दर क्रमशः २०६७ बाट २०६८ मा घट्दै जानु सकारात्मक सूचकको रुपमा लिन सकिन्छ । यसका साथै सोहि शैक्षिक सत्रहरुमा विद्यार्थी उतिर्ण दर क्रमशः ९३.११, ९४.२६ र ९३.०० प्रतिशत रहेको देखिन्छ । २०६६ मा भन्दा २०६७ मा १.१५ प्रतिशतले बढी र २०६७ मा भन्दा २०६८ मा १.२६ प्रतिशतले घटी विद्यार्थी अनुतिर्ण भएको तथ्याङ्क छ ।

नमूना विद्यालयहरु बालमैत्री विद्यालय कार्यक्रम सञ्चालन गरिएका विद्यालय भएकाले उक्त कार्यक्रमको सूचक स्थितिमा सुधार भए नभएको रेजा सङ्ख्याको आधारमा विश्लेषण गर्दा यो वालमैत्री कार्यक्रम लागु गरेपछि विद्यार्थीहरु सिक्न उत्साहित भएको सूचकमा ६ जना (१०० %) शिक्षकले राम्रो सुधार आएको प्रतिक्रिया दिएका छन । सिकाइ उपलव्धिमा आधारित शिक्षण सिकाइमा ४ जना, विषयगत सिकाइ उपलव्धिमा सुधारमा ४ जना, शिक्षकसँग आफ्ना कुरा निर्धक्क राख्नेमा ३ जना, कक्षा क्रियाकलापमा समान सहभागिता जनाउने सूचकमा ५ जना शिक्षकले केहि मात्रामा सुधार भएको प्रतिक्रिया दिए भने बाँकी शिक्षकहरुले यी सूचकहरुमा राम्रो सुधार नभएको कुरा व्यक्त गरेका छन् ।

विगत तिन वर्षको कक्षागत र विषयगत सिकाइ उपलव्धि कक्षा १ मा २०६६, २०६७ र २०६८ मा सबै पाँचवटा विषयमा क्रमशः ४५.८ ,४७.०८ र ४८.८४ औषत अङ्क प्राप्त गरेको देखियो । कक्षा दुईमा उक्त तिन वटा शैक्षिक सत्रमा क्रमशः ४७.४४, ५०.१६ र ५२.८ औषत अङ्क प्राप्त गरेको देखियो भने कक्षा तिनमा उक्त तिनवटा शैक्षिक सत्रमा क्रमशः ४८.६८, ५४.३४ र ५६.७२ औषत अङ्क प्राप्त गरेको पाईयो ।

कक्षागत विद्यार्थी सङ्ख्या शैक्षिक सत्र २०६८ अनुसार नमूना विद्यालयको कक्षा एकमा औषत २९ जना, कक्षा दुईमा ३७ जना र कक्षा तिनमा औषत ३७ जना रहेको पाइयो । यी

तीनवटै कक्षामा जम्मा ३०५ जना विद्यार्थी सङ्ख्या छ । उक्त सङ्ख्यालाई शिक्षक विद्यार्थी अनुपातमा हेर्दा १:२६ जना औषत विद्यार्थी पर्न आएको देखिन्छ ।

शिक्षक तालिममा  नमुना विद्यालयका प्रा.वि.तर्फ जम्मा १२ जना शिक्षकहरुमध्ये १२ जना तालिम प्राप्त र तालिम  अप्राप्त  शिक्षकहरु देखिदैंनन । जसमा तालिम प्राप्त शिक्षकको प्रतिशत १०० रहेको देखिन्छ । शैक्षिक जनशक्ति विकास केन्द्रले विभिन्न मोडेलका तालिम प्रदान गरेको तर नयाँ नीति लागु भएपछि उक्त नीति अनुसारका स्पेशल तालिम कसैले पनि लिएको देखिदैंन । जस्तैः– उदार कक्षोन्नती र निरन्तर मूल्याङ्कन सम्बन्धि तालिम ।

अभिभावकलाई विद्यालयले बालबालिकाको प्रगती विवरणको सूचना गराएकोमा ० जना (० %), कहिलेकाहिं गराएकोमा ३  जना (५० %) र गराउँदै नगराउनेमा ३ जना (५० %) ले प्रतिक्रिया दिएका छन । त्यसैगरी विद्यार्थीको सामाजिक व्यवहारका बारेमा अभिभावकलाई सोधेर प्रतिक्रिया लिनेमा २ जना (३३.३३ %) को प्रतिक्रिया छ भने उक्त व्यवहारप्रति अभिभावकलाई प्रतिक्रिया नलिएका ४ जना (६६.६६ %) शिक्षकहरु छन भनि अभिभावकको प्रतिक्रिया छ ।

पाठ्यक्रम विकास केन्द्र २०५६ मा स्रोतव्यक्ति र विद्यालय निरीक्षकले प्रत्येक वर्ष सबै विद्यालयका १० प्रतिशत विद्यार्थीका कार्यसञ्चयिकाको अनुगमन गर्नुपर्ने साथै निरन्तर मूल्याङ्कन र उदार कक्षोन्नतीसँग सम्बन्धित समस्या र समाधानका उपायहरु शुक्रबारे बैठकमा राखी निकाश दिनुपर्नेमा सो नभएको र उक्त कुराको अनुगमन र सुपरिवेक्षण नभएको देखिन्छ ।

उदार कक्षोन्नती गराउँदा शिक्षकलाई कार्यसञ्चयिका प्रयोग गर्ने सीप र व्यवस्थापनको कठिनाई रहेको जसका कारण लगातार मूल्याङ्कन बोझ भएको प्रधानाध्यापकहरुको धारणा छ ।

शिक्षकहरुका भनाईमा तालिम, निर्देशन र पूर्व तयारी विना नै कक्षोन्नती नीति लागू गरिएको, उक्त नीति लागू गरेपछि प्रभावकारी अनुगमन र सहजीकरण नभएको, शिक्षक विद्यार्थी अनुपात पाठ्यक्रमले व्यवस्था गरे अनुरुप नभएको, परीक्षा दिनु नपर्दा विद्यार्थीमा लापरवाहि बढेको जसबाट सिकाइ उपलव्धि खस्किदैं गएको जस्ता समस्याहरु रहेका छन ।

प्रधानाध्यापकहरुका आधारमा शिक्षकहरुमा नयाँ नीति सम्बन्धि सीप र तालिमको अभाव हुनु, सबै पक्षलाई अव फेल होइदैन भन्ने छाप बस्नु, विद्यार्थी चाप बढी हुँदा

मूल्याङ्कन गर्न शिक्षकलाई समय नपुग्नु, विद्यार्थीको प्रगति अङ्कमा नहुँदा अभिभावकले राम्रोसँग प्रष्ट नहुनु वा नबुझ्नु जस्ता समस्याहरु रहेको देखिन्छ ।

विद्यालय निरीक्षक तथा स्रोतव्यक्तिसँगको छलफलले विद्यालयका प्रधानाध्यापकहरु यस नीति सम्बन्धमा उदासिन हुनु, परीक्षा बिना अभिभावकको चित्त नबुझ्नु, शिक्षकले परम्परागत परीक्षा प्रणालीलाई त्याग्न नसक्नु जस्ता समस्याहरु औंल्याइएको छ ।

## ५.२.अध्ययनको निष्कर्ष

सामुदायिक प्राथमिक विद्यालयहरुमा निरन्तर मूल्याङ्कन प्रणाली लागु गरी त्यसको माध्यमबाट सिकाइ उपलब्धि बढाउने, कक्षा छाड्ने दर र दोहोर्‍याउने दर घटाउने साथै उदार कक्षोन्नती गरी उतिर्ण दर वृद्धि गर्ने लक्ष्यअनुरुप यो कक्षोन्नती नीतिलाई अगाडी ल्याईएको हो साथै त्यसै गरी अगाडी बढाईएको छ । यस शोधले सोहि सरकारी शैक्षिक नीतिको प्रभावकारितालाई अध्ययन गर्न सामूदायिक प्राथमिक विद्यालयमा उदार कक्षोन्नतीले सिकाइ उपलब्धिमा पारेको प्रभावलाई अध्ययन गरी निम्न निष्कर्षहरु निकालेको छ :

उदार कक्षोन्नतीका लागी पाठ्यक्रमले तोकेका मापदण्ड सबै शिक्षकले व्यवहारिक रुपमा प्रयोग गर्ने सीपको अभाव र यससँग सम्बन्धित तालिम नपाएकोले प्रयोगमा ल्याउन नसकेको देखिन्छ । पचहत्तर प्रतिशत शिक्षकहरुले कार्यसञ्चयिका प्रयोग गरेपनि पाठ्यक्रमले तोकेको ढाँचामा सञ्चयिका निर्माण गरेको पाईएन । कक्षोन्नतीका मापदण्ड प्रयोगमा ल्याउन नसक्नु र सञ्चयिका पाठ्यक्रमले तोकेको ढाँचामा नहुनुले सिकाइ उपलब्धिको प्रभावकारिता मूल्याङ्कन कमजोर रहेको विश्लेषण गर्न सकिन्छ ।

सिकाइ उपलब्धि वृद्धि गर्न प्रयोग गरिएका सुधारका उपायहरु सबै शिक्षकले प्रयोग गरेको देखिदैंन । विद्यार्थीहरुलाई नै क्रियाशिल बनाई एकअर्कामा सिकाइ आदानप्रदान गर्न लगाउने, आवश्यक पर्दा शिक्षण विधि परिवर्तन गर्ने कक्षा समयमा कमजोरलाई बढी समय दिने शिक्षकहरु ६६.६६ प्रतिशतभन्दा बढी देखियो । जसबाट उदार कक्षोन्नतीलाई केहि टेवा पुग्ने देखिन्छ । तर ट्युशनको व्यवस्था गर्न लगाउने शिक्षकहरु ५० प्रतिशत र छुट्टै समय उपलव्ध गराउने सुधारका उपायहरु अपनाउने शिक्षकहरु ३३.३३ प्रतिशतभन्दा कम छन ,जसले सबै सुधारका उपायहरु अवलम्वन गर्दै अगाडी बढ्नुपर्ने देखिन्छ ।

शिक्षकहरुलाई श्रेणी विभाजन गरी उदार कक्षोन्नती गर्ने कार्यका लागि व्यवहारिक र प्रभावकारी तालिमको आवश्यक्ता देखिन्छ । केहि शिक्षकले कार्यसञ्चयिकामा समेट्नुपर्ने पक्षहरुलाई वेवास्ता गर्दै हचुवाको भरमा उदार कक्षोन्नती गरिरहेकाले सिकाइ उपलब्धिको

स्तर कमजोर भईरहेको अवस्था छ । त्यसलाई सुधार गर्दै जानुपर्ने देखिन्छ । कक्षा उकास्ने पनि मापदण्डहरु छन, उक्त सबै मापदण्डहरु प्रयोग गरेकै हुनुपर्छ । ज्यादै कमजोर अवस्थाका विद्यार्थीलाई अभिभावकको परामर्शमा सोहि कक्षा दोहोऱ्याउन सकिने पनि व्यवस्था छ । उक्त व्यवस्थालाई प्रयोग नगरी सरकारी नीति भन्दै सबैलाई कक्षा उकास्ने गरिएको स्थितिले सिकाइ उपलब्धि खस्कने निश्चित प्रायः छ ।

अध्ययन क्षेत्रको सबै विद्यालयको प्राथमिक तहको विगत तिन वर्षको तथ्याङ्कलाई हेर्दा खानिभञ्ज्याङ्गको जनसङ्ख्या वृद्धिदर अनुसार विद्यार्थी भर्ना सङ्ख्या पनि बढ्नुपर्नेमा २०६६, २०६७ र २०६८ मा विद्यार्थी सङ्ख्या घट्दो क्रममा भएको देखिन्छ । जसले सरकारी कक्षोन्नती नीतिको प्रभावकारिता नभएको सङ्केत गर्छ । नमूना विद्यालयमा छात्रको सङ्ख्या भन्दा छात्राको सङ्ख्या  १५ जनाले घटी छ । तर पनि महिलाको सहभागिता  तुलनात्मक रुपमा राम्रो छ ।

कक्षा दोहोऱ्याउने सङ्ख्या १.३१ प्रतिशतको दरले वृद्धि भएको देखिन्छ, कक्षा छाड्ने दर २.३० प्रतिशतले घटेको र उतिर्ण दर ९३ प्रतिशत मात्र रहेकाले उदार कक्षोन्नतीको प्रतिफल सनतोषजनक छैन, यसले सिकाइलाई वृद्धितर्फ डोहोऱ्याउन सक्दैन ।

बालमैत्री कार्यक्रमबाट मनोबैज्ञानिक ढङ्गले सिकाइ उपलब्धि वृद्धि गर्ने लक्ष्य राखिएकोमा उक्त कार्यक्रमका सूचकहरुमा सुधार भएको, अधिकांश सूचकको स्थिति राम्रो देखिएको छ, जसले विद्यार्थीलाई आफ्ना कुरा निर्धक्क राख्ने, सिकाइमा उत्साहित, सक्रिय सहभागिता जस्ता पक्षको विकास भएकाले यस कार्यक्रमलाई दिगो रुपमा अगाडि बढाउन सके निरास हुनुपर्ने स्थिति देखिदैंन ।

विगत तिन वर्षको कक्षागत र विषयगत सिकाइ उपलब्धिलाई हेर्दा २०६६, २०६७ र २०६८ का तिनवटै शैक्षिक सत्रमा उतार चढाव आएको देखिन्छ । सबैभन्दा बढी सिकाइ उपलब्धि नेपाली विषयमा ६६.७ अङ्क देखिन्छ भने सबैभन्दा कम गणित विषयमा ३९.५ अङ्क देखिन्छ । वर्षैपिच्छे ठुलो कक्षा तर्फ बढ्दै जाँदा उपलब्धि अङ्क क्रमशः घट्दै गएकाले कक्षोन्नती नीतिको प्रभावकारी कार्यान्वयन र अनुगमन गर्नुपर्ने देखिन्छ । यहि गतिमा अघि बढ्ने हो भने गुणस्तरहीन बालकको सङ्ख्या बढ्ने निश्चित छ ।

नमूना विद्यालयको कक्षा एकमा औषत १९ जना, कक्षा दुईमा १९ जना र कक्षा तिनमा औषत ३७ जना विद्यार्थी छन् । यो सङ्ख्या नमुना विद्यालयको कक्षा १–३ को शिक्षक विद्यार्थीको अनुपातमा १:२६ हुन आउँछ । पा.वि.के.२०५६ का अनुसार एउटा

कक्षाकोठामा ३० जना विद्यार्थी सङ्ख्या राख्ने योजना अनुरुप अहिलेसम्म विद्यार्थी व्यवस्थापन नभएकाले शिक्षकले विद्यार्थीहरु सबैलाई क्रियाकलापमा समेट्न नसक्ने भएकाले यो एउटा समस्याको रुपमा रहेको देखिन्छ ।

नमूना विद्यालयको कक्षा १–३ मा जम्मा १२ जना शिक्षकहरुमध्ये १२ जना तालिम प्राप्त र तालिम अप्राप्त शिक्षक छैनन् । यो सङ्ख्या १०० प्रतिशत तालिम प्राप्त हुन आउँछ । अधिकांश शिक्षकहरु तालिम प्राप्त रहेपनि विषयगत सिकाइ उपलब्धि स्तर कमजोर भई औषत ३९ अङ्कभन्दा कम हुँदै जानुले तालिम कक्षाकोठामा पुग्न सकेको छैन भन्ने देखिन्छ । उक्त वातावरणलाई सुधार गरी नयाँ नीति सम्बन्धी पूर्नताजगी तालिम सञ्चालन गरी सिकाइ उपलब्धि बढाउनु पर्ने देखिन्छ ।

नमूना विद्यालयहरुमा शिक्षक, अभिभावक र विद्यार्थीहरुमा दोहोरो सञ्चार नभएको, प्रगती विवरण शिक्षकले सूचित नगरेको र अभिभावकसँग बालकको सामाजिक व्यवहार सोधिखोजी नगरी मूल्याङ्कन गर्ने गरेको देखिन्छ ।

आफ्नो क्षेत्रका दश प्रतिशत विद्यार्थीका कार्यसञ्चयिकाको अनुगमन गर्नुपर्ने प्रावधान अनुरुप स्रोतव्यक्ति र विद्यालय निरिक्षकले गर्ने कार्य नगरेको साथै शुक्रबारे बैठकबाट शिक्षकलाई सहजीकरण नगरेकाले सुपरिवेक्षण कमजोर छ भन्ने देखिन्छ । यसले शिक्षकलाई उत्प्रेरणा र उर्जा कम भई सिकाइ उपलब्धिमा असर पारिरहेको छ ।

अन्तमा सिकाइ उपलब्धि प्राप्तिमा शिक्षक, प्रधानाध्यापक, विद्यालय निरीक्षक र स्रोतव्यक्तिहरुले औंल्याएका समस्याहरुले पनि समग्र सिकाइ वातावरणमा प्रभाव पारिरहेकाले उक्त कठिनाइहरु वा समस्याहरु निराकरण गरी उदार कक्षोन्नतीलाई सफल बनाउँदै सिकाइ उपलब्धिलाई वृद्धि गर्नुपर्ने आजको टड्कारो आवश्यक्ता सरोकारवाला सबै सामू छ ।

## ५.३.अध्ययनका सुझावहरु

सामुदायिक प्राथमिक विद्यालयहरुमा उदार कक्षोन्नती नीतिले सिकाइ उपलब्धिमा पारेको प्रभाव सम्बन्धमा गरिएको यस अध्ययनले विविध पक्षहरुको अध्ययन अवलोकन गर्दा निस्किएका निष्कर्षहरुलाई सुधार गर्न सबैलाई निम्नानुसार सुझावहरु दिईएको छ :

१. पाठ्क्रम निर्माण गरी नयाँ शैक्षिक नीति र कार्यक्रम तयार भैसकेपछि त्यसलाई अघि बढाउन पर्याप्त पूर्वाधारको व्यवस्था गरेर मात्र कार्यक्रमलाई लागु गर्नुपर्ने ।
२. निजी विद्यालयहरुमा पनि निरन्तर मूल्याङ्कनबाट उदार कक्षोन्नती गर्ने नीतिलाई केन्द्रिय तहबाटै व्यवस्था मिलाई लागू गरिएमा शैक्षिक रणनीतिमा एकरुपता कायम भई

कार्यक्रम सफल बनाउन थप टेवा पुग्ने हुनाले सो अनुरुप गर्नुपर्ने ।

३. निरन्तर विद्यार्थी मूल्याङ्कन र उदार कक्षोन्नती राष्ट्रव्यापी शैक्षिक नीति भएकाले यससँग सम्बन्धित विषयमा राष्ट्रभरि नै गहन रुपमा तालिम सञ्चालन गर्नुपर्ने ।

४. प्रभावकारी सूचना तथा सञ्चारको माध्यमबाट अक्षर मापन प्रणालीका फाईदा सम्बन्धमा अभिभावक, शिक्षक र विद्यार्थीलाई प्रष्ट पार्नु पर्ने ।

५. जिल्ला शिक्षा कार्यालय र स्रोतकेन्द्रले केन्द्रको निर्देशन पालना गर्दै प्रभावकारी अनुगमन मूल्याङ्कन गरी दण्ड र पुरस्कारको समेत व्यवस्था गर्दै उदार कक्षोन्नती कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने ।

६. कार्यसञ्चयिकाको निर्माण र प्रयोग गर्न शिक्षकको नेतृत्वमा अभिभावक, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र विद्यार्थी समेतको समन्वय र सहकार्यको वातावरण तयार गर्नुपर्ने ।

७. जिल्ला शिक्षा कार्यालयले उदार कक्षोन्नती सम्बन्धी रहेका अन्यौलताहरुलाई हटाउन अभिमुखीकरण तालिम सञ्चालन गर्नुपर्ने ।

८. स्रोतव्यक्ति र विद्यालय निरीक्षकलाई विशुद्ध शैक्षिक परामर्शकर्ता र सहजकर्ताका रुपमा खटाउनुपर्ने ।

९. विद्यालय व्यवस्थापन समिति वास्तविक अभिभावकबाट छानिएको हुनुपर्ने, जिम्मेवार प्रशासकको रुपमा शैक्षिक कार्यक्रम र नयाँ नीतिहरु प्रति जानकारी राख्ने हुनुपर्ने, यसले विद्यालयमा उपलव्ध साधनलाई अधिकतम उपयोग गरी शैक्षिक र भौतिक वातावरण चूस्त दुरुस्त राखी उदार कक्षोन्नती गर्न उपयुक्त वातावरण तयार गर्नुपर्ने ।

१०. अभिभावकहरुले यो उदार कक्षोन्नती नीतिलाई सिकाइ उपलव्धिसँग तुलना गरी सकारात्मक बन्न नसकेकोले प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितीले यस सम्बन्धमा सचेतना जगाउने अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

११. प्रधानाध्यापकले बालमैत्री वातावरणमा विद्यार्थी केन्द्रित शिक्षण विधिबाट निरन्तर मूल्याङ्कन र उदार कक्षोन्नतीलाई व्यवस्थित तरिकाले प्रयोग गरी बालकको सिकाइमा स्थायी परिवर्तन ल्याउनुपर्ने र उदार कक्षोन्नती प्रणालीबाट सिकाइ उपलव्धिको वृद्धि गर्नुपर्ने ।

# सन्दर्भ सामग्री

Research center for Educational Innovation and Development (1998) :*Evaluation System in the primary School of Nepal*, Author

अधिकारी, विष्णुप्रसाद (२०६२) *माध्यमिक तह अध्यापन अनुमति पत्र परीक्षा दर्पण,* बागबजार काठमाण्डौ : आशिष पुस्तक भण्डार ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०५५) काठमाडौं : लेखक ।

काफ्ले,मायाप्रसाद (२०५६) *राजनीतिशास्त्र,* काठमाण्डौ : भुवन प्रकाशन ।

कोइराला, विद्यानाथ र श्रेष्ठ चन्द्र ब., (२०५९) *शैक्षिक व्यवस्थापन तथा संगठनात्मक व्यवहार* भोटाहिटि : विद्यार्थी पुस्तक भण्डार ।

कोईराला, विद्यानाथ ( २०६२) *शैक्षिक प्रशासन,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

खनाल, पेशल, (२०६१), *शैक्षिक अनुसन्धान पद्धति,* किर्तिपूर : विद्यार्थी पुस्तक भण्डार ।

पाठ्यक्रम विकास केन्द्र,(२०४९), भक्तपुर, *प्राथमिक शिक्षा पाठ्यक्रम दिग्दर्शन* : लेखक ।

पाठ्यक्रम विकास केन्द्र,(२०५९) भक्तपुर, *निरन्तर विद्यार्थी मूल्याङ्कन परिचय पुस्तिका* भक्तपुर ।

पाठ्यक्रम प्रबोधिकरण सामग्री, (२०६२), सानोठिमी : पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र, (२०५६) *निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षक निर्देशिका,* भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र, (२०६३) काठमाण्डौ, *प्राथमिक शिक्षा पाठ्यक्रम* ।

पौडेल, नारायणप्रसाद (२०५३) *निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली र यसको शैक्षिक व्यवस्थापनमा प्रभाव,* (शोधपत्र अप्रकाशित) :सुर्खेत बहुमुखी क्याम्पस ।

पौडेल, भोलानाथ (२०६१) *काठमाण्डौ जिल्लाका सामुदायिक र संस्थागत माध्यमिक विद्यालयहरुको शिक्षण सिकाइमा विद्यालय व्यवस्थापन समितिको भुमिका एक अध्ययन,* त्रि.वि.कीर्तिपुर,अप्रकाशित एम. एड.शोधपत्र ।

पौडेल, लेखनाथ(२०५३) *शैक्षिक प्रकृया र नेपालमा शिक्षा,* पुतली सडक, काठमाण्डौ : आठराई प्रकाशन ।

भट्टराई, रविन,(२०६५), *प्राथमिक तहको उदार कक्षोन्नती मूल्याङ्कनको अवधारणा र कार्यान्वयनको अवस्था,* शोधपत्र(अप्रकाशित),काठमाण्डौ त्रिभूवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय,केन्द्रिय विभाग,कीर्तिपुर ।

लम्साल , जयप्रसाद, २०५८, *निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षक तालिम कार्यक्रम पुस्तिका* सानोठिमीः पाठ्यक्रम विकास केन्द्र ।

वाग्ले, मनप्रसाद (२०५८) *प्राथमिक शिक्षा,* भोटाहिटी,काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

विद्यालय सुपेरीवेक्षण प्रयोग सामग्री, (२०३८), सानोठिमीः शिक्षा विभाग ।

शर्मा, गोपीनाथ,(२०५८), *नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरु*, काठमाण्डौ : मकालु बुक्स एण्ड पब्लिकेशन, पुतली सडक ।

शर्मा, चिरञ्जिवी, (२०५८),*शिक्षा मनोविज्ञान*, काठमाण्डौः एम.के.पब्लिसर्स एण्ड डिस्ट्रीब्युटर्स,भोटाहिटी ।

शिक्षा ऐन २०२८, नियमावली नवौ संसोधन, २०६८, काठमाडौंः मकालु प्रकाशन ।

शिक्षा तथा खेलकुद मन्त्रालय,(२०६३), *राष्ट्रिय पाठ्यक्रम प्रारुप*, काठमाण्डौ ।

शिक्षा विभाग,(२०६६), *शैक्षिक सूचना सङ्गालो*, काठमाण्डौ, शव्दघर अफसेट प्रेस,बागबजार ।

शिक्षा मन्त्रालय (२०५६), *निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यक्रम पुस्तिका*, काठमाण्डौ : श्री ५ को सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र,सानोठिमी भक्तपुर ।

सबैको लागि शिक्षा, मुख्य सामग्री, सन् २००० ।

सुवेदी, युवराज, (२०६१), *रामेछाप जिल्लाका सामुदायिक विद्यालयमा कक्षा ८ को जिल्ला स्तरिय परीक्षाको गणित विषयले शैक्षिक उपलव्धिमा पारेको प्रभाव एक अध्ययन* : त्रि.वि. कीर्तिपुर,अप्रकाशित शोधपत्र एम.एड. ।

स्थानिय पाठ्यक्रम निर्माण निर्देशिका, (२०६४), सानोठिमीः पाठ्यक्रम विकास केन्द्र ।

## उदार कक्षोन्नतीले शिक्षण सिकाइमा पारेको प्रभाव

### अनुसूची १ : नमूना छनौटमा परेका विद्यालयको नामावली

| क.सं. | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा |
|---|---|---|---|
| १ | श्री नवदुर्गा प्रा.वि. हिलेछाप | पोखरे –१ | १–५ |
| २ | श्री कालिका नि.मा.वि.पोखरे | पोखरे–३ | १–८ |
| ३ | श्री सरस्वती उ.मा.वि.खानिभञ्ज्याङ्ग | पोखरे–८ | १–१२ |



अनुसूची २ : कक्षागत र विषयगत औषत अंक २०६६, २०६७, २०६८

| विषय | २०६६ | | | २०६७ | | | २०६८ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कक्षा१ | कक्षा२ | कक्षा३ | कक्ष१ | कक्षा२ | कक्षा३ | कक्षा१ | कक्षा२ | कक्षा३ |
| नेपाली | ४५ | ५४ | ४४.६ | ४८ | ५३ | ६७.८ | ५६.६ | ५२.९ | ६६.७ |
| अंग्रेजी | ३९.५ | ४१.८ | ४३.५ | ३८.९ | ४२ | ४४.५ | ४० | ४३.५ | ४८.७ |
| गणित | ४१.५ | ४५ | ४२ | ४२.५ | ४३ | ४५.६ | ४३ | ५० | ४९.५ |
| विज्ञान | ४९ | ४४.५ | ५२.८ | ५१.५ | ५६ | ५४.५ | ४९ | ५५.५ | ५६.७ |
| सामाजिक | ५४ | ५१.९ | ६०.५ | ४४. | ५६.८ | ५९.३ | ५५.६ | ६०.५ | ६२ |
| जम्मा | २२९. | २३७.२ | २४३. | २२५. | २५०. | २७१.७ | २४४. | २६२. | २८३. |
| औषत | ४५.८ | ४७.४ | ४८.६ | ४७.० | ५०.१ | ५४.३ | ४८.८ | ५२.४ | ५६.७ |

विद्यालय मार्कलेजर,२०६६,२०६७,२०६८

## अनुसुची ३ : प्र.अ.का लागी अर्न्तवार्ता प्रश्नावली –२०६८

(क) विद्यालयको नामः.........................................................

(ख) प्र.अ.को नामः..............................................................

(ग) शिक्षण अनुभव वर्ष :.....................

१. तपाईको विद्यालयमा उदार कक्षोन्नती लागु भएको छ कि छैन ?

उत्तर :.......................................................................

२. कहिले देखी लागू भएको हो ?

उत्तरः.........................................................................

३. कुन कुन कक्षामा लागु भएको छ ?

उत्तरः.................................................................................

४. उदार कक्षोन्नती भनेको के हो भनी बुझ्नु भएको छ ?

उत्तरः.....................................................................................

५. उदार कक्षोन्नतीमा पास फेलको निर्णय हुन्छ कि हुदैन ?

उत्तरः.....................................................................................

६. निरन्तर विद्यार्थी मूल्याङ्कन भनेको के हो ?

उत्तरः.........................................................................................

७. पास फेलका आधारमा कक्षा उकास्ने व्यवस्था र उदार कक्षोन्नतीका आधारमा कक्षा चढाउने व्यवस्था कुन ठिक छ जस्तो लाग्छ र किन ?

उत्तरः...........................................................................................

८. उदार कक्षोन्नती प्रणालीमा असहज लागेको विषय के हो ?

उत्तरः...........................................................................................

९. यदि तपाईले निरन्तर मूल्याङ्कन प्रणाली अनुसार मूल्याङ्कन गर्ने गर्नुभएको छ भने कुन कुन कुरालाई मूल्याङ्कनको आधार बनाउनुहुन्छ ?

(क) हाजिरी (ख)कक्षा सहभागिता/परियोजना कार्य

(ग) सिर्जनात्मक कार्य (घ) गृहकार्य /कक्षाकार्य

(ङ) व्यवहार परिवर्तन

१०. उदार कक्षोन्नती गर्दा सिकाइ उपलब्धि स्तरमा कस्तो असर पर्ने ठान्नुहुन्छ ?

(क) सिकाइमा प्रभावकारीता बढ्छ ।  (ख) सिकाइ स्तर खस्कन्छ ।

११. उदार कक्षोन्नती गर्दा कुन प्रक्रिया अपनाउनु उपर्युक्त हुन्छ ?

(क) निरन्तर मूल्याङ्कन प्रणाली  (ख) लिखित वा मौखिक परीक्षा  (ग) दुवै

१२. उदार कक्षोन्नतीका सकारात्मक पक्ष के के हुन ?

(क) विद्यार्थी केन्द्रित र प्रभावकारी शिक्षण हुन्छ ।

(ख) विद्यार्थी नियमित विद्यालयमा उपस्थित हुन्छन ।

(ग) कक्षा दोहोऱ्याउने र बिचैमा विद्यालय छाड्ने दर न्युन हुन्छ ।

(घ) विद्यार्थीलाई परीक्षाको सन्त्रास हुदैंन ।

१३. उदार कक्षोन्नतीबाट कक्षा चढेका विद्यार्थीहरु सिकाइमा कमजोर छन भनिन्छ नि ठिक हो ?

उत्तरः.......................................................................................

१४. उदार कक्षोन्नतीको मर्म बमोजिम कक्षा लिने व्यवस्था तपाईको विद्यालयमा छ छैन ?

उत्तरः.......................................................................................

१५. वार्षिक परीक्षा प्रणाली भन्दा उदार कक्षोन्नती नीति के कुराले भिन्न छ जस्तो लाग्छ ?

उत्तरः.......................................................................................

१६. उदार कक्षोन्नतीको क्रममा आईपरेका समस्याहरु के के छन ?

उत्तरः.......................................................................................

१७. उदार कक्षोन्नती प्रणालीका फाईदाहरु के के छन ?

उत्तरः.......................................................................................

१८.आई परेका समस्या समाधानका उपायहरु के के छन ?

उत्तरः.......................................................................................

१९. उदार कक्षोन्नती नीति लागु गर्नुपर्नाका कारण के के हुन ?

उत्तरः.......................................................................................

२०. यसको सकारात्मक प्रभाव के हो जस्तो लाग्छ ?

उत्तरः.......................................................................................

२१. यसको नकारात्मक प्रभाव के हो ?

उत्तरः.......................................................................................

२२. उदार कक्षोन्नती प्रणालीको कार्यान्वयन गराउँदाको तपाईंको अनुभव र आईपरेका

कठिनाईहरु न्यूनिकरण गर्न के कस्ता सुझावहरु दिन चाहनुहुन्छ ?

उत्तर :..........................................................................................

## अनुसुची ४ : वर्ग शिक्षकका धारणा मापनका लागि प्रश्नावली

(क) वर्ग शिक्षकको नामः.........................................................

(ख) विद्यालयको नामः...........................................................

(ग) प्रश्नावली भरेको मितिः.........................................................

(घ) शिक्षण अनुभव वर्ष :..........................(ङ) हस्ताक्षर :...............................

१. उदार कक्षोन्नतीको अभ्यास गर्नुभएको कति वर्ष भयो ?

उत्तरः.........................................................................................

२. उदार कक्षोन्नती भनेको कस्तो नीति भनी बुझ्नु भएको छ ?

उत्तरः.........................................................................................

३. उदार कक्षोन्नती प्रणालीको फाईदा के हो जस्तो लाग्छ ?

उत्तरः.........................................................................................

४. उदार कक्षोन्नती प्रणाली र वार्षिक परीक्षा प्रणालीबाट कक्षोन्नती भएका विद्यार्थी विचमा सिकाइ उपलब्धि हाँसिल गर्ने कुरामा कत्ति अन्तर पाउनु भएको छ ?

उत्तरः.........................................................................................

५. यदि तपाईले निरन्तर मूल्याङ्कन प्रणाली अनुसार मूल्याङ्कन गर्ने गर्नुभएको छ भने कुन कुन कुरालाई मूल्याङ्कनको आधार बनाउनुहुन्छ ?

(क) हाजिरी (ख)कक्षा सहभागिता/परियोजना कार्य

(ग) सिर्जनात्मक कार्य (घ) गृहकार्य /कक्षाकार्य

(ङ) व्यवहार परिवर्तन

६. कक्षा चढाउँदा उदार कक्षोन्नती गर्नु कस्तो मान्नुहुन्छ ?

(क) उपर्युक्त (ख) अनुपयुक्त

७. उदार कक्षोन्नती गर्दा कुन प्रक्रिया अपनाउनु उपर्युक्त ठान्नुहुन्छ ?

(क) निरन्तर मूल्याङ्कन प्रणाली (ख) लिखित वा मौखिक परीक्षा (ग) दुवै

८. उदार कक्षोन्नतीका सकारात्मक पक्षहरु के के हुन ?

(क) विद्यार्थी केन्द्रित र प्रभावकारी शिक्षण हुन्छ ।

(ख) विद्यार्थी नियमित विद्यालयमा उपस्थित हुन्छन ।

(ग) कक्षा दोहोऱ्याउने र छाड्ने दर न्युन हुन्छ ।

(घ) विद्यार्थीलाई परीक्षाको सन्त्रास हुदैंन ।

९. विद्यार्थीको कार्यसञ्चयिकामा के के कुरालाई समेट्ने गर्नुभएको छ ?

(क) लिखित वा मौखिक परीक्षाका विषयगत उपलब्धि स्तर ।

(ख) निरन्तर मूल्याङ्कनबाट प्राप्त विषयगत उपलब्धि ।

(ग) विद्यार्थी हाजिरी ।

(घ) विद्यार्थीको सामाजिक ,आर्थिक र पारीवारिक विवरण ।

(ङ) गृहकार्य /कक्षाकार्य ।

(च) कक्षा सहभागिता/परियोजना कार्य ।

(छ) व्यवहार परिवर्तन ।

(ज) सिर्जनात्मक कार्य ।

(झ) अतिरिक्त क्रियाकलाप ।

(ञ) अभिभावकबाट लिएका सुझावहरु ।

१०. उदार कक्षोन्नती मूल्याङ्कनमा विद्यार्थीको श्रेणी विभाजन कसरी गर्नुहुन्छ ?

(क) ७० प्रतिशत भन्दा बढी ल्याउने "क" श्रेणी ।

४० प्रतिशत देखी ६९ सम्म "ख" श्रेणी ।

४० प्रतिशत भन्दा कम "ग" श्रेणी ।

(ख) क भन्दा फरक किसिमले ।

(ग) पुरानै पद्धतिबाट ।

११. विद्यार्थीलाई कक्षा उकास्न कुन कुन मापदण्ड प्रयोग गर्नुहुन्छ ?

(क) माथिल्लो कक्षामा जाने उमेर पुगेको हुनुपर्छ ।

(ख) विद्यालय खुलेको ७० प्रतिशत हाजिर भएको हुनुपर्छ ।

(ग) प्रथम त्रैमासिकमा विशिष्ट क्षमता देखाउने बालकलाई कक्षोन्नती गर्ने ।

(घ) दोश्रो र तेश्रो त्रैमासिकमा कक्षा उकास्न नहूने ।

(ङ) ज्यादै कम उपलब्धि भएका विद्यार्थीलाई अभिभावकको परामर्शमा सोहि कक्षा दोहोऱ्याउन सकिने ।

१२. उदार कक्षोन्नती प्रणालीले विद्यार्थीको सिकाइ उपलब्धि ह्रास भएर गयो भन्छन तपाईंको विचारमा उदार कक्षोन्नती प्रणाली कस्तो लाग्छ ?

उत्तरः.........................................................................................

१३. निरन्तर मूल्याङ्कन प्रणाली र उदार कक्षोन्नती विचमा के सम्वन्ध छ जस्तो लाग्छ ?

उत्तरः.......................................................................................

१४. उदार कक्षोन्नती प्रणालीले सिकाइ उपलव्धिसँग मतलव नराखी कक्षा उकास्नु भनेको हो ?

उत्तरः.......................................................................................

१५. उदार कक्षोन्नती प्रणालीले छाडने, दोहोऱ्याउने दरमा कमी भयो भनिन्छ नी हो ?

उत्तरः.......................................................................................

१६. यस प्रणालीले एकातिर परीक्षाको सन्त्रास कम गराउने, बालबालिका विद्यालय भित्र्याउन सफल हुने, बिना दवाव सिक्ने अवसर पाउने जस्ता सकारात्मक पक्षका वारेमा टिप्पणी भएका छन भने अर्कातिर सिकाइ उपलव्धिलाई एकातिर पन्छाएर अघि बढने नीति भनिन्छ वास्तवमा तपाईको विचारमा के हो जस्तो लाग्छ ?

उत्तरः.......................................................................................

१७. उदार कक्षोन्नती प्रणाली सरकारले व्यवस्था गरे अनुसार सवै विद्यालयमा लागू भएको छ ?

उत्तरः.......................................................................................

१८. यो नीति लागू गर्दा देखापरेका समस्याहरु के के हुन ?

उत्तरः.......................................................................................

१९. ति समस्या समाधान गर्न उपायहरु के के हुन सक्छन ?

उत्तरः.......................................................................................

२०. अन्तमा उदार कक्षोन्नती प्रणालीले शिक्षण सिकाइमा कस्तो प्रभाव परेको महशुस गर्नुभएको छ ?

उत्तरः.......................................................................................

## उदार कक्षोन्नतीले शिक्षण सिकाइमा पारेको प्रभाव

## अनुसूची ५ : वि. व्य.स.अध्यक्ष र अभिभावकका लागि प्रश्नावली

१. तपाईंको बच्चाको मूल्याङ्कन के कसरी हुन्छ थाहा छ कि छैन ?

उत्तर :.......................................................................................

२. परीक्षाको परिणाम /नतिजा विद्यालयले जानकारी गराउँछ कि गराउँदैन ?

उत्तर : ..........................................................................................

३. विद्यालयले बीचबीचमा सम्पर्क गरी बच्चाको प्रगती /कमजोरी बारेमा जानकारी गराउँछ गराउँदैन ?

उत्तर : ................................................................................................

४. विद्यार्थीहरुको गृहकार्य, अनुशासन, नैतिकता, मानविय व्यवहार सम्बन्धि जानकारी लिन्छन कि लिदैंनन ?

उत्तर :...............................................................................................

५. आजभोलि परीक्षा नलिई (उदार कक्षोन्नतीबाट) कक्षा चढाईन्छ, यसबारे तपाईंलाई थाहा छ कि छैन ?

उत्तर :...............................................................................................

६. यसरी परीक्षा नलिई कक्षा चढाउनु तपाईलाई कस्तो लाग्छ ?

उत्तर :........................................................................................

७. राम्रो लाग्छ भने किन र राम्रो लाग्दैन भने किन ?

उत्तर :..................................................................................

८. उदार कक्षोन्नती गर्दा तपाईको बच्चाको पढाइमा सुधार आएको छ ?

उत्तर :...............................................................................

९. यसरी कक्षा चढाइने मूल्याङ्कनका राम्रा र नराम्रा पक्षहरु के के हुन जस्तो लाग्छ ?

उत्तर :.........................................................................................

## अनुसूची ५ : विद्यार्थीका लागी प्रश्नावली

१. उदार कक्षोन्नती भनेको के हो ?

उत्तर :.........................................

२. सबै सिकाइ उपलब्धि पुरा नगरे पनि माथिल्लो कक्षामा जानु के राम्रो हो ?

उत्तर :..................................................

३. लिखीत परीक्षाबाट पास हुने र निरन्तर मूल्याङ्कनबाट पास हुने प्रक्रिया कुन ठिक जस्तो लाग्छ ?

उत्तर :..........................................................

४. निरन्तर मूल्याङ्कन गरीरहँदा विद्यार्थीलाई पनि बोझिलो भनिन्छ नि ?

उत्तर :.................................................................

५. उदार कक्षोन्नतीको कारणले तिमीहरुको कुन कुन पक्षको विकास भएको छ जस्तोलाग्छ?

उत्तर :.....................................................

६. तिमीहरु कस्ता काम गर्दा सजाय पाउछौ ?

उत्तर :..................................................

७. तिमीहरुले आचारसंहिता बनाएका छौ कि छैनौ ?

उत्तर :....................................................

## अनुसूची ६ : वि. नि. र स्रोतव्यक्तिका समूह छलफलका लागि प्रश्नावली

१. उदार कक्षोन्नती र निरन्तर मूल्याङ्कन कार्यान्वयनको अवस्था ।

उत्तर :........................................................................

२. उदार कक्षोन्नती र निरन्तर विद्यार्थी मूल्याङ्कनले सिकाइ उपलब्धिमा पारेको प्रभाव ।

उत्तर :........................................................................

३. उदार कक्षोन्नती र निरन्तर विद्यार्थी मूल्याङ्कनका जटिलताहरु ।

उत्तर :........................................................................

४. उदार कक्षोन्नती गर्न अभिलेख राख्ने सम्बन्धमा यहाँको राय ।

उत्तर :........................................................................

५. कार्यसञ्चयिका निर्माण र प्रयोग सम्बन्धि अवस्था ।

उत्तर :........................................................................

६. उदार कक्षोन्नतीले शिक्षणमा पारेको प्रभाव ।

उत्तर :........................................................................

७. उदार कक्षोन्नतीमा विभिन्न निकाय (प्र.अ., जि.शि.का.,स्रोतकेन्द्र, वि.नि.) को भूमिका सम्बन्धमा तपाईंको राय ।

उत्तर :........................................................................

८. उदार कक्षोन्नतीका कठिनाइहरुलाई न्यूनिकरण गर्न के सुझावहरु दिन चाहानुहुन्छ ?

उत्तर:........................................................................

## अनुसूची ७ : नमुना छनौट गरिएका विद्यालय ,प्र.अ., तथा शिक्षकहरुको विवरण

| क्रसं | विद्यालयको नाम | ठेगाना | प्र.अ. | शिक्षक |
|---|---|---|---|---|
| १ | श्री नवदुर्गा प्रा.वि.हिलेछाप | पोखरे–१ | तोरणबहादुर थापा | सुर्यप्रसाद अधिकारी |
| | | | | बिष्णुकुमारी थापा |
| २ | श्री कालिका नि.मा.वि. पोखरे | पोखरे–३ | इश्वरकृष्ण घिमिरे | सिताराम भण्डारी |
| | | | | खगेन्द्रप्रकाश थापा |
| ३ | श्री सरस्वती उ.मा.वि.खानिभञ्ज्याङ्ग | पोखरे–८ | नेत्रबहादुर थापा | जानुका कार्की |
| | | | | कोषराज निरौला |

## अनुसूची ८ : नमुना विद्यालयका वि.व्य.स.अध्यक्ष तथा अभिभावकहरुको विवरण

| क्र.सं. | विद्यालयको नाम | वि.व्य.स.अध्यक्ष | अभिभावक | ठेगाना |
|---|---|---|---|---|
| १ | श्री नवदुर्गा प्रा.वि.हिलेछाप | माधव थापा | मनरथ विश्वकर्मा | पोखरे–१ |
| | | | काजीबहादुर थापा | पोखरे–१ |
| २ | श्री कालिका नि.मा.वि.पोखरे | हरीनन्द घिमिरे | नरनाथ घिमिरे | पोखरे–३ |
| | | | कोमलबहादुर श्रेष्ठ | पोखरे–४ |
| ३ | श्री सरस्वती उ.मा.वि.खानिभञ्ज्याङ्ग | राजकुमार ढुंगाना | कालीप्रसाद पराजुली | पोखरे–८ |
| | | | गणेशबहादुर ठोकर | पोखरे–९ |

# उदार कक्षोन्नतीले शिक्षण सिकाइमा पारेको प्रभाव

## अनुसूची ९ : विद्यालयलाई आमन्त्रण गरेको पत्र

श्री मान् प्रधानाध्यापक ज्यू,

श्री.........................प्रा.वि. ⁄ नि.मा.वि. ⁄ मा.वि.

विषय :– सहयोग गरिदिने बारे ।

उपरोक्त बिषयमा त्रिभुवन विश्वविद्यालय, सुकुना बहुमुखी क्याम्पस, ईन्द्रपुर मोरङ्गको शिक्षा शास्त्र संकाय अर्न्तगत शैक्षिक योजना तथा व्यवस्थापन विषय एम.एड.द्धितीय वर्षको आंशिक आवश्यक्ता पुरा गर्न **"उदार कक्षोन्नतीले शिक्षण सिकाइमा पारेको प्रभाव"** विषयमा अध्ययन गर्ने शिलशिलामा तपाईको विद्यालयमा मिति २०६८ ⁄ ⁄ गते बारका दिन आउने कार्यक्रम रहेको हुँदा त्यसदिन विद्यालयका व्यवस्थापन समिति अध्यक्ष, अभिभावक २ जनाको उपस्थिति सहित तथ्याङ्क उपलब्ध गराई सहयोग गरि दिनु हुन अनुरोध छ ।

भवदीय

.............................

बाबुकाजी थापा

अध्ययनकर्ता